# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “गङ्गाप्रसाद उप्रेतीका निबन्धमा हास्यव्यङ्ग्य” रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

## १.३ विषय परिचय

वि.सं. (२००४) सालमा तेह्रथुमको आठराई, इवामा जन्मिएका उप्रेती नेपाली साहित्यका विशिष्ट प्रतिभाका रूपमा चिरपरिचत छन् । उनले कथा, उपन्यास, निबन्ध, कविता र समालोचना जस्ता विधामा कलम चलाएको पाइन्छ । नेपाली साहित्यलाई संख्यात्मक मात्र नभई गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्ने कार्यमा जीवनपर्यन्त निरन्तर संलग्न रहने उप्रेतीको महत्त्वपूर्ण योगदान रहेको छ ।

नेपाली भाषामा एम्.ए. र कानुनमा बी.एल. गरेका उप्रेतीले विदेश भ्रमणका क्रममा चीन, श्रीलंका, थाइल्याण्ड, सिङ्गापुर, मलेसिया, इटाली र पाकिस्तान जस्ता देशहरूको जाति, भाषा र संस्कृतिका साथै प्राकृतिक स्थलहरूको रोमाञ्चक वर्णन गरेको पाइन्छ । सुरुमा पोखरी माध्यमिक विद्यालय, महेन्द्रविन्देश्वरी बहुमुखी क्याम्पस तथा विश्वभाषा क्याम्पसमा प्रध्यापन गराइसकेका उप्रेती हाल प्रज्ञा-प्रष्तिठान जस्तो गरिमामय संस्थाको उपकुलपति पदमा नियुक्त भई नेपाली भाषा र साहित्यको उत्थानका लागि तल्लिन रहेका छन् । यसका साथै उनले एस.एम. कलेज, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका अध्यक्ष तथा चीन अध्ययन केन्द्र नेपालका कोषाध्यक्ष रही सेवा दिइरहेका छन् । त्यसैगरी उनले **उत्साह** मासिक, **शृङ्खला** त्रैमासिक, **संस्कृति** त्रैमासिक र **आजको तिब्बत** त्रैमासिक पत्रिकाको सम्पादनसमेत गरेका छन् । तेह्रथुम जिल्लाको एउटा मध्यम वर्गीय परिवारमा जन्मिएका उप्रेतीले जीवनमा अनेक आरोह-अवरोह पार गर्दै उत्तरोत्तर प्रगति गर्दै आएको देखिन्छ ।

गङ्गाप्रसाद उप्रेतीको साहित्यिक यात्रा औपचारिक रूपमा वि.सं. २०२१ सालमा **रूपरेखा** पत्रिकामा छापिएको 'आजलाई दुई कविता' भन्ने शीर्षकबाट आरम्भ भएको हो । त्यसैगरी उनको निबन्धको रूपमा प्रकाशित पहिलो रचना (२०२२) सालमा **भानुपत्रिका**मा प्रकाशित 'नेपाली भाषा हाम्रा समस्या र समाधान' हो । विभिन्न पत्रपत्रिकामा निबन्धहरू प्रकाशन गरी वि.सं. २०२२ बाट आफ्नो निबन्ध यात्रा आरम्भ गरेका उप्रेतीको निबन्ध क्षेत्र निकै उर्बर देखिन्छ । उप्रेतीको विगत चार दशक लामो लेखन यात्रा नेपाली निबन्ध स्रष्टामा स्थापित भइसकेको नाम हो । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू निम्नानुसार छन् :

स्मृतिका छालमा इटाली (यात्रा संस्मरण) २०४४ ।
दृष्टिकोणका विविध बिसाउनी (समालोचना) २०४६ ।
व्यक्ति, कृति र प्रवृत्ति (समालोचना) २०५८ ।
तिब्बतमा दश दिन (यात्रा संस्मरण) २०६४ ।
नामको खोल (निबन्ध संग्रह) २०६४ ।
भाषा र संस्कृति (अनुसन्धानमूलक लेख संग्रह) २०६४ ।

माथि उल्लेखित अनुगमनबाट उनी निबन्धकार, समालोचक र सम्पादकका रूपमा परिचित देखिन्छन् ।

वि.सं. २०२५ सालदेखि हास्यव्यङ्ग्य निबन्ध यात्रा थालनी गरेका उप्रेती यसै क्षेत्रमा साधनारत हास्यव्यङ्ग्य निबन्धकार हुन् । उनी मूलतः नियात्राकार भए पनि उनका निबन्धात्मक कृतिमा प्रशस्त मात्रामा हास्यव्यङ्ग्य पाउन सकिन्छ । उप्रेतीलाई नेपाली हास्यव्यङ्ग्य निबन्ध क्षेत्रका केशवराज पिंडाली, भैरव अर्याल, रामकुमार पाँडे जस्ता हास्यव्यङ्ग्यकारसँग तुलना गर्न नसकिए तापनि समकालीन हास्यव्यङ्ग्य निबन्धकार राजेन्द्र सुवेदी, खगेन्द्र संग्रौला, घनश्याम कँडेल, मोहनराज शर्मा जस्ता हास्यव्यङ्ग्य निबन्धकारसँग तुलना गर्न सकिन्छ । उप्रेतीले पूर्ववर्तीको केही प्रभाव र आफ्नो निजीपन सहित यस क्षेत्रमा प्रशस्त योगदान दिएका छन् । यिनले हालसम्म एउटा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह र २ वटा यात्रा संस्मरण प्रकाशित गरेको पाइन्छ । प्रत्येक निबन्धकारले निबन्धात्मकशैली शिल्प र संरचनाबाट आफ्नो पहिचान कायम गर्ने प्रयास गरेका हुन्छन् । त्यस्तै नेपाली हास्यव्यङ्ग्य निबन्धमा आफ्नो विशिष्टता र विविधतामय भाषाशैलीको प्रयोग गर्दै हास्यव्यङ्ग्यलाई उच्चतामा पुऱ्याउँदै अलग पहिचान कायम गर्ने प्रतिभा हुन् गङ्गाप्रसाद उप्रेती । यिनका निबन्धहरूको नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा महत्त्वपूर्ण स्थान रहेको छ । उनका पुस्तकाकार प्रकाशित निबन्धात्मक कृतिमा हास्यव्यङ्ग्य के कसरी आएको छ भन्ने कुराको अध्ययन यस शोधपत्रमा गरिने भएकाले 'गङ्गाप्रसाद उप्रेतीका निबन्त्रमा हास्यव्यङ्ग्य' विषय स्वतः स्पष्ट रहेको छ ।

## १.४ समस्याकथन

बहुमुखी प्रतिभाका धनी गङ्गाप्रसाद उप्रेतीले साहित्यका विविध विधामा कलम चलाए पनि उनको विशेष रुचिको विधा चाहिँ निबन्ध हो । उनले निजात्मक तथा संस्मरणात्मक गरी २ किसिमका निबन्ध लेखेका छन् । नेपाली भाषा र साहित्यलाई गुणात्मक मात्र नभई संख्यात्मक रूपमा योगदान पुऱ्याउन सफल उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भइसके पनि उनका निबन्धमा पाइने हास्यव्यङ्ग्यको बारेमा अध्ययन विश्लेषण कतै भएको देखिदैन । यसै विषयसँग सम्बद्ध निम्नलिखित प्रश्नहरू नै शोधपत्रका समस्याका रूपमा रहेका छन् ।

(क) हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप के कस्तो छ ?

(ख) हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि र विकास के कस्तो छ ?

(ग) गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्रा र उनका निबन्धात्मक कृतिमा हास्यव्यङ्ग्यको स्वरूप के कस्तो रहेको छ ?

(घ) गङ्गाप्रसाद उप्रेतीका निबन्धात्मक प्रवृत्तिहरू के कस्ता रहेका छन् ?

यिनै माथि उल्लेखित समस्याहरूमा केन्द्रित रहेर त्यसको स्पष्ट र सुव्यवस्थित व्याख्या विश्लेषणका लागि प्रस्तुत शोधकार्य गर्न लागिएको हो ।

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य गङ्गाप्रसाद उप्रेतीका निबन्धात्मक कृतिको खोजी गरी तिनमा पाइने हास्यव्यङ्ग्यको अध्ययन गर्नु रहेको छ तापनि यसका मुख्य उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूपको निरूपण गर्नु ।

(ख) हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि र परम्परा केलाउनु ।

(ग) गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्रा र निबन्धात्मक कृतिमा हास्यव्यङ्ग्यको अवस्थिति निरूपण गर्नु ।

(घ) गङ्गाप्रसाद उप्रेतीका निबन्धात्मक प्रवृत्तिहरूको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

प्राध्यापकदेखि लिएर विविध ओहदाहरूमा बसी राष्ट्रको सेवा गर्नुका साथै नेपाली साहित्यको क्षेत्रलाई सफलतापूर्वक आफ्नो कार्यक्षेत्रमा समेट्ने बहुआयामिक प्रतिभा गङ्गाप्रसाद उप्रेतीका सम्बन्धमा निबन्धकार, समालोचक तथा लेखकहरूले धेरथोर मात्रामा अध्ययन गरेको पाइन्छ । उप्रेतीले नेपाली साहित्यको विकासमा

महत्त्वपूर्ण योगदान गरेको चर्चा उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा गहन अध्ययन भइसकेको छ । यिनका हालसम्म प्रकाशित निबन्धात्मक कृतिमा पाइने हास्यव्यङ्ग्यको सामान्य चर्चा गरिए पनि त्यसका बारेमा गहन अध्ययन तथा विश्लेषण भएको छैन । उप्रेतीका निबन्धात्मक कृतिको चिनारी र अध्ययनका बारेमा भएका पूर्वकार्यको समीक्षाको विवरण निम्न रूपमा प्रस्तुत गरिन्छ :

(क) रविमान लमजेल, *कोशी अञ्चलको साहित्यिक इतिहास,* (काठमाडौँ : रत्नमाया दलित साहित्य समिति, २०५०), पृ. ९ मा उप्रेतीलाई हाइस्कुलबाट अध्यापनसँगै निबन्ध क्षेत्रमा प्रवेश गर्ने सफल समीक्षात्मक लेखकको रूपमा उल्लेख गरेका छन् ।

(ख) तारानाथ शर्माले, *नेपाली साहित्यको इतिहास,* (काठमाडौँ : साझा प्रकाशन, २०५१), पृ. २४४ मा नेपाली साहित्यको क्रमिक विकासमा नियात्रालाई अगाडि बढाउने साहित्यकारको रूपमा उप्रेतीको चर्चा गरेका छन् ।

(ग) खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, *नेपाली निबन्ध,* (काठमाडौँ : नवीन प्रकाशन, २०५४), पृ. ३१ मा गङ्गाप्रसाद उप्रेतीको 'स्मृतिको छालमा इटली' (२०४४) संस्मरणात्मक अभिव्यक्ति भएको निबन्धात्मक कृति हो र वस्तुतथ्यलाई अनुभूतिमय पाराले प्रस्तुत गर्ने सफल लेखकका रूपमा चर्चा गरेका छन् ।

(घ) विष्णुप्रभात, **मधुपर्क**, (३०/४, ३३९, २०५४) *कला साहित्यमा हास्यव्यङ्ग्य शैली* शीर्षकको लेखमा गङ्गाप्रसाद उप्रेतीलाई एक हास्यव्यङ्ग्य निबन्धकारका रूपमा चर्चा गरेका छन् ।

(ङ) घटराज भट्टराई, *नेपाली लेखककोश,* (काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६), पृ. १७२-१७३ मा गङ्गाप्रसाद उप्रेतीको बारेमा यस्तो विचार अघि सारेका छन् :

गङ्गाप्रसाद उप्रेती बहुमुखी प्रतिभा भए पनि मूलतः यात्रा निबन्धमा बढी सफल छन् । इटालीको यात्रा गरेर कति फर्के सबैले यति सुन्दर अभिव्यक्ति दिएनन् भनी उप्रेतीको बारेमा चर्चा गरेका छन् ।

(च) राजेन्द्र सुवेदी, *स्रष्टा-सृष्टि : दृष्टा-दृष्टि,* (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. १७९ मा गङ्गाप्रसाद उप्रेतीका बारेमा यस्तो विचार अघि सारेका छन् :

भाषा, समालोचना र निजात्मक लेखनमा क्रियाशील रहेका उप्रेती नियात्राको संकलन 'स्मृतिका छालमा इटली' (२०४४) निबन्धका क्षेत्रमा सचेत र क्रियाशील सर्जक मान्न सकिन्छ भनेका छन् ।

(छ) ललितकुमार अधिकारी, *मोहनराज शर्माका हास्यव्यङ्ग्य निबन्धको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, २०६०) मा गङ्गाप्रसाद उप्रेतीलाई एउटा सशक्त हास्यव्यङ्ग्य निबन्धकारका रूपमा चर्चा गरेका छन् ।

(ज) रामकृष्ण सुवेदी, *गङ्गाप्रसाद उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०६२) मा गङ्गाप्रसाद उप्रेतीलाई एउटा सफल हास्यव्यङ्ग्य निबन्धकार भनी चर्चा गरेका छन् ।

(झ) राजेन्द्र सुवेदीको *केही समीक्षण केही विश्लेषण,* (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. १३६ मा उप्रेतीलाई निजात्मक निबन्धको क्षेत्रमा २०३० पछिका दशकमा कलम चलाइरहेका निबन्धकारहरू मध्येका अफ्नो प्रतिष्ठा कायम गर्न तम्सेका एक सफल निबन्धकार हुन् भनेका छन् ।

(ञ) गङ्गाप्रसाद उप्रेतीको *नामको खेल* निबन्ध सङ्ग्रह (ललितपुर : साझा प्रकाशन, २०६४) को भूमिकामा उप्रेतीलाई जीवन र जीविकाका बहुविध राम्रा-नराम्रा पक्षहरूको गहन प्रस्तुति गर्ने सफल तथा कुशल निबन्धकार भनी चर्चा गरिएको छ ।

माथि उल्लिखित सामग्रीका आधारमा उप्रेतीको निबन्धात्मक कृतिको अध्ययन भए पनि उनका निबन्धमा पाइने हास्यव्यङ्ग्यको बारेमा विस्तृत रूपमा अध्ययन विश्लेषण भएको पाइँदैन । अतः यस शोधपत्र लेखनबाट उनका पुस्तकाकार (कृतिका रूपमा) प्रकाशित निबन्धात्मक कृतिमा पाइने हास्यव्यङ्ग्यको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत शोधकार्यको अध्ययनबाट नेपाली साहित्यका क्षेत्रमा लामो समयदेखि साधनारत प्रगतिवादी साहित्यकार गङ्गाप्रसाद उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्व तथा उनका निबन्धात्मक कृतित्वको अध्ययन तथा निबन्धहरूमा प्रयुक्त हास्यव्यङ्ग्यको सामान्य चर्चा भए पनि उनका पुस्तकाकार निबन्धात्मक कृतिहरूमा प्रयुक्त हास्यव्यङ्ग्यको गहन र विस्तृत अध्ययन भएको पाइँदैन । यसका बारेमा व्यापक ढङ्गबाट अनुसन्धान गरी सही निष्कर्ष र निचोड प्रस्तुत गरिएकाले यो शोधकार्य स्वतः औचित्यपूर्ण देखिन्छ । यसका साथै उप्रेतीका निबन्धबारे थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूका लागि मार्गनिर्देश गर्न पनि प्रस्तुत शोधकार्य सहयोगी हुनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

बहुमुखी प्रतिभाका धनी गङ्गाप्रसाद उप्रेतीका प्रकाशित विविध विधाका कृतिहरू मध्ये निबन्ध विधामा केन्द्रित भएर उनका हालसम्म प्रकाशित ३ वटा पुस्तकाकार कृतिहरू 'स्मृतिको छालमा इटाली', 'तिब्बतमा दश दिन' र 'नामको खोल' शीर्षकका निबन्ध सङ्ग्रहमा पाइने हास्यव्यङ्ग्यलाई खुट्याउनु नै यस शोधकार्यको सीमाङ्कन हो ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा पुस्तकालयीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसैगरी हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा क्रियाशील विभिन्न निबन्धकारहरूको विचार पनि दिइएको छ । हास्यव्यङ्ग्य सम्बन्धी चर्चा भएका विभिन्न पुस्तकहरू र लेखहरूको पनि प्रस्तुत शोधकार्य निर्माणमा सहयोग लिइएको छ ।

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्नका लागि सङ्कलित सामग्रीलाई वर्णनात्मक एवम् विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यसका साथै उप्रेतीका निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन गर्दा समीक्षात्मक तथा व्याख्यात्मक दृष्टिकोणसमेत अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुसङ्गठित रूप दिनका लागि निम्न अनुसारको छ परिच्छेदका मूल शीर्षकमा विषयवस्तुलाई विभाजन गरी आवश्यकतानुसार उपशीर्षक समेत छुट्याएर अध्ययन गरिएको छ । यस शोधपत्रको लागि आवश्यक पर्ने छ परिच्छेद निम्नानुसार छन् :

**पहिलो परिच्छेद :** शोधपत्रको परिचय

**दोस्रो परिच्छेद :** हास्यव्यङ्ग्य सिद्धान्त

**तेस्रो परिच्छेद :** नेपाली हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि र विकास

**चौथो परिच्छेद :** गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्रा र उनका निबन्धात्मक कृतिमा हास्यव्यङ्ग्यको अध्ययन

**पाँचौँ परिच्छेद :** गङ्गाप्रसाद उप्रेतीका निबन्धात्मक प्रवृत्तिहरूको अध्ययन

**छैटौँ परिच्छेद :** उपसंहार

सन्दर्भसामग्री

# दोस्रो परिच्छेद

# हास्यव्यङ्ग्य सिद्धान्त

## २.१ हास्यव्यङ्ग्यको स्वरूप

हास्यव्यङ्ग्य मानव जातिको इतिहाससँगै आरम्भ भएर मानवजाति सँगसँगै विकसित भएको देखिन्छ । खुसीमा हाँस्नु र विस्मादमा व्यङ्ग्य गर्नु मानव जातिको स्वभाव हो । त्यसैले हास्यव्यङ्ग्य मानवको आदिम प्रवृत्ति हो जुन प्राचीन कालदेखि वर्तमानसम्म निरन्तर विकसित भएको देखिन्छ । यसमा मानिसको हर्ष, विस्माद, आँसु, हाँसो, उत्थान-पतन यावत कुराको प्रतिछाँया परेको देखिन्छ । भर्खरै जन्मिएको बच्चा खुशीले रमाउँछ र अर्काको बेखुसीप्रति व्यङ्ग्य गर्दै उसले खिसिट्युरी गर्न थाल्दछ । त्यसैले हास्यव्यङ्ग्यलाई मानवको आदिम प्रवृत्तिसँग एकाकार गरेर हेर्न सकिन्छ । मानव जातिले भाषाको ज्ञान प्राप्त गरेपछि यो अझ विकसित र विस्तारित हुन थालेको हो । त्यसपछि पठित समाजमा हास्यव्यङ्ग्यले शिष्ट रूप लिन थाल्यो । हास्य र व्यङ्ग्यले साहित्यिक रूप लिन थालेपछि यसको मात्रामा वृद्धि भएको हो । शिष्ट मर्यादित ढङ्गले कसैप्रति व्यङ्ग्य हान्नु र उसको व्यवहारप्रति खिल्ली उडाउनु मानवीय स्वभाव हो । अन्य प्राणी पनि खुसीले रमाउँछन् तर कसैप्रति व्यङ्ग्य गर्दैनन् तर सृष्टिको ज्यादै संवेदनशील प्राणी मानव भने आफूले सोचेको र खोजेको वस्तु पाउँदा रमाउने र आफूले चाहेअनुसार नहुँदा आक्रोस व्यक्त गर्दछ । यिनै मानव जीवनका अमिल्दा कुराहरूप्रति धारिलो ढङ्गले उल्लीबिल्ली पारेर मनोरञ्जन लिन थालेपछि हास्यव्यङ्ग्यले फैलिने अवसर पायो । वैज्ञानिक उन्नति, व्यक्तिगत स्वार्थ, आर्थिक असमानता, धार्मिक तथा सामाजिक आडम्बर, राजनैतिक विकृति, शोषण, अन्याय, अत्याचार जस्ता समाजविरोधी गतिविधि बढ्न थालेपछि हास्यव्यङ्ग्य एउटा धारिलो हतियारका रूपमा विश्वमानव समुदायमा विकसित र विस्तारित हुँदै प्रायः साहित्यका कथा, कविता, निबन्ध, यात्रा संस्मरण, उपन्यास जस्ता विविध विधामा तथा मानव जातिका सबै लिङ्ग र उमेरका मानिसमा उत्तिकै लोकप्रिय भएर आएको छ । पूर्वीय पाश्चात्य साहित्यिक विकासक्रमसँगै हास्यव्यङ्ग्यको विकास भएको हो ।

## २.२ हास्यव्यङ्ग्य सिद्धान्त

हास्यव्यङ्ग्य शब्द हास्य र व्यङ्ग्य नामक दुई पदहरूको समन्वयबाट बनेको हुन्छ । यिनीहरूका अलग-अलग अर्थ छन् । हास्य र व्यङ्ग्य समस्त भएपछि

हास्यव्यङ्ग्य शब्दले नयाँ अर्थ प्रस्तुत गर्दछ । हास्य र व्यङ्ग्य यी दुई शब्द संस्कृत काव्यशास्त्रमा चर्चित छन् । हास्य भनेको साहित्यका शृङ्गारादि नौरसहरू मध्येको एक हो भने व्यङ्ग्य चाहिँ व्यञ्जना धर्म हो ।[१]

हास्य र व्यङ्ग्यको संयुक्त स्वरूपका बारेमा पूर्वीय र पाश्चात्य साहित्यका चिन्तकहरूको बेग्लाबेग्लै मान्यता रहेको पाइन्छ । पश्चिममा व्यङ्ग्यलाई हास्यभित्रै राखेर हास्यको एक भेदका रूपमा लिइन्छ भने पूर्वीय समीक्षकहरू हास्य र व्यङ्ग्यको छुट्टाछुट्टै अध्ययन गरेको पाइन्छ । पूर्वमा हास्यलाई एउटा रस विशेषका रूपमा लिइन्छ भने व्यङ्ग्यलाई काव्यको आत्माका रूपमा स्वीकारिएको पाइन्छ । पूर्वीय साहित्यका चिन्तक हास्यसँग व्यङ्ग्यलाई जोडदैनन् र व्यङ्ग्यको चिन्तनका क्रममा हास्यको चर्चा पनि गर्दैनन् ।[२] हाव्यव्यङ्ग्य भन्ने समस्त शब्दको प्रयोग संस्कृत परम्पराबाट नभएर पाश्चात्य साहित्यमा प्रचलित हास्य र व्यङ्ग्यसम्बन्धी चिन्तनबाट भएको हो । हास्य र व्यङ्ग्यलाई छुट्टाछुट्टै राखेर हेर्ने वा संयुक्त रूपमा हेर्ने भन्ने कुरा साहित्य चिन्तकका लागि समस्याका रूपमा रहेको छ । हास्य र व्यङ्ग्यसम्बन्धी अनेकथरी परम्परा र प्रयोगको संज्ञा समष्टि नेपाली रूपान्तरणका रूपमा हास्यव्यङ्ग्य शब्द नेपाली साहित्यजगत्मा स्थापित हुनपुगेको हो ।[३]

## २.३ पूर्वीय साहित्यमा हास्यव्यङ्ग्य

हास्य र व्यङ्ग्यको साहित्यका क्षेत्रमा छुट्टाछुट्टै मान्यता रहेको देखाइए तापनि सबै विद्वान्हरूले साहित्यमा यी दुवै तत्त्वको अनिवार्यतालाई नकारेका छैनन् । पूर्वीय साहित्य चिन्तकहरूले हास्य र व्यङ्ग्यका बारेमा के कस्ता मतहरू अघि सारेका छन् भन्ने जानकारी पाउन हास्य र व्यङ्ग्यसम्बन्धी उनीहरूको धारणालाई छुट्टाछुट्टै रूपमा राखेर हेर्न सकिन्छ ।

### २.३.१ पूर्वीय साहित्यमा हास्य र यसका भेद

'हस' धातुमा 'य' (ण्यत) प्रत्यय लागेर हास्य शब्दको निर्माण हुन्छ ।[४] हास्यको तात्पर्य हास्न लायक वा उपहास्य भन्ने हुन्छ । हास्य मानव जीवनको अभिन्न अङ्ग हो । हास्नुलाई मानिसको जन्मजात र प्राकृतिक गुण मानिन्छ । हँसाइ

---

१ गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, चौथो संस्मरण, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५५), पृ. २७ ।

२ भरतकुमार भट्टराई, **हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप**, (अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०४४), पृ. १३४ ।

३ *ऐजन* ।

४ *ऐजन*, पृ. ९ ।

विनाको मनुष्यजीवन अत्यन्त नीरस-उदासीन र असन्तोषजनक रहन जान्छ । त्यसैले विद्वान्हरू हास्यरहित जीवनलाई विविध व्यञ्जनयुक्त भोजनमा लवणको अभावद्वारा जस्तो वेस्वाद उत्पन्न हुन्छ त्यस्तै प्रकारको बताउँछन् । जीवनमा हास्यलाई एक जीवनशक्ति, जीवन रसको परिपोषक दुःखसुख सहजता साथ झेल्न सक्ने क्षमता आदिका रूपमा हेर्ने गरिन्छ ।[५] जेहोस् हास्य मानवसुलभ गुणका रूपमा मान्छेको जन्मजात विशेषता बनेर आएको छ ।

पूर्वीय संस्कृत साहित्यशास्त्र हास्यलाई रस विशेषका रूपमा लिइएको छ । संस्कृत साहित्यमा परिकल्पित नौ रसहरू मध्येको एक रस हास्य हो । सर्वप्रथम रस विषयक शास्त्रीय चर्चा गर्ने विद्वान् संस्कृत साहित्यका आदि आचार्य भरतमुनि मानिन्छन् । उनले रस विवेचनाका क्रममा मुख्य ४ रसको स्थापना गरेका छन् ति हुन् : शृङ्गार, वीर, रौद्र र विभत्स । उनले यी ४ रसहरूबाट क्रमशः हास्य, करुण, अदभुत र भयानक रसको उपत्पत्ति हुने कुरा बताएका छन् ।[६]

भरतका उत्तरवर्ती संस्कृत साहित्य आचार्य धनञ्जय, विश्वनाथ आदिले विकृत आवाज, बोली-वचन, वेश भूषा, चेन्टा आदिद्वारा हास्यरसको आविर्भाव हुने बताएका छन् ।[७] धनञ्जयले आफ्नो वा अर्काको विचित्र वेषभूषा, चेन्टा, शब्दावली तथा कार्यकलापद्वारा हास्योत्पत्ति हुन सक्ने दर्शाएका छन् ।[८]

भारतीय विद्वान् शारदातनयले रजोगुणको लोप भई सत्वगुणको आविर्भाव भएपछि हास्य उत्पत्ति हुने यो प्रेममूलक चित्त विकृतिका रूपमा रहने बताएका छन् ।[९] त्यस्तै अर्का विद्वान् रामदहीन मिश्रले हास्य सृष्टिका निम्ति असङ्गति आवश्यक मानेका छन् भने आनन्द, आवेग, मात्सर्य, चापल्य आदि भावनाहरूको समावेश पनि हास्यमा हुने मानिएको देखिन्छ ।[१०] अभिनव गुप्तले सबै रसभावद्वारा हास्योत्पत्ति हुन सक्ने कुरा दर्शाएका छन् ।[११]

संस्कृत साहित्यमा हास्योत्पत्तिको मूल कारकका रूपमा राग र द्वेषलाई हाँसोको स्रोत मानिएको छ ।

---

[५] वरसानेलाल चतुर्वेदी, **हिन्दी साहित्य मे हास्यरस**, (नयी दिल्ली : हिन्दी साहित्य संसार, सन् १९६३), पृ. १३ ।

[६] भरतकुमार भट्टराई, *पूर्ववत्*, पृ. ९ ।

[७] *ऐजन* ।

[८] *ऐजन* ।

[९] *ऐजन*, पृ. १० ।

[१०] *ऐजन* ।

[११] *ऐजन* ।

पूर्वीय साहित्यका समीक्षकहरूले हास्यलाई विभिन्न प्रकारले वर्गीकरण गरेका छन् । जसमध्ये भरतमुनिले गरेको हास्यसम्बन्धी वर्गीकरण सर्वमान्य देखिन्छ । उनले हास्यलाई निम्न ६ प्रकारमा विभेद गरी देखाएका छन् ।

**(क) स्मित**

दाँत नदेखिने र आवाज ननिस्कने गरी हाँसिने हाँसोलाई स्मित भनिन्छ ।[१२] यो हलुका मीठो हाँसो वा मुस्कुराहट मात्र हो । यसमा मर्यादित किसिमले प्रसन्नता व्यक्त गरिन्छ र अनुहार हसिलो पारन्छ । यो उच्च कोटिको हाँसो हो ।

**(ख) हसित**

केही दाँत देखाएर निस्केको हाँसो वा मन्द हँसाइलाई हसित भनिन्छ ।[१३] यसप्रकारको हाँसोमा हास्यदशा केही प्रस्टिन खोजेको हुन्छ तर शिष्टता भने भङ्ग हुँदैन । यो पनि उत्तम कोटिको हाँसो हो ।

**(ग) विहसित**

आँखा र गाला खुम्चाई मधुर आवाज र मुखरागका साथ हाँसिने समयगत हाँसोलाई विहसित भनिन्छ ।[१४] यो मध्यम कोटिको हाँसो हो ।

**(घ) अवहसित**

अवहसितलाई उपहसित पनि भनिन्छ । नाक फुलाई छड्के आँखापारी, शिर झुकाई हाँसिने हाँसो अवहसित हो ।[१५] यसलाई मध्यम कोटिको हाँसोका रूपमा लिइन्छ ।

**(ङ) अपहसित**

विना प्रसङ्ग शिर र कुमलाई हल्लाउँदै आँखामा अलिअलि आँसु निकालेर हाँसिने हाँसोलाई अपहसति अन्तर्गत राखिन्छ ।[१६]

**(च) अतिहसित**

उत्तेजित भएर आँखाबाट आँसु खसाली आवाजलाई बेसरी खिचेर उद्धत्त ढङ्गले पेट मिचिमिचि हासिने हाँसोलाई अतिहसित भनिन्छ ।[१७]

---

[१२] गोविन्दप्रसाद भट्टराई, **भारतको नाट्यशास्त्र**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९), पृ. ३९-४० ।

[१३] *ऐजन* ।


[१४] *ऐजन* ।

[१५] *ऐजन* ।

[१६] *ऐजन* ।

यसरी उक्त ६ प्रकारका हाँसोलाई भरतले उत्तम, मध्यम र अधम गरी ३ वर्गमा विभाजन गरेका छन् । भरतको उपयुक्त वर्गीकरणलाई संस्कृत साहित्यका अभिनव गुप्त, धनञ्जय र विश्वनाथले स्वीकार गरेका छन् भने जगन्नाथले आफ्नो 'रसगङ्गाधर' मा विषयलाई देखेर उत्पन्न हुने हास्य आत्मस्थ र अर्को व्यक्ति हाँसेको देखी उत्पन्न हुने हास्य परस्थ हो भनी हास्यको वर्गीकरण गरेका छन् ।

यसरी संस्कृत साहित्यका आचार्य भरतमुनिदेखि जगन्नाथसम्मका मुख्य-मुख्य साहित्यकारहरूले आ-आफ्नै ढङ्गले हास्यको वर्गीकरण गरेका छन् तापनि भरतको वर्गीकरणलाई आधार बनाएर हास्यको वर्गीकरण गरिएको हुनाले भरतको यस वर्गीकरणलाई प्रमुख र प्रमाणिक मानिन्छ । भरतले पूर्वोक्त ६ थरी भेदलाई प्रत्येकका आत्मस्थ र परस्थ गरी जम्मा १२ प्रकारका हास्यभेदको वर्गीकरण गरेका छन् । हास्य भेदका यी १२ प्रकारलाई निम्नानुसारको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।




हास्यका उपर्युक्त वर्गीकरण नाटकीय हास्य अभिनय र हास्यस्वादसँग बढी सम्बन्धित छन् । यिनीहरूलाई शारीरिक चेष्टा, आकार, आहार्य, वेषभूषा आदि माध्यमबाट देखाइएको हुनाले यी हास्यका शारीरिक भेद जस्ता मात्र देखिन्छन् तर हाँसो चाहिँ मानिसका बाह्य अङ्गसँग भन्दा अन्तरात्मासँग बढि सम्बन्धित हुनाले यसलाई आन्तरिक मान्न सकिन्छ । यदि मानिसलाई अन्तरात्मामा चोट परेको छ भने त्यसलाई बाह्य हास्योत्पादक उपकरणले जति प्रभाव पार्न खोजेपनि हसाउने प्रयास गरे पनि ऊ हास्न सक्दैन । त्यसैले उपर्युक्त वर्गीकरण शारीरिक मात्र नभई मानसिक पनि हो भन्न सकिन्छ ।

### २.३.२ पूर्वीय साहित्यमा व्यङ्ग्य

वि+अ+य (ण्यत) मिलेर व्यङ्ग्य शब्दको निर्माण हुन्छ । यो संस्कृतको तत्सम शब्दका रूपमा नेपालीमा आएको हो । यस शब्दको अर्थ व्यक्त गर्न लायक भन्ने हुन्छ

---

[१७] *ऐजन* ।

तर संस्कृत साहित्यशास्त्रका सन्दर्भमा ध्वनिवादी मान्यतानुसार व्यङ्ग्यको तात्पर्य व्यञ्जना शक्तिद्वारा बुझाउन लायक भित्री चमत्कारी अर्थ विशेष हुन आएको छ ।[१८]

पूर्वीय साहित्यमा व्यङ्ग्यको स्थान खोज्दै जाँदा शब्दशक्तिसम्म पुग्नुपर्ने हुन्छ । आनन्दवर्द्धनको ध्वनिवादको स्थापनासँगै व्यङ्ग्यले पनि महत्त्वपूर्ण स्थान प्राप्त गर्दै आएको छ । अभिधा, लक्षणा र व्यञ्जना गरी ३ शब्दशक्ति मध्ये जसबाट व्यङ्ग्यार्थ प्रकट हुन्छ त्यस शक्तिलाई व्यञ्जना शक्ति भनिन्छ । ध्वनि भनेको व्यञ्जना शक्तिद्वारा प्रकट हुने व्यङ्ग्यार्थ हो । व्यङ्ग्यार्थलाई बुझ्नका लागि व्यञ्जना शक्तिका बारेमा जानकारी लिनु आवश्यक हुन्छ । त्यसैले यहाँ पूर्वीय साहित्यका शब्दशक्तिसम्बन्धी अभिधा, लक्षणा र व्यञ्जनाको परिचय दिइएको छ ।

**(क) अभिधा**

पूर्वीय साहित्यशास्त्रमा प्रतिपादित पहिलो शब्दशक्ति अभिधा हो । शब्दद्वारा जे भनिएको छ त्यही सोझो अर्थलाई बुझाउने शक्ति अभिधा शक्ति हो ।[१९] यसरी शब्द र अर्थको सोझो सम्बन्धलाई अभिधा शब्दशक्ति भनिन्छ ।

**(ख) लक्षणा**

पूर्वीय साहित्यशास्त्रमा प्रतिपादित दोस्रो शब्दशक्ति लक्षणा हो । अभिधाशक्तिबाट प्रकट हुने मुख्यार्थभन्दा भिन्न अर्थ प्रकट गर्नलाई लक्षणा शब्दशक्तिको सहायता लिइन्छ । मुख्यार्थलाई अर्को अर्थमा आरोप गर्नु नै लक्षणा हो ।[२०]

**(ग) व्यञ्जना**

पूर्वीय साहित्यशास्त्रमा व्यञ्जनालाई तेस्रो शब्दशक्ति मानिएको छ । अभिधा र लक्षणाबाट अभीष्ट अर्थ नबुझिएपछि अर्को तेस्रो शब्दशक्तिद्वारा अर्थ खुल्छ भने त्यस्तो शब्द शक्तिलाई व्यञ्जना शक्ति भनिन्छ ।[२१] व्यञ्जना शब्द शक्तिले अभिधा र लक्षणाले प्रकाश पार्न नसकेको अर्थलाई प्रष्ट पार्दछ । व्यञ्जना शब्द शक्ति पनि २ प्रकारको हुन्छ : शाब्दी व्यञ्जना र आर्थी व्यञ्जना । कुनै खास शब्दमा जब

---

[१८] नवीन ओली, **रामकुमार पाँडेका निबन्धमा हास्यव्यङ्ग्य**, (अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०६१), पृ. ८ ।

[१९] मोहनहिमांशु थापा, **साहित्य परिचय**, तेस्रो संस्करण, (काठमाडौँ : साझा प्रकाशन, २०४७), पृ. २२२ ।

[२०] *ऐजन* ।

[२१] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, दोस्रो संस्मरण, (काठमाडौँ : साझा प्रकाशन, २०४८), पृ. २३० ।

व्यङ्ग्यार्थ भरपर्दछ त्यसलाई शाब्दी व्यञ्जना भनिन्छ भने जब व्यङ्ग्यार्थ शब्दमा भर नपरेर अर्थमा मात्र भरपर्छ त्यसलाई आर्थी व्यञ्जना भनिन्छ ।[२२]

यसरी अभिधा र लक्षणा शक्तिका माध्यमबाट शब्दसम्बन्धी सोझो अर्थ प्रकट हुन्छ तर व्यञ्जना शक्तिद्वारा टेडो वा घुमाउरो अर्थ प्रकट हुन्छ त्यो नै व्यङ्ग्यार्थ हो ।

**निष्कर्ष**

पूर्वीय साहित्यमा हास्य र व्यङ्ग्यलाई बेग्लाबेग्लै अस्तित्वमा रहेका वस्तुका रूपमा चर्चा गरिएको पाइन्छ । हास्यलाई आनन्द दिने रस विशेष र व्यङ्ग्यलाई ध्वनिका रूपमा स्वीकार गरिएको छ । हास्यको प्रयोजन मनोरञ्जन र आनन्द दिनुलाई मानिएको छ भने व्यङ्ग्यको प्रयोजन काव्यसौन्दर्य बढाउनुलाई मानिएको छ । त्यसैले आज प्रयोग हुने हास्यव्यङ्ग्यको छेडपेच अर्थलाई पूर्वीय साहित्यले समेट्न सकेको छैन । पूर्वीय साहित्यमा व्यङ्ग्यलाई प्रभावकारी बनाउन हास्यव्यङ्ग्यले ध्वनिवादी व्यञ्जना अर्थलाई आत्मसाथ गर्नुपर्छ भन्ने मान्यतालाई स्वीकार्न सकिन्छ ।[२३]

## २.४ पाश्चात्य साहित्यमा हास्यव्यङ्ग्य

पूर्वमा हास्य र व्यङ्ग्यलाई छुट्टाछुट्टै रूपमा लिइएको छ । त्यस्तै पाश्चात्य साहित्यमा पनि हास्य र व्यङ्ग्यलाई संयुक्त रूपमा बुझाउने कुनै विशेष पारिभाषिक पदावली प्रचलित देखिदैन । पाश्चात्य साहित्यमा हास्यका लागि 'Humour' र व्यङ्ग्यका लागि 'Satire' भन्ने पदावलीको प्रयोग गरिएको पाइन्छ । पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि हास्यव्यङ्ग्यसम्बन्धी विशद्ध चर्चा गरिएको पाइन्छ । पूर्वीय साहित्यमा अरतमुनि आदि आचार्य हुन् भने पाश्चात्य साहित्यका प्रथम चिन्तक अरस्तु मानिन्छन् ।

### २.४.१ पाश्चात्य साहित्यमा हास्य र यसका भेद

पूर्वीय साहित्यशास्त्रका विद्वान्हरूले जस्तै पाश्चात्य साहित्यका विद्वान्हरूले पनि हास्यसम्बन्धी अध्ययन गरेको पाइन्छ । पश्चिमी साहित्यकारले जीवनमा हास्य वा करुण भावलाई जोड दिएका छन् । पाश्चात्य साहित्यजगत्मा हास्यसम्बन्धी चिन्तनको प्रारम्भ युनान (ग्रीस) का कला चिन्तक एरिस्टोटलदेखि भएको देखिन्छ ।

---

[२२] *ऐजन*, पृ. २३१ ।

[२३] नवीन ओली, *पूर्ववत्*, पृ. ९ ।

एरिस्टोटलपछि युरोप तथा अमेरिकाका साहित्य चिन्तकहरूले हास्यसम्बन्धी चर्चा-परिचर्चा गर्दै आएका छन् ।

पाश्चात्य साहित्यमा नाटकका क्षेत्रमा त्रासदी र कामदकिो लामो परम्परा छ । यस परम्परामा अरस्तुको कामदी वा सुखान्तको चिन्तन गर्ने क्रममा हास्यसम्बन्धी चिन्तनको आरम्भ भएको मानिन्छ भने आधुनिक मनोवैज्ञानिकहरूले समेत यसबारे चिन्तन गरेको पाइन्छ । पश्चिममा हास्यसम्बन्धी चिन्तन गर्ने विद्वान्हरूमा अरस्तु, हब्स, स्पेन्सर, बर्गसाँ, कान्ट, फ्रायड, म्याक्टुगल आदि पर्दछन् । पश्चिमी विद्वान्हरूले हास्यलाई शिष्ट र मर्यादित हाँसोका रूपमा लिएका छन् । यसमा अन्तर्निहित शिष्टता र गाम्भीर्यले गर्दा यसलाई पूर्वीय स्मित हास्यका नजिक राख्ने प्रयास गरिएको छ । कतिपय विद्वानहरूले यसलाई स्मित हास्य पनि भन्न सकिने बताएका छन् ।[२४]

सामान्यतया हास्य उत्पन्न हुने कारणहरूमा हास्यास्पद वस्तु वा व्यक्तिको दर्शन, आनन्द, अनुभूति, कुतकुती लगाउने कार्य आदि देखिन्छन् । पाश्चात्य साहित्यमा हास्यसम्बन्धी लघुतादर्शन, उत्पकर्ष, सिद्धान्त, अधोमुख, असङ्गति, यान्त्रिक प्रक्रिया, मनोवैज्ञानिक तथा शरीर वैज्ञानिक सिद्धान्त आदिको चर्चा पश्चिममा भएको पाइन्छ ।

पाश्चात्य साहित्यमा पनि पूर्वमा जस्तै हास्यका भेदहरू देखाउने प्रयास गरेको पाइन्छ । भरतकुमार भट्टराईले स्नातकोत्तर तहको आफ्नो शोधग्रन्ध "हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप" मा पश्चिमी विद्वान्हरूद्वारा गरिएको ८ प्रकारको हास्यको वर्गीकरणलाई देखाउने प्रयास गरेका छन् ।

**(क) हास्य (ह्युमर)**

मानव जीवनको उल्लासमय र सुखमय अवस्थामा स्वस्थ हृदयको स्वभाविक वा सहज उच्छलनका रूपमा अभिव्यक्त हुने हास्यलाई 'हास्य' भनिन्छ ।[२५]

**(ख) वाक्वैदग्ध्य (विट)**

शब्द तथा भाव वा विचारहरूको चमत्कारपूर्ण प्रयोग गर्ने वाक्वैदग्ध्य (विट) हो । यसको सम्बन्ध मस्तिष्कसँग हुन्छ । त्यसैले हास्यको यस्तो प्रकारलाई बौद्धिक किसिमको मानिन्छ ।[२६]

**(ग) व्यङ्ग्य (सटायर)**

---

[२४] वरसानेलाल चतुर्वेदी, *पूर्ववत्*, पृ. ३७ ।

[२५] भरतकुमार भट्टराई, *पूर्ववत्*, पृ. ४९ ।

[२६] *ऐजन*, पृ. ५० ।

कुनै पनि विषयप्रति उपहास गर्नु यसको उद्देश्य हुन्छ । यसैले हास्यलाई उपर्युक्त माध्यमका रूपमा अंगालेको हुन्छ । त्यसैले व्यङ्ग्यलाई हास्यको एकभेदका रूपमा लिइन्छ । व्यङ्ग्यद्वारा कुनै विषयवस्तुका मूर्खता, कमजोरी, दोष, दुर्वलता, असङ्गति, विसङ्गति आदिप्रति उपहास गर्दै तीव्र विरोध गरिएको हुन्छ ।[२७]

**(घ) वक्रोक्ति (आइरनी)**

वक्रोक्ति भन्नाले त्यस्तो वाङ्गो भनाइ भन्ने बुझिन्छ जसमा वक्ताद्वारा जे भनिन्छ त्योभन्दा भिन्न अर्थ स्रोतालाई ग्रहण गराउने क्षमता रहन्छ । वक्रोक्तिमा हास्य रहने हुनाले नै यसलाई हास्यको एक भेद मानिन्छ ।[२८]

**(ङ) विहास (प्यारोडी)**

कुनै पनि सर्जकका प्रख्यात सिर्जनाका शब्द, विचार वा धारणा, शैली आदिमा रहेको विशिष्टतालाई हास्यास्पद ढङ्गले अनुकरण गर्नुलाई विहास भनिन्छ ।[२९]

**(च) प्रहसन (फार्स)**

प्रहसन सुखान्तको एक प्रकार हो । यसको रचना नाटकको सम्भाषणद्वारा स्रोतालाई सामान्य, निष्कपट वा चर्को हाँसो उमार्ने हेतुले गरिन्छ । यसमा भावहरूलाई असम्भव र हास्यास्पद परिस्थितिमा राखिन्छ अनि भद्दा शारीरिक हाँसो उत्पन्न गराइन्छ ।[३०]

**(छ) अतिरञ्जना (क्यारिकेचर)**

यसले कुनै वस्तु, व्यक्ति वा परिस्थिति आदिको अनुकरण गरेर हाँसो उत्पन्न गर्दछ ।[३१]

**(ज) उपहास (कमिक)**

यसले सहानुभूतिपूर्ण हास्यको वा अन्य प्रकारको हास्यको सृष्टि गर्दछ ।[३२] पाश्चात्य साहित्यमा प्रचलित हास्यको उपर्युक्त वर्गीकरणलाई हेर्दा हास्य

---

[२७] *ऐजन,* पृ. ५४ ।

[२८] *एजेन,* पृ. ५७ ।

[२९] *ऐजन,* पृ. ६४ ।

[३०] *ऐजन,* ६७ ।

[३१] *ऐजन,* ७२ ।

[३२] *ऐजन,* पृ. ७३ ।

अभिनयसँग सम्बन्धित देखिन्छ । यिनीहरूलाई शारीरिक, मानसिक कार्यकलाप, रहनसहन तथा विशिष्ट शब्दावलीका माध्यमबाट देखाइएको हुनाले यी हास्यका भेदहरू हुन् । हास्य कुनै व्यक्तित्व वा वस्तुको दर्शन, आनन्द, कुतकुती लगाउने कार्य आदिका माध्यमबाट उत्पन्न हुन्छ । तसर्थ पाश्चात्य साहित्यमा हास्यको जनक असङ्गतिलाई वा विकृतिलाई मानिएको छ ।

### २.४.२ पाश्चात्य साहित्यमा व्यङ्ग्य

पाश्चात्य साहित्यमा व्यङ्ग्यलाई हास्यको एउटा भेदका रूपमा स्वीकार गरिएको छ । व्यङ्ग्यलाई अंग्रेजीमा 'Satire' भनिन्छ । यसको जन्म दृश्य काव्यबाट भएको हो । प्रारम्भ 'Satire' लाई ठट्टा, हाँसो र नक्कल आदिको अर्थमा प्रयोग गरियो तर पछि ‘सटायर’ को अर्थ विस्तार हुँदै आएको छ । वर्तमान समयमा ‘व्यङ्ग्य’ लाई त्यस्तो साहित्यिक कला मानिन्छ जहाँ कनै पनि विषयवस्तुलाई उपहास्य तुल्याएर प्रस्तुत गरिएको हुन्छ र त्यसप्रति मनोविनोदद्वारा तिरस्कार, क्रोध वा घृणा उत्पन्न गर्ने उद्देश्य राखिन्छ ।[३३]

पाश्चात्य साहित्यमा केही विद्वान्हरू व्यङ्ग्यलाई हास्यअन्तर्गत राखेर अध्ययन गरेको पाइए तापनि धेरै विद्वान्हरूले हास्य र व्यङ्ग्यलाई भिन्न-भिन्न रूपमा हेरेका छन् । व्यङ्ग्यका बारेमा बुझ्न पश्चिमका केही विद्वान्हरूको व्यङ्ग्यसम्बन्धी परिभाषालाई हेर्नु सान्दर्भिक देखिन्छ ।

‘अक्सफोर्ड इङ्गलिस डिक्सनरी’ मा व्यङ्ग्यको परिचय दिदै पद्यात्मक वा गद्यात्मक रचना जसमा व्यक्ति विशेषका मूर्खताहरूको हाँसो उडाइएको हुन्छ र कहिलेकाहीँ गल्तीले गर्दा यसको उपयोग व्यक्ति विशेषको मूर्खताको हाँसो उडाउनका लागि पनि हुन्छ ।[३४]

अंग्रेजी साहित्यका प्रसिद्ध व्यङ्ग्यकार स्वीटले व्यङ्ग्यलाई यसरी परिभाषित गर्छन् “व्यङ्ग्य एक प्रकारको ऐना हो जसमा हेर्नेले आफ्नो अनुहारबाहेक अरू साराको अनुहार देख्छ” भन्छन् ।[३५]

कुनै विषयप्रति हाँसो उडाउनु वा उपहास गर्नु यसको मुख्य उद्देश्य हो । यसका लागि हास्यलाई उपयुक्त माध्यमका रूपमा अंगालेको हुन्छ । व्यङ्ग्यद्वारा

---

[३३] *ऐजन,* पृ. ९० ।

[३४] *ऐजन,* पृ. ९२ ।

[३५] *ऐजन,* पृ. ९३ ।

विभिन्न व्यक्ति तथा वस्तुका मूर्खता, कमजोरी, असङ्गति-विसङ्गति आदिप्रति उपहास गर्दै तीव्र विरोध गरिएको हुन्छ । त्यसैले व्यङ्ग्यलाई विरोध प्रदर्शित गर्ने एक धारिलो हतियार मानिन्छ ।

पाश्चात्य साहित्यमा व्यङ्ग्यलाई हास्यको एक भेदअन्तर्गत राखिएकाले व्यङ्ग्यमा हास्यतत्त्व रहन्छ भन्ने कुरा स्वतः सिद्ध हुन्छ । हास्यले मानिसलाई सीधा आक्षेप नगरी हाँसोका माध्यमबाट मानिसका गल्ती, कमजोरीलाई देखाउँछ । सामाजिक असङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्छ तर त्यो प्रहार समाज सुधारमा लक्षित हुन्छ । मान्छेका बाङ्गाटिङ्गा कुराहरू र नमिलेका वस्तुहरू देखेर हास्यको उत्पत्ति हुन्छ । हास्यको मूल उद्देश्यका रूपमा हेर्दा मन मस्तिष्कलाई स्वस्थ राख्नु हो भने व्यङ्ग्यको उद्देश्य मानवीय गल्ती र कामजोरीहरूलाई उदाङ्गो पार्दै समाजसुधार गर्नु हो ।

## २.५ हास्यव्यङ्ग्यसम्बन्धी नेपाली मान्यता

पूर्वीय र पाश्चात्य साहित्यमा हास्य र व्यङ्ग्यको चिन्तनका धरातलमा हास्य र व्यङ्ग्यलाई संयुक्त रूपमा हेर्ने वा छुट्टाछुट्टै हेर्ने भन्ने २ प्रकारका दृष्टिकोण रहेको पाइन्छ । त्यसैगरी आज पनि विभिन्न भाषा साहित्यका समीक्षकहरूमा यस्तो धारणा विकसित भएको देखिन्छ ।

नेपाली साहित्यका विद्वान्हरूले पूर्वीय र पाश्चात्य सिद्धान्तको आधार लिए पनि हास्यव्यङ्ग्यको विषयमा आ-आफ्नै किसिमको मत व्यक्त गरेका छन् । नेपाली साहित्यका अधिकांश समीक्षकहरू हास्य र व्यङ्ग्यका सैद्धान्तिक चर्चामा भन्दा नेपाली साहित्यका विभिन्न विधा (कथा, कविता, निबन्ध आदि) मा हास्य र व्यङ्ग्यको प्रयोग पक्षलाई हेर्दै प्रयोगात्मक समालोचनामा नै बढी केन्द्रित रहेका देखिन्छन् । नेपाली साहित्यमा सैद्धान्तिक समालोचनाका दृष्टिले हास्य र व्यङ्ग्यको चर्चा ज्यादै न्यून भए पनि **रचना** पत्रिकाका तर्फबाट आयोजित 'हास्यव्यङ्ग्य परिचर्चा' मा सम्मिलित नेपाली साहित्यका ख्यातिप्राप्त ३ जना समालोचकहरूका हास्यव्यङ्ग्यसम्बन्धी दृष्टिकोणहरू सैद्धान्तिक दृष्टिले निकै उल्लेखनीय छन् ।[३६]

उक्त परिचर्चामा "हास्य र व्यङ्ग्य एकसाथ रहँदा सुनमा सुगन्ध हुन्छ तर यी ज्यादा फरक-फरक रहन्छन्" भन्ने दृष्टिकोण मोहनराज शर्माको रहेको छ । त्यस्तै कृष्णचन्द्रसिंह प्रधानको मत चाहिँ "हास्य र व्यङ्ग्य संयुक्त हुन्छन् तापनि व्यङ्ग्य चाहिँ अलग्गै विकार भएको मनोगत दृष्टान्त पनि छन् भन्ने रहेको छ ।" यसैगरी वासुदेव त्रिपाठीको मत चाहिँ "हास्य र व्यङ्ग्यलाई आ-आफ्नो

[३६] कृष्णचन्द्रसिंह प्रधान, मोहनराज शर्मा, वासुदेव त्रिपाठी, "हास्यव्यङ्ग्य परिचर्चा", **रचना**, (वर्ष १५, अङ्क ४, असार-साउन, २०३५), पृ. ३९-४६ ।

प्रयोजनअनुरूप स्रष्टाले प्रयोग गर्दा फरक-फरक पनि हुन सक्लान तर हास्य र व्यङ्ग्यको उत्तमता र सवलता चाहिँ यी दुवैको आनुपातिक र सन्तुलित प्रयोगमा नै झल्कन्छ भन्ने रहेको छ ।" उनका विचारमा व्यङ्ग्य शब्दले सामान्यार्थ आत्मसाथ गरेको छ भन्ने देखिन्छ । यी समालोचकहरूले आ-आफ्ना तर्क र चिन्तनलाई परिपुष्ट तुल्याउने उदाहरण समेत दिदै पूर्वीय र पाश्चात्य हास्य र व्यङ्ग्यका सैद्धान्तिक चिन्तनका आधारभूत तथ्यहरूलाई मौलिक चिन्तनका साथ प्रस्तुत गरेका छन् ।

नेपाली भाषाका अन्य केही समालोचकहरूले हास्यव्यङ्ग्यका सम्बन्धमा चर्चा गरेका छन् जसमध्ये गङ्गाप्रसाद उप्रेतीले हास्य र व्यङ्ग्यलाई छुट्टा-छुट्टै रूपमा लिदै हास्य र व्यङ्ग्य साहित्यका विधा नभएर विभिन्न विधाको माध्यमद्वारा व्यक्त हुने सामुहिक भाव व्यापार हो तसर्थ यी दुवैलाई साहित्यका सबै विधामा उत्तिकै सशक्त किसिमले प्रयोग गर्न सकिन्छ ।[३७] यसैगरी राजेन्द्र सुवेदीले हास्यव्यङ्ग्यलाई सामाजिक, सांस्कृतिक आदि अनेक तत्त्वहरूसँग सापेक्षित तर प्रतिगामी प्रवृत्तिका रूपमा बाँचेको हुन्छ । देशकाल र परिस्थिति सापेक्ष भएर मात्र हास्यव्यङ्ग्य जीवन्त रहेको हुन्छ । यसको छुट्टै रूपमा प्रयोग हुनु असम्भव छ भनी उल्लेख गरेका छन् ।[३८]

## २.६ निष्कर्ष

हास्य र व्यङ्ग्यसम्बन्धी पूर्वीय, पाश्चात्य तथा नेपाली मान्यताको अध्ययन गरी त्यसको निष्कर्षमा हामी पुग्न सकिन्छ । हास्य र व्यङ्ग्यको समष्टी रूप नै हास्यव्यङ्ग्य हो । हास्य र व्यङ्ग्य तत्त्वको न्यूनता र अधिकताले हास्यव्यङ्लाई प्रभावकारी बनाउन सक्दैन । हास्य र व्यङ्ग्यको आ-आफ्नै पहिचान भए पनि आधुनिक परिप्रेक्ष्यमा हास्यविनाको व्यङ्ग्य र व्यङ्ग्यविनाको हास्यलाई प्रभावकारी मान्न सकिदैन । यी दुवैको आधार विकृति र विसङ्गति भएकाले यिनीहरूको पारिवारिक एकता प्रष्ट हुन्छ । हास्यको उद्देश्य मनोरञ्जन दिनु हो भने व्यङ्ग्यको उद्देश्य विकृति विसङ्गतिप्रति चोटिलो छेडपेच हान्दै सामाजिक सुधारको अपेक्षा राख्नु हो । त्यस्तै विकृति र विसङ्गतिप्रति आलोचना गर्दै सङ्गतिको स्थापना गर्नु व्यङ्ग्यको वैशिष्ठ्य देखिन्छ । जब यी दुवैको उपस्थितिमा कुनै अभिव्यक्ति अगाडि आउँछ तब त्यसमा पाठकलाई हसाउँदै आलम्बनप्रति तीव्र व्यङ्ग्य गर्ने क्षमता रहन्छ । तसर्थ हास्य र व्यङ्ग्य 'एउटा सिक्काका दुई पाटा' हुन् । यी दुई मध्ये

---

[३७] गङ्गाप्रसाद उप्रेती, "हास्यव्यङ्ग्य तथा साहित्यिक विधामा तिनको निर्वाह", **दृष्टिकोणका विविध विसाउनी**, (काठमाडौं : प्रतिभा प्रकाशन, २०४६), पृ. १२०-१२९ ।

[३८] राजेन्द्र सुवेदी, **केही समीक्षण केही विश्लेषण**, (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. १३६ ।

एकको अभावमा अर्को बाँच्दैन । त्यसैले कुनै पनि साहित्यिक रचनालाई उत्कृष्ट बनाउनका लागि हास्य र व्यङ्ग्यको समन्वय हुनु आवश्यक छ ।

# तेस्रो परिच्छेद

# नेपाली हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि र विकास

## ३.१ नेपाली हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि

नेपाली सामाजिक परिवेशमा देखिएका विसङ्गत अवस्थाप्रति व्यङ्ग्य प्रहार गर्ने प्रवृत्ति परापूर्व कालदेखि नै चल्दै आएको पाइन्छ । साहित्यिक अभिव्यक्तिको सुरुवात हुनुभन्दा अगाडिदेखि नै लोकमानसमा मौखिक रूपमा हास्यव्यङ्ग्यको प्रयोग भएको देखिन्छ । ग्रामीण जीवनमा मेलापात गर्न जाँदा होस् वा पँधेरीमा पानी भर्ने समयमा होस् गाउँका साथीसङ्गीहरू एकआपसमा कुरा गर्दै हास्ने गर्छन्, रमाउने गर्छन् वा कसैका क्रियाकलापलाई चियोचर्चा गर्ने नेपालीहरूको बानी व्यवहारमा पनि हास्यव्यङ्ग्यको स्वरूप भेटिन्छ । नेपाली लोकसंस्कृतिसँग जोडिएर आएको गाउँले जीवनमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आउने लोक साहित्यका कथा, गाथा, नाटक, उखानटुक्का जस्ता विधाहरू मार्फत हास्यव्यङ्ग्य अघि बढेको छ ।

नेपाली साहित्य सिर्जनाले आजसम्म आइपुग्दा अढाई शतक लामो समय पार गरिसकेको छ । सुवानन्ददासबाट थालिएको सिर्जनात्मक लेखन विभिन्न विधा र शैलीको उपयोग गर्दै यहाँसम्म आइपुगेको छ । हास्यव्यङ्व्य रचना पनि सिर्जनात्मक लेखन सँगसँगै आंशिक रूपमा प्रयोग हुँदै आएको पाइन्छ । सुवानन्ददासको ‘पृथ्वीनारायण’ नामक कवितामा भएको ‘नाम रह्या गजानि धरम तरा भरले ते’ नामक पङ्क्तिलाई व्यङ्ग्यको प्रथम उदाहरण मानेको देखिन्छ ।[३९] शक्तिवल्लभ अर्ज्यालले वि.सं. १८५५ मा रचना गरेको सोही सालको आसपासमा नेपालीमा अनुवाद गरेको ‘हास्यकदम्ब’ नामक नाट्यात्मक कृतिमा व्यङ्ग्यात्मक अभिव्यक्तिहरूको छनक पाइन्छ ।

प्राथमिक कालका वीरकालीन कविताहरू प्रायः नेपाल र अङ्ग्रेजको युद्धको समयमा राष्ट्रप्रेमका लागि लेखिएका छन् । यस्ता कविताहरूमा शक्तिवल्लभ अर्ज्यालको ‘तनहुँ भकुण्डो’, राधावल्लभ अर्ज्यालको ‘साढ्याको कवित’, गुमानी पन्तको ‘धन्य गोर्खाली राजा’ आदि पर्दछन् । यी कविताहरूमा व्यङ्ग्यात्मक सङ्केतका केही झिल्काहरू भेटिन्छन् ।

---

[३९] कृष्णचन्द्रसिंह प्रधान, “नेपाली साहित्यमा हास्यव्यङ्ग्य प्राप्ति र पर्यवेक्षण”, **मधुपर्क**, (वर्ष ३०, अङ्क ४, २०६४ भदौ), पृ. ५ ।

नेपाल र अङ्ग्रेजको युद्धको समाप्तिसँगै भएको सुगौली सन्धिले उत्साहपूर्ण अभिव्यक्तिमा प्रभाव पारेपछि कविहरू भक्तिभावतर्फ बढी आकर्षित भएको पाइन्छ । भक्तिधाराका केन्द्रीय प्रतिभाका रूपमा भानुभक्त आचार्य देखिएका छन् । उनले रचेको 'बिन्ती डिट्ठा विचारीसित......' 'रोजरोज दर्शन पाउँछु......' 'गजाधर सोतीकी ........., जागिर छैन ......' जस्ता रचना मार्फत हास्यव्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् । भानुभक्तले विनोदपूर्ण शैली, शालीन, स्वच्छ र परिहासयुक्त व्यङ्ग्यको प्रयोग गरी हास्यव्यङ्ग्यलाई गति दिएको देखिन्छ ।[४०] भक्तिधाराअन्तर्गत निर्गुण परम्पराका कवि सन्त ज्ञानदिलदासका कविता, गीत तथा भजनहरूमा पनि हास्यव्यङ्ग्यात्मक अभिव्यक्ति पाइन्छ ।

प्राथमिक कालमा गद्यात्मक सिर्जनाले पनि हास्य र व्यङ्ग्यका केही अभिव्यक्तिहरू दिएका छन्, जसअन्तर्गत शक्तिवल्लभ अर्ज्यालको 'हास्यकादम्ब' (१८५५) का बारेमा थोरै चर्चा माथि नै गरिसकिएको छ । पृथ्वीनारायण शाहको निबन्धात्मक कृति **दिव्योपदेश**मा पनि अनायासै प्राप्त हुने व्यङ्ग्यतत्त्व भेटिन्छ ।[४१] जे.ए. एटनको नेपाली भाषाको व्याकरणमा छापिएको 'तीन आहान' शीर्षकका तीनवटा किस्सामा पनि व्यङ्ग्य स्पष्ट देखिन्छ, त्यस्तै हास्यको अंश पनि पाइन्छ ।[४२] यस कालका उपर्युक्त रचनाहरूले हास्यव्यङ्ग्यलाई अघि बढाउन सहयोग गरेका छन् ।

नेपाली साहित्यको माध्यमिक काल शृङ्गार युगका नामले चिनिन्छ । त्यति बेलाका स्रष्टाहरूका रचनामा हास्य मिश्रित व्यङ्ग्यको स्वरूप भेटिन्छ । यिनीहरूले निजी पद्धतिका साथै अन्तर्राष्ट्रिय क्षेत्रसम्मका विसङ्गत अवस्थालाई हास्यव्यङ्ग्य मार्फत देखाएका छन् । त्यस समयका रचनामा मोतीराम भट्टका 'प्रशंसापत्र', 'भ्याल्यामपारि पश्चताम' लक्ष्मीदत्त पन्तको 'नानी कसरी भनूँ', कृष्णप्रसाद रेग्मीको 'कुखुरा कराए', रेवतीरमण उपाध्यायको 'भकभके गन्थन', गोपीनाथ लोहनीको 'कउन हो धर्म योगीको ?', पहलमानसिंह स्वारका 'लोभी पण्डित', 'दाह्री पण्डित', 'मूर्ख स्रोता', शिखरनाथ सुवेदीको 'गयाका पण्डा' आदि पर्दछन् । यसै समयमा शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल जस्ता स्रष्टाहरूले पनि हास्यव्यङ्ग्यात्मक सिर्जनामा चासो देखाएका छन् । वनारसबाट निस्कने **सुन्दरी** (१९६३) पत्रिकामा प्रकाशित सोमनाथ सिग्द्यालको 'अपूर्ण प्रहसन', 'दगम्बर विवाह'

---

[४०] *ऐजन*।

[४१] राजेन्द्र सुवेदी र हीरामणि शर्मा (सम्पा.), **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, (काठमाडौँ : साझा प्रकाशन, २०४७), पृ. ध ।

[४२] गणेश भण्डारी, "नेपाली हास्यव्यङ्ग्यात्मक साहित्यको उठान", **मधुपर्क**, (वर्ष २७, अङ्क ११, २०५१ चैत्र), पृ. ५६ ।

ले हास्यव्यङ्ग्यलाई प्रहसनमा पहिलो पटक उत्तायो भन्ने ठम्याई पाइन्छ ।[४३] यही अवधिका 'सङ्गीत चन्द्रोदय', 'कविता कल्पद्रुम', 'शिखरनाथ काव्य', 'सूक्तिसिन्धु', 'विवाह लिला' आदिमा हास्यव्यङ्ग्यका केही कविताहरू देखिन्छन् ।

माध्यमिक कालसम्मका सिर्जनामा विभिन्न विधामार्फत हास्यव्यङ्ग्यात्मक अभिव्यक्तिहरू अभिव्यक्त हुँदै आएको भए पनि निबन्धले नै छुट्टै रूपमा हास्य व्यङ्ग्यात्मक शैलीलाई भने अपनाएको थिएन । यस्तो अवस्था वि.सं. (१९८२/८३) सम्म रहेको पाइन्छ । वि.सं. १९८३ पछि भने भारतीय पत्रपत्रिकाहरूमा नेपाली हास्यव्यङ्ग्य निबन्धहरू देखिन थाले । यसैले हास्यव्यङ्ग्य निबन्धको सुरुवात हुनुभन्दा अगाडिको समयलाई यहाँ पृष्ठभूमिका रूपमा राखिएको हो ।

## ३.२ नेपाली हास्यव्यङ्ग्य निबन्धको विकास

वि.सं. १९८२/८३ मा भारतीय भूमिबाट लेखनको सुरुवात भएको नेपाली हास्यव्यङ्ग्य निबन्धले अहिलेसम्म धेरै वर्षहरू पार गरिसकेको छ । कविता, कथा, नाटक जसता विधाहरूमा प्रवेश पाएभन्दा पछि हास्यव्यङ्ग्य निबन्धले राजनैतिक, सामाजिक, सांस्कृतिक परिवर्तनसँगै आधुनिकताको विकाससँगै परिवर्तित अवस्थामा तत्कालीन प्रवृत्तिमाथि व्यङ्ग्य गर्दै आएको पाइन्छ । यसैले सोलोडोलो रूपमा निबन्धको अध्ययन गर्नुभन्दा पृथक प्रवृत्तिका सन्दर्भलाई चरणगत रूपमा विश्लेषण गर्नु उपर्युक्त देखिन्छ । हास्यव्यङ्ग्यको विशेष अध्ययनकर्ताहरूले आ-आफ्नै दृष्टिकोण प्रस्तुत गर्दै चरणगत रूपमा यसको अध्ययन गरेको पाइन्छ । अध्ययनकर्ताहरू हास्यव्यङ्ग्यको चर्चा गर्दा विशेषतः निबन्धमा मात्र सीमित नभई सम्पूर्ण विधाहरूमा आधारित भएका छन् । साहित्यलाई सामाजिक, आर्थिक, राजनैतिक पक्षहरूले निकै प्रभाव पारिरहेका हुन्छन् । यस्ता पक्षहरूको प्रभावले साहित्य एक मोडबाट अर्को मोडतर्फ अघि बढ्छ । यहाँ साहित्यिक अभिव्यक्तिमा पारेको प्रभावबाट परिवर्तित शैली, शिल्प तथा प्रवृत्तिहरूको आँकलन गर्दै नेपाली हास्यव्यङ्ग्य निबन्धको चरणविभाजन यसप्रकार गरिएको छ ।

(१) पहिलो चरण (सुरुदेखि - १९९१ सम्म)

(२) दोस्रो चरण (वि.सं. १९९२ - २०१६ सम्म)

(३) तेस्रो चरण (वि.सं. २०१७ - २०४६ सम्म)

(४) चौथो चरण (वि.सं. २०४६ - यता)

---

[४३] नरनाथ लुइँटेल, **नेपाली हास्यव्यङ्ग्य**, (काठमाडौं : सिस्नोपानी नेपाल, २०५८), पृ. ५६ ।

### (१) पहिलो चरण (सुरुदेखि – १९९१ सम्म)

नेपाली हास्यव्यङ्ग्य निबन्धको पहिलो चरण वि.सं. १९८३ देखि १९९१ सम्म विस्तारित भएको देखिन्छ । यस समयमा भारतीय पत्रिकाहरूले हास्यव्यङ्ग्य निबन्धहरू प्रकाशित गरेका छन् । यस चरणमा देहरादुनबाट प्रकाशित हुने 'गोर्खा संसार' (१९८३) पत्रिकाले महत्त्वपूर्ण योगदान दिएको छ । यसमा प्रकाशित वेदनिधि शर्माको 'जातीय रोगको अचूक औषधी' तथा विद्यापतिका 'तरुणी औं तरुण कुन्न छन्' र 'उन्नतिका आवश्यक अङ्ग' जस्ता निबन्धहरू सुरुवातमै सशक्त देखिन्छन् । वेदनिधि शर्माको निबन्धमा हास्य र व्यङ्ग्य दुवैको प्रयोग पाइन्छ भने विद्यापतिका निबन्धहरू देहरादुनेही भाषिकाको प्रयोग भएको प्रारम्भिककालीन महत्त्वपूर्ण रचना मानिन्छन् ।[४४] हास्यव्यङ्ग्य निबन्धलेखनको सुरुवात गरेर यसलाई गति प्रदान गर्न यी निबन्धको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

### (२) दोस्रो चरण (वि.सं. १९९२–२०१६ सम्म)

**शारदा** पत्रिको प्रकाशनसँग यस चरणको सुरुवात हुन्छ । शारदा (१/३, ४, १९९२) मा भुँडेपण्डितजि, गफशास्त्री, व्यङ्ग्यातीर्थ, हास्याचार्य आदि नाम प्रयोग गरेर प्रकाशित 'पण्डितजीको चिठ्ठ' ले हास्यव्यङ्ग्यलाई उठाउन सहयोग गरेको छ । सम्पादकका नाममा लेखिएको चिठीको स्वरूप प्राप्त यो निबन्ध सम्बोधनात्मक पत्रात्मक शैलमिा छ । यसैगरी **शारदा** (१/६, ७, ८, ९, १९९२) मा नै प्रकाशित भएको सिलवाल पण्डितको 'वेदान्त विवादको मिसिल' ब्रह्माण्ड जिल्लाका प्राइभेट तवरसँग डुलफिर गरी विचार गर्ने क्रममा रहेका साक्षी अर्थात भित्री पुलिस देहायका १२ सरदार समालोचक ठाना कचहरमिा लेखिदिएको जाहेरीलाई व्यङ्ग्यको विषय बनाइएको छ । यसमा जीवनको बयान, मनको बयान, विवेकको बयान, अहङ्कारको बयान आदि उपशीर्षक दिई बयानलाई सवालजवाफमा प्रस्तुत गरिएको छ । यस चरणमा देखापरेका हरिनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान, लक्ष्मीप्रसाद देवकोटा, गणेशमान सिंह, वासुदेव शर्मा लुइँटेल आदि स्रष्टाका निबन्धमा हास्यव्यङ्ग्यको प्रबलता पाइन्छ । यस चरणदेखि नै देखापरेका वासुदेव शर्मा लुइँटेल जीवनभर (वि.सं. २०६२ सम्म) हास्यव्यङ्ग्य निबन्धको श्रीवृद्धिमा दत्तचित्त भई लागेका देखिन्छन् । भूतको भिनाजु उपनामले चिनिने लुइँटेलको 'भूत छैन' नामक हास्यव्यङ्ग्य निबन्ध वि.सं. २००६ मै प्रकाशित भएको देखिन्छ । केशवराज पिंडालीको 'खै-खै' निबन्ध सङ्ग्रह प्रकाशित हुनुभन्दा अगाडि नै **शारदा** पत्रिकामा

---

[४४] प्रमोद प्रधान, "नेपाली हास्यव्यङ्ग्य निबन्ध इतिहासदेखि वर्तमानसम्म", **मधुपर्क**, (वर्ष ४०, अङ्क १, २०६४), पृ. ६ ।

'आधुनिक पत्नी' 'यो हो चन्द्रज्योति', 'बाघ बजारको बाटो' जस्ता हास्यव्यङ्ग्यात्मक निबन्धहरू प्रकाशित भएका थिए । यस्तै लक्ष्मीप्रसाद देवकोटाका 'कविराजको च्याङ्ग्रे खच्चर' (२००२), कृष्णप्रसाद चापागाइँको 'हजामदाई' (१९९८), 'खँदालबाडो' (२००२), सिद्धिचरण श्रेष्ठका 'टाङ्टाङ् टुङ्टुङ्', 'कटकानन्द काकालाई' जस्ता निबन्धले यस क्षेत्रलाई अघि बढाउन सहयोग गरेका छन् ।

राणाकालमा शासकहरूको भय, भौगोलिक विकटता प्रकाशनको कठिनाइ आदि कारणले हास्यव्यङ्ग्यलाई प्रभाव पारेको भए पनि धेरैजसो हास्यव्यङ्ग्यकारहरूले देखाएको निर्भिकता र लगनशीलतालाई प्रशंसा गर्नुपर्छ ।[४५] यी रचनाले शब्दबाट प्रष्फुटित हाँसोलाई पार गर्दै विचारद्वारा निर्मित प्रतिष्ठालाई प्राप्त गर्ने वातावरण दिएका छन् । यी निबन्धहरू सामूहिक नभएर व्यक्तिगत, समष्टि नभएर व्यक्ति परिवेशमा निर्मित र हास्यव्यङ्ग्यमा मात्र सीमित देखिन्छन् ।[४६]

वि.सं. २००७ सालमा प्रजातन्त्रको वहाली भएपछि देशले एकसय चारवर्षे निरङ्कुश जहानियाँ राणाशासनबाट उन्मुक्ति पायो । यही मुक्तिसँग स्रष्टाहरूका अभिव्यक्ति पनि क्रमशः मुक्त हुँदै गए । यहाँ आइपुगेपछि निबन्धकारहरूले मनोरञ्जन र मनोविनोदमा मात्र सीमित नभई राजनैतिक, सामाजिक, सांस्कृतिक विसङ्गतिका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा देखिएका विसङ्गतिजन्य कमजोरीतर्फ समेत व्यङ्ग्य प्रहार गर्न थाले ।[४७] लेखन तथा प्रकाशनको अनुकूलताले पत्र-पत्रिकामा हास्यव्यङ्ग्य स्तम्भहरूको व्यवस्था हुन थाल्यो । **हाल खबर**मा 'हास्नु हुन्छ भने' **नयाँ समाज**मा 'बाँउठे बाजेको चिठी', **नेपाल समाचार**मा 'यो हो उपत्यका', **गोरखापत्र**मा 'जुँगे दाइको चिठी', **व्यङ्ग्य विनोद साप्ताहिक समाचार**मा 'तितोमिठो' 'झर्रोटर्रो' जस्ता हास्यव्यङ्ग्य स्तम्भहरूमा धेरै हास्यव्यङ्ग्य निबन्धहरू प्रकाशन भए । **नयाँ समाज** पत्रिकाले हरेक वर्ष हास्यव्यङ्ग्य गाईजात्रा अङ्क प्रकाशित गर्न थाल्यो भने **रचना** र **अर्पण** जस्ता पत्रिकाले व्यङ्ग्य विशेषाङ्क निकालेर यस क्षेत्रलाई अझ अगाडि बढाउन सहयोग गरे । यस चरणमा प्रकाशित पुस्तकाकार कृतिहरूमा कृष्णप्रसाद चापागाईंको 'रसभरी चमचम', हृदयचन्द्रसिंह प्रधान 'जुँगा', रुद्रराज पाण्डे 'नेपाल आजाद सङ्घ', लीलाध्वज थापा 'दाह्री' (२००९) केशवलाल कर्माचार्य 'महिला सङ्घको आमसभा' (२०१०) आदि पर्दछन् ।

---

[४५] भाउपन्थी (सम्पा.) **आधुनिक नेपाली हास्यव्यङ्ग्य**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६०), पृ. ७ ।

[४६] राजेन्द्र सुवेदी र हीरामणि शर्मा, *पूर्ववत्*, पृ. म ।

[४७] *ऐजन* ।

यस चरणका हास्यव्यङ्ग्य निबन्धहरू निराशा तथा पलायनका भावहरू र आक्रोश तथा प्रतिशोधका घेरा तोड्दै जीवन-समाज र परिवेशका समष्टी वातावरणलाई विम्बात्मक तथा प्रतीकात्मक ढङ्गबाट व्यङ्ग्य गर्न सक्षम देखिन्छन् । व्यक्तिले आफ्नो जीवन भोगाइका क्रममा भोग्नुपरेका कुण्ठा र नैराश्यबाट उत्पन्न हुने विसङ्गतिको जरो उखेलेर फ्याँक्नै यस चरणका हास्यव्यङ्ग्य निबन्धहरू प्रयत्नशील देखिन्छन् । निरङ्कुशताको जन्जिरबाट मुक्त भएर स्वतन्त्रतापूर्वक लेखनीलाई अगाडि बढाउने अवसर पाएपछि हास्यव्यङ्ग्य निबन्धकारहरूले सरकार तथा शासन सत्ताका हिमायतीका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका धार्मिक, सांस्कृतिक, राजनैतिक प्रभावबाट उत्पन्न विसङ्गतिका पक्षमाथि व्यङ्ग्य गरेका छन् ।[४८] यहाँसम्म आइपुग्दा हास्यव्यङ्ग्य निबन्धले एउटा गतिलो आधारशीला निर्माण गरेका छन् ।

### (३) तेस्रो चरण (वि.सं. २०१७ – २०४६ सम्म)

नेपाली हास्यव्यङ्ग्य निबन्धको यो तेस्रो चरणको प्रारम्भ केशवराज पिंडालीको 'खै-खै' (२०१७) कृतिबाट भएको मानिएको छ ।[४९] यसको विस्तार २०४६ सम्म पुगेको छ । नेपाली हास्यव्यङ्ग्य निबन्धको सबैभन्दा उर्बर अवधि यसै चरणलाई मान्नुपर्छ । यही चरणका निबन्धकारहरू आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा जीवन्त बनेर उपस्थित भइरहेका छन् । यस चराण्मा उदाएका निबन्धकारहरूले पञ्चायती व्यवस्थको एकतन्त्रीय शासनका बाधा व्यवधानहरूको पर्वाह नगरी राष्ट्रका विभिन्न पक्षमा देखापरेका विसङ्गतिका दुर्गन्धलाई नष्ट गर्न हास्यव्यङ्ग्य निबन्धकारहरू सक्षम बनेका देखिन्छन् । सीमित लेखक र सामान्य हास्यव्यङ्ग्य लेखनको स्थितिबाट यस अवधिको प्रारम्भसँगै नेपाली हास्यव्यङ्ग्य निबन्धहरूले एउटा फराकिलो मार्ग पहिल्याउनुका साथै विषयगत र शैलीगत विविधतासहित अघि बढ्ने अवसर पाएको देखिन्छ ।[५०] यस चरणको सुरुआतमै भैरव अर्याल सशक्त रूपमा देखापर्छन् । हास्यव्यङ्ग्यको उन्नत विकासमा अर्यालको महत्त्वपूर्ण भूमिका रहेको छ । यस चरणमा देखापरेका उल्लेख्य हास्यव्यङ्ग्य निबन्धकारहरूमा केशवराज पिंडाली, भैरव अर्याल, श्रीधर खनाल, वासुदेव शर्मा, नरनाथ लुइँटेल, रामकुमार पाँडे, रुद्र खरेल, खगेन्द्र संग्रौला, चोलेश्वर शर्मा आदि देखापर्छन् ।

यस समयका हास्यव्यङ्ग्य निबन्धकारले व्यक्तिगत कमजोरीबाट समाजलाई पर्न गएको नकारात्मक प्रभावप्रति व्यङ्ग्य गरेका छन् । राजनीतिमा देखिएको

---

[४८] *ऐजन,* पृ. य ।

[४९] नरनाथ लुइँटेल, *पूर्ववत्,* पृ. ६३ ।

[५०] प्रमोद प्रधान, *पूर्ववत्,* पृ. ९ ।

खिचातानी, आर्थिक असमानता, आधुनिकताका नामका देखिएका होडवाजी जस्ता प्रवृत्तिप्रति पनि यस चरणका निबन्धले कटाक्ष प्रहार गरेको पाइन्छ । यसै सयमा विभिन्न कार्यक्रम र गोष्ठीहरूको आयोजना गरेर हास्यव्यङ्ग्य निबन्ध रचनातर्फ स्रष्टाहरूलाई बढी आकर्षित गरियो । यसैबेला स्थापित कौवा प्रकाशनले हास्यव्यङ्ग्यको श्रीवृद्धिमा अहम भूमिका निर्वाह गरेको पाइन्छ । भैरव अर्याल र वासुदेव लुइँटेलले आफ्नो श्रम र सीप खर्चेर हास्य र व्यङ्ग्यलाई अग्रगति तर्फ डोऱ्याउन उल्लेखनीय कार्य गरेको देखिन्छ ।

**(४) चौथो चरण (वि.सं. २०४६ देखि यता)**

वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि देशमा नयाँ सोच र चाहनाहरूको उदय भयो । प्रजातान्त्रिक प्रक्रियामा आएपछि स्वतन्त्र जीवनको सुरुवात हुन्छ । स्वतन्त्रताले गर्दा नै हास्यव्यङ्ग्य निबन्धकारहरूले हरेक क्षेत्रमा व्याप्त असामान्य अवस्थालाई पाठक सामु ल्याउन खुला वातावरण पाए । यसले गर्दा उनीहरूको शैली, शिल्पमा समेत परिवर्तन आयो । यस समयमा हास्य र व्यङ्ग्यको प्रभाव बढी हुनथालेको देखिन्छ र यसले राष्ट्रिय समस्याका रूपमा प्रकट भएका नवीन सवाल एवम् सन्दर्भहरूलाई बौद्धिक ढङ्गले गम्भीर तवरमा व्यङ्ग्यात्मक प्रहार गरेको पाइन्छ । यसै समयका निबन्धकारहरूले न्यायालयको गिर्दो अवस्था, धार्मिक आडम्बरी चरित्र, खस्कँदो मानव अधिकार आदि राष्ट्रिय अन्तर्राष्ट्रिय विसङ्गतिप्रति व्यङ्ग्य गरेको देखिन्छ । हास्यव्यङ्ग्यकारहरू स्वतन्त्रताले गर्दा खुला रूपमा व्यङ्ग्यको प्रयोग गर्न समेत थालेका देखिन्छन् भने बढी स्वाधीनताको उपयोगबाट कतिपय हास्यव्यङ्ग्य रचनामा साहित्यिक धर्म नै घेटेको देखिन्छ ।

यस चरणमा कतिपय निबन्धकारहरू अघिल्लो चरणबाट कृतिहरू प्रकाशित गरेर निरन्तरता दिने देखिन्छन् । यस्ता निबन्धकारहरूमा कृष्णचन्द्रसिंह प्रधान, श्रीधर खनाल, मोहनराज शर्मा, रामकुमार पाँडे, विमल निभा आदि पर्दछन् । यस्तै कतिपय सर्जकहरू भने नवीन विचार र मान्यताका साथ यस चरणको सुरुवातसँग देखापरेका छन् । यस्ता निबन्धकारहरू रुद्र खरेल, खगेन्द्र संग्रौला, राजेन्द्र सुवेदी, खगेन्द्रप्रसाद लुइँटेल, गङ्गाप्रसाद उप्रेती, नारायण ढकाल, सुधा त्रिपाठी, मनोज गजुरेल आदि पर्दछन् । यस समयमा समस्या तथा विसङ्गतिको आधारभूत तहसम्म नै पुगेर मनोरञ्जनात्मक ढङ्गबाट प्रहार गर्ने र तत्कालीन विसङ्गतिका नायकहरूका नालायक प्रवृत्तिको पर्दाफास गर्नका निम्ति व्यङ्ग्यको बारुद पड्काउने सत्कर्ममा हास्यव्यङ्ग्य निबन्धकारहरू जागरुक ढङ्गले जुटिरहेका देखिन्छन् ।

## ३.३ निष्कर्ष

नेपाली साहित्यमा हास्यव्यङ्ग्य निबन्धले अहिलेसम्म आफ्नो छुट्टै पहिचान बनाइसकेको छ । यसले सुरुदेखि नै समाज, क्षेत्र, देश, विदेशदेखि लिएर मानव जीवनका कतिपय विकृति र विसङ्गतिलाई समेत हास्यात्मक अवस्थाबाटै व्यङ्ग्य प्रहार गर्दै आइरहेको छ । राजनीतिक विसङ्गतिका पाटाहरू सामाजिक वेथितिका दुर्गन्धहरू, धार्मिक आडम्बरका कुचक्रहरू, जातीय विभेदका साङ्लाहरू, सांस्कृतिक चाडपर्वका नाममा भित्रिएका रुढीहरू, आर्थिक असमान्ताका कारण उत्पन्न शोषक र शोषित वर्गबीचको असमाञ्जस्यपूर्ण परिस्थिति, प्रशासनिक क्षेत्रमा देखिएका दुषित क्रियाकलाप, शैक्षिक क्षेत्रको व्यापारीकरण साहित्यका क्षेत्रमा देखापरेका व्यभिचार जस्ता विकृतिजन्य कार्यमाथि आक्रोसपूर्ण व्यङ्ग्य गर्न यस समयका समसामयिक हास्यव्यङ्ग्य निबन्धहरू सक्षम बनेका छन् । व्यङ्ग्यात्मक प्रस्तुतिले विभिन्न पक्षका गतिविधिलाई सुधार केन्द्री बनाएको छ ।

२०४६ पछिका नेपाली हास्यव्यङ्ग्यात्मक निबन्धहरूले विशेषतः समसामयिक विसङ्गति तथा रुढिप्रति कडा व्यङ्ग्य प्रहार गरेका छन् । प्रजातन्त्रका नाममा भएको राजनीतिको दुरूपयोग, ह्रासोन्मुख शिक्षानीति तथा शिक्षामा हुने व्यापारीकरण धार्मिक अन्धताबाट सिर्जित सामाजिक संस्कार, संकटकालीन समयको सङ्कट, स्वास्थ्य क्षेत्रको मनपरितन्त्र, बालश्रम, बालशोषण, अस्थास्थ न्यायप्रणाली, अप्रभावकारी मानवअधिकार आदि विषयलाई ग्रहण गर्दै निबन्धकारले सुधारको अपेक्षासहित व्यङ्ग्य गरेका छन् ।

हास्यव्यङ्ग्य निबन्धले समाजका दुषित विचारहरूलाई पन्छाउँदै पुरातनदेखि चलिआएका रुढिगत कुरीतिहरूप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको अपेक्षा गरेको हुन्छ । यसै परम्परालाई आत्मसात गर्दै हास्यव्यङ्ग्य परम्पराको चौथो चरणका एक चर्चित हास्यव्यङ्ग्यकारका रूपमा गङ्गाप्रसाद उप्रेतीलाई लिन सकिन्छ । उनका निबन्धात्मक कृतिको अध्ययन गरी त्यसमा पाइने हास्यव्यङ्ग्यको स्वरूप आगामी अध्यायमा निरूपण गरिनेछ ।

# चौथो परिच्छेद

u\ufk|;fb pk|]tLsf] xf:oJoª\Uo ofqf / lgaGwfTds s[ltdf xf:oJoª\Uosf] cWoog

## ४.१ गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्रा

नेपाली साहित्यको निबन्ध विधाका एक चर्चित हस्तीका रूपमा गङ्गाप्रसाद उप्रेतीलाई लिन सकिन्छ । उनले 'नेपाली भाषा हाम्रा समस्या र समाधान' (२०२२) शीर्षकको निबन्ध लेखेर नेपाली निबन्ध विधामा प्रवेश गरेका हुन् । जुन निबन्धलाई भानुपत्रिकाले छापिदिएको हो । यस्ता फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गरी आफ्नो निबन्ध यात्रा अगाडि बढाएको पाइन्छ ।[५१] उप्रेतीको हास्यव्यङ्ग्यात्मक निबन्ध वि.सं. (२०२५) सालमा छापिएको 'युवा नैराश्य र पलायन प्रवृत्ति' हो । यस निबन्धमा तत्कालीन समयमा गरिबी, अशिक्षा र वेरोजगारी समस्याका कारण सम्पूर्ण युवावर्ग विदेशतर्फ पलायन हुनुपरेको वास्तविकतालाई व्यङ्ग्यात्मक ढङ्गले अभिव्यक्त गरिएको छ । प्रस्तुत निबन्धलाई अहिले प्राप्त गर्न सकिदैन । उप्रेतीका अन्य पुस्तकाकार निबन्धात्मक कृतिमा कुनै न कुनै रूपमा हास्यव्यङ्ग्य प्रयोग भएको पाइन्छ । उनका हालसम्म प्रकाशित विभिन्न फुटकर निबन्ध तथा पुस्तकाकार निबन्धात्मक कृतिका आधारमा उप्रेतीको हास्यव्यङ्ग्य यात्रालाई जम्मा दुई चरणमा विभाजन गरी हेर्न सकिन्छ :

(क) पहिलो चरण (वि.सं. २०२५-२०४३)

(ख) दोस्रो चरण (वि.सं. २०४४ - हालसम्म)

**(क) पहिलो चरण (वि.सं. २०२५ – २०४३)**

गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य निबन्धको यस चरणमा कुनै खास पुस्तकाकार निबन्धात्मक कृतिको रचना गरेको पाइँदैन । उनले यस चरणमा केही हास्यव्यङ्ग्य निबन्धहरूको रचना गरी विभिन्न पत्रपत्रिकामा छपाएका छन् । उप्रेतीको निबन्ध यात्राको यस चरणलाई हास्यव्यङ्ग्य यात्राको पृष्ठभूमिकालका रूपमा पनि लिन सकिन्छ । यस चरणमा प्रकाशित उनका निबन्धात्मक रचनामा 'नेपाली भाषा हाम्रा समस्या र समाधान' (२०२२), 'प्रतिबिम्ब निबन्ध कला र नेपाली निबन्ध साहित्यको ऐतिहासिक विकासक्रम' (२०२५), कुम्भकर्ण पत्रिकामा छापिएको 'युवा नैराश्य र पलायन प्रवृत्ति' (२०२५), 'आरुको फूल' (२०२५) र 'पञ्चामृत' आदि उप्रेतीका यस चरणमा लेखिएका निजात्मक निबन्धहरू हुन् । उनका यात्रा संस्मरणात्मक निबन्धमा 'म माया र दार्जिलिङ' (२०२६), 'औपनिवेशिक

[५१] गङ्गाप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ताबाट ।

खोजिको शिकार मकाउ' (२०३८), 'स्मृतिका छालमा बाँचेका उत्तम कुवँर' (२०४१) यस चरणमा लेखिएका हास्यव्यङ्ग्य निबन्धहरू हुन् । प्रथम चरणको हास्यव्यङ्ग्य यात्रामा उप्रेतीले विशेष गरी पञ्चायती व्यवस्थामा पञ्चायतको कठोर दमनका कारण सम्पूर्ण युवावर्ग आर्थिक, सामाजिक, राजनैतिक रूपमा के कसरी विसङ्गतिमा फसेका छन्, युवाहरू गरिबी, वेरोजगारीका कारण दिन प्रतिदिन पलायन हुँदैछन् भन्ने कुरालाई आधार बनाइ तत्कालीन पञ्चायती शासन व्यवस्थाप्रति तीव्र व्यङ्ग्य गरेका छन् । त्यसैगरी उनका यात्रा संस्मरणमा दार्जिलिङ मकाउ आदि ठाउँमा हुने गरेका विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । उनको हास्यव्यङ्ग्य यात्राको यस प्रथम चरणका निबन्धमा सामाजिक, राजनैतिक, आर्थिक, शैक्षिक क्षेत्रमा देखापरेका विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्नुका साथै केही नीतिगत सुधारवादी स्वरहरू पनि बुलन्द भएको पाइन्छ ।

**(ख) दोस्रो चरण (वि.सं. २०४४ – हालसम्म)**

गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य निबन्ध यात्राको दोस्रो चरण वि.सं. (२०४४) देखि प्रारम्भ हुन्छ । यसभन्दा अघि उप्रेतीका कुनै पनि पुस्तकाकार निबन्धात्मक कृति प्रकाशनमा आएका थिएनन् । वि.सं. (२०४४) सालमा 'स्मृतिका छालमा इटाली' शीर्षकको यात्रा संस्मरणात्मक कृतिको प्रकाशन भयो । यस चरणमा उप्रेतीले निबन्ध, यात्रा संस्मरण, समीक्षात्मक लेख, राजनैतिक लेखहरू लेखेका छन् । उनको यस चरणमा लेखिएको 'स्मृतिका छालमा इटाली' एउटा यात्रा संस्मरणात्मक कृति हो । उक्त कृतिमा हास्यव्यङ्ग्यका प्रशस्त सङ्केतहरू पाइन्छन् । यस चरणमा रचना गरिएका अन्य निबन्धहरूमा 'तिब्बतमा दश दिन' यात्रा संस्मरण र 'नामको खोल' शीर्षकको निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् । यी निबन्ध सङ्ग्रहमा कुनै न कुनै रूपमा हास्यव्यङ्ग्यको प्रस्तुति पाइन्छ । उप्रेतीका दोस्रो चरणका हास्यव्यङ्ग्य निबन्धहरूमा विद्यमान समाजका सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, शैक्षिक क्षेत्रमा दिन प्रतिदिन बढ्दै गइरहेको विसङ्गति विकृतिप्रति चोटिलो व्यङ्ग्यवाण प्रहार गरिएको छ । यस चरणका निबन्धमा प्रगतिवादका केही स्वरहरू जागृत भएको पाइन्छ । 'तिब्बतमा दश दिन' यात्रा निबन्धमा निबन्धकार उप्रेतीले तिब्बतमा आफूले यात्रा गर्ने क्रममा तिब्बतका विभिन्न भू-भागको स्थलगत सजीव चित्र उतारी त्यसलाई सम्पूर्ण नेपालीले बुझ्न पाउन भन्ने उद्देश्यले यात्रा अनुभवलाई निबन्धमा समाविष्ट गरेका हुन् । उक्त निबन्धमा तिब्बतका शैक्षिक, राजनैतिक, आर्थिक, प्रशासनिक क्षेत्रका राम्रा पक्षहरूको सराहना गर्दै नराम्रा पक्षहरूप्रति तीव्र व्यङ्ग्य गरेका छन् । 'नामको खोल' खोल शीर्षकको निबन्ध सङ्ग्रहमा संकलित सम्पूर्ण निबन्ध हास्यव्यङ्ग्य उत्पन्न गराउने किसिमका छन् । यस सङ्ग्रह भित्रका

निबन्धले देशको सामाजिक, शैक्षिक, आर्थिक, राजनैतिक क्षेत्रमा देखापर्ने विकृतिप्रति सुधारात्मक व्यङ्ग्य गरिएको छ ।

वि.सं. (२०४४) सालदेखि हालसम्म लेखिएका उप्रेतीका निबन्धहरूमा सामाजिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक र आर्थिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन । २०४६ सालमा आएको बहुदलीय व्यवस्थाले लेखनमा केही मात्रामा स्वतन्त्रता थपिदिएको कारण यस चरणमा उप्रेतीले तत्कालीन शासकीय पद्धतिप्रति विद्रोहात्मक प्रवृत्तिलाई अवलम्बन गरे । उनका सम्पूर्ण निबन्धात्मक कृति विसङ्गति र प्रगतिवादी चेतनाले ओतप्रोत भएका छन् । जसको उद्देश्य समाजसुधार गरी आदर्श समाजको निर्माण गर्नु हो । यसलाई उप्रेतीको निबन्धात्मक प्रवृत्तिका रूपमा लिइन्छ ।

गङ्गाप्रसाद उप्रेतीका हास्यव्यङ्ग्य यात्राका यी दुई चरणको अध्ययन गर्दा उनको पहिलो भन्दा दोस्रो चरण उपलब्धिमूलक देखिन्छ । पहिलो चरणका निबन्धमा केही फुटकर हास्यव्यङ्ग्य निबन्ध मात्र लेखियो । दोस्रो चरणमा ३ पुस्तकाकार निबन्धात्मक कृतिको रचना गरेको पाइन्छ । पहिलो चरणका निबन्धमा भन्दा दोस्रो चरणका निबन्धमा व्यङ्ग्यको प्रबलता पाइन्छ । उप्रेतीका हास्यव्यङ्ग्य निबन्ध यात्राका दुवै चरणका उद्देश्य पुस्तकाकार निबन्धात्मक कृतिका माध्यमबाट समाजका विभिन्न तहमा देखापर्ने विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्दै स्वस्थ तथा समतामूलक समाजको निर्माण गर्नु हो ।

## ४.२ गङ्गाप्रसाद उप्रेतीका निबन्धात्मक कृतिमा हास्यव्यङ्ग्यको अध्ययन

नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी गङ्गाप्रसाद उप्रेतीको निबन्ध विधा अत्यन्त उर्बर देखिन्छ । नेपाली साहित्यको निबन्ध विधाका एक चर्चित हस्तीका रूपमा गङ्गाप्रसाद उप्रेतीलाई लिन सकिन्छ । उनले सर्वप्रथम 'नेपाली भाषा हाम्रा समस्या र समाधान' शीर्षकको निबन्ध लेखेर नेपाली निबन्ध साहित्यमा प्रवेश गरेका हुन् । उप्रेतीका यस्ता फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकामा छापिएको पाइन्छ । उप्रेतीको पहिलो हास्यव्यङ्ग्य निबन्ध (२०२५) मा कुम्भकर्ण पत्रिकामा छापिएको 'युवा नैराश्य र पलायन प्रवृत्ति' हो । यस निबन्धमा तत्कालीन समाजमा विद्यमान गरिबी, अशिक्षा र वेरोजगारीका कारण युवावर्ग क्रमशः विदेशतर्फ पलायन हुँदै गइरहेको वास्तविकतालाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

नेपाली हास्यव्यङ्ग्य निबन्धको चौथो चरणमा उदाएका उप्रेतीका निबन्धात्मक कृतिमा कुनै न कुनै रूपमा हास्य र व्यङ्ग्यको अभिव्यक्ति पाइन्छ । उप्रेतीका निबन्धात्मक कृतिको अध्ययन गर्दा न्यून हास्य र तीव्र व्यङ्ग्यको प्रयोग

पाइन्छ । उनका निबन्धात्मक कृतिमा समसामयिक युगजीवनका विकृति विसङ्गति, राजनैतिक तथा आर्थिक सङ्क्रमण, मानवीय स्वभाव जन्य कमजोरी, समाजमा दिन प्रतिदिन बढ्दै गएका हत्या, हिंसा, आतङ्क, गुण्डागर्दी जस्ता विकृतिप्रति उप्रेतीका निबन्धमा तीव्र व्यङ्ग्य गरिएको छ । उप्रेतीले आफ्नो निबन्ध यात्राका क्रममा लेखेका विभिन्न पुस्तकाकार निबन्धात्मक कृति 'स्मृतिको छालमा इटाली' (२०४४) यात्रा संस्मरणात्मक कृति 'तिब्बतमा दश दिन' (२०६४) यात्रा निबन्ध र 'नामको खोल' निबन्ध सङ्ग्रह उप्रेतीका हास्यव्यङ्ग्य यात्रामा लेखिएका महत्वपूर्ण निबन्धात्मक कृति हुन् । यी तीनवटा पुस्तकाकार निबन्धात्मक कृतिको विषयवस्तु, भाषाशैली र उद्देश्यका आधारमा अध्ययन गरी त्यसमा पाइने हास्य र व्यङ्ग्यको अवस्थितिको निर्क्योल यस अध्यायमा गरिन्छ ।

## ४.३ 'स्मृतिको छालमा इटाली' नियात्रा सङ्ग्रहमा हास्यव्यङ्ग्यको अध्ययन

### ४.३.१ परिचय

'स्मृतिको छालमा इटाली' एउटा यात्रा संस्मरणात्मक कृति हो । यस नियात्रलाई उप्रेतीले हास्यव्यङ्ग्य निबन्ध यात्राको दोस्रो चरणमा लेखेका हुन् । १६९ पृष्ठको प्रस्तुत नियात्रा सङ्ग्रहलाई प्रतिभा प्रकाशनले (२०४४) सालमा प्रकाशनमा ल्याएको हो । यो नियात्रा सङ्ग्रह आदिदेखि अन्त्यसम्म शृङ्खलित ढाँचामा लेखिएको छ । प्रस्तुत नियात्रा सङ्ग्रह कुनै एउटा शीर्षकमा केन्द्रित नभई विभिन्न उपशीर्षकहरूमा विभाजित छ । ती उपशीर्षकहरू हुन् (१) 'नियात्रको यात्रा क्रममा अर्को नयाँ पाइलो', (२) 'मुलुकलाई बाहिरबाट हेर्ने रहर', (३) 'कुतुबमिनार र लालकिल्ला', (४) 'एउटा ठिमेली यात्राको संस्मरण', (५) 'बेनजोर्नो इटालिया', (६) 'हिमाल, टोपी र नेपाल', (७) 'स्वतन्त्रता र सदभावनाको नमुना सानमारियो', (८) 'ग्यालिलियोको कार्यशालाका केही रमाइला अनुभूतिहरू', (९) 'दाँतेको जन्मथलो', (१०) 'फ्लोरेन्समा तोस्कानी संस्कृतिको स्वाद', (११) 'पानीमाथि तर लागेको क्षेत्र भेरोना', (१२) 'उभ्रियाको गाउँमा राम र कृष्णका कीर्तनहरू', (१३) 'एउटा जिप्सी केटी' र (१४) 'नेपोलिताने मनोवृत्तिको छायाँमा देखिने इटालीको छवि' ।

सरकारी छात्रवृत्तिको अवसरबाट विदेश भ्रमण गर्न गएको सुनौलो अवसरलाई निजी फाइदामा सीमित नराखी इटाली र त्यसको संस्कार र सभ्यता सम्पूर्ण नेपालीले पढेर भए पनि त्यसको उपयोग गर्न पाउनु भन्ने अभिप्रायले निबन्धकारले यो निबन्ध लेखेका हुन् । यस नियात्राको शीर्षक हास्यव्यङ्ग्यात्मक किसिमको छ । नियात्राकारले घुमेका इटालीका सम्पूर्ण ठाउँको स्मरणीय कुराहरू आफ्नो मस्तिष्कमा गुञ्जिरहे तसर्थ मनका अनेक भावनालाई एकाकृत गर्नका लागि

यो नियात्रा लेखेका हुन् । तसर्थ यस नियात्राको शीर्षक र भावसङ्गतिका बीचमा तादात्म्य सम्बन्ध रहेको छ । एउटा सांस्कृतिक पृष्ठभूमिमा हुर्केको लेखक अर्को देशको सांस्कृतिक पृष्ठभूमिप्रतिको धारणा यस नियात्रामा अभिव्यक्त भएको छ । यस नियात्रामा वस्तुतथ्यलाई अनुभूतिमय पाराले प्रस्तुत गरिएको छ ।[५२] इटालीको शिक्षा, स्वास्थ्य, यातायात, प्रशासनिक निकाय र प्राकृतिक सौन्दर्य आदिलाई नेपालसँग तुलना गर्दै दुवै देशका विकृतिप्रति व्यङ्ग्य र सुधारको अपेक्षा गरिएको पाइन्छ ।

### ४.३.२ विषयवस्तु

'स्मृतिका छालमा इटाली' मूलतः निजात्मक यात्रा संस्मरण हो । यसमा लेखकले सांस्कृतिक किसिमको विषयवस्तुको चयन गरेका छन् । नियात्राकारले यात्राको क्रममा इटालेली सभ्यता र संस्कृतिको गहन अध्ययन गरेको पाइन्छ । यसैगरी नेपाली सभ्यता र संस्कृतिसँग इटालेली सभ्यता र संस्कृतिलाई तुलना गर्दै दुवै देशमा पाइने विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । इटालेली जनताहरू अरूलाई विश्वास तथा मान सम्मान गर्ने कुरामा कति कमजोर रहेछन् भन्ने कुराको पुष्टि नेपाल, टोपी र हिमाल शब्दले इटालीमा पाएको अपमानबाट हुन्छ । त्यस्तो अपमानजन्य विकृतिप्रति निबन्धकारले व्यङ्ग्य गरेको पाइन्छ । इटालेली विद्यार्थीहरूको राजनैतिक संयम, अनुशासनको प्रशंसा गर्दै नेपाली युवाहरूको आक्रोसित तथा विध्वंशात्मक विद्रोहप्रति तीव्र व्यङ्ग्य गरिएको छ । इटालेलीको तुलनामा नेपालीहरू बढी वैज्ञानिक र सुविधाको नाममा प्राकृतिक असुविधाहरू पनि सँगै निम्त्याइरहेछौं । पुराना र टिमिक्क परेका छाना भएका घरको सट्टा बालुवा र इटाको प्रयोग गरेर पर्यावरण र वातावरणीय स्वास्थ्यलाई खलबल पुऱ्याइरहेछौं भन्दै नेपालीहरूको वैज्ञानिकताको नाममा हुने अन्धानुकरणप्रति तीव्र व्यङ्ग्य गरिएको छ । दक्षिण एसियाका स-साना राष्ट्र अनेकौं ठूला देशको घातमा चेपिएर आफ्नो स्वतन्त्रताको बलात्कार भोगिरहेको भन्दै शक्तिशाली राष्ट्रप्रति तीव्र व्यङ्ग्य गरिएको छ । इटालीलाई हडतालको पर्यायवाची देशका रूपमा व्यङ्ग्य गरेका छन् । भोलेबाबा भएर गाँजा र भाङको सेवन गरी रमाउने इटालेली युवाहरूको जीवनप्रति नियात्राकार तीव्र व्यङ्ग्य गर्छन् । रोम सहरलाई जनघनत्व र अपराधको पोल खोल्ने जासुसीका रूपमा व्यङ्ग्य गरेका छन् । पुस्तकको छपाइमा हुने कमजोरीलाई मुद्राराक्षसका रूपमा व्यङ्ग्य गरिएको छ । मानिस-मानिस बीचमा हुने घृणा, असहिष्णुता, हिंसा, धर्मका नाममा हुने साम्प्रदायिक दङ्गा आदिप्रति व्यङ्ग्य गरिएको छ । यस निबन्धमा निबन्धकार उप्रेतीले केही उखानटुक्का अघि

---

[५२] खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, **नेपाली निबन्ध**, (काठमाडौं : नवीन प्रकाशन, २०५४), पृ. ३१ ।

सार्दै हास्यको आभास दिएका छन् ‘देश पनि देखिने मुख पनि फेरिने’, ‘बर्मा गए पनि कर्मसँग जान्छ’, ‘कामकुरो एकातिर कुम्लोबोकी दिल्लीतिर’ जस्ता लोकोक्तिको प्रयोगले निबन्धमा हास्यको सिर्जना गरेको छ । नेपालीहरू अब हत्या, हिंसा नभई आपसी सहकार्यमा जुटनुपर्छ भन्दै नियात्राकारले इटालेली जनताका राम्रा कुराहरूको अनुकरण र नराम्रा कुराको विद्रोह गर्नुपर्छ भन्ने कुरामा उप्रेतीले जोड दिएका छन् । यस निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रबलता पाइन्छ ।

### ४.३.३ भाषाशैली

भाषा मानवीय अनुभूति र अभिव्यक्तिको माध्यम हो । त्यसैले यो व्यक्तिको अनुभव र अनुभूति यथार्थको अभिव्यक्तिको माध्यम हुनुका साथै सामाजिक चिन्तको प्रतीक हो । शैली रचनाको विशिष्ट प्रकार हो । निबन्धलाई कस्ता शब्द र वाक्यमा कसरी अभिव्यक्त गरिएको छ भन्ने कुरा नै शैली हो । ‘स्मृतिको छालमा इटाली’ शीर्षकको नियात्राको भाषाशैली सरल, सहज र सुवोध्य किसिमको छ । प्रस्तुत नियात्रामा झर्रा नेपाली र आगन्तुको शब्दको आधिक्य रहेको छ । यस नियात्रामा सरल, संयुक्त र मिश्र गरी तीनै किसिमका वाक्यको प्रयोग पाइन्छ । विषयवस्तुको प्रस्तुतिलाई आकर्षक बनाउन नेपाली जनजिब्रोमा प्रचलित उखानटुक्काको प्रयोग गरिएको छ । यसको उदाहरण ‘देश पनि देखिने मुख पनि फेरिने’, ‘बर्मा गए पनि कर्म सँगै जान्छ’, ‘काम कुरो एकातिर कुम्लो बोकी दिल्लीतिर’ जस्ता उखानटुक्काको प्रयोगले यस नियात्रामा हास्य र व्यङ्ग्यलाई थप प्रभावकारी बनाएको छ । भाषाशैलीका दृष्टिले यो नियात्रा सफल देखिन्छ ।

### ४.३.४ उद्देश्य

‘स्मृतिको छालमा इटाली’ यात्रा संस्मरणात्मक निबन्ध लेखनको मूल उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट इटाली र नेपालको भाषा, सभ्यता र संस्कृतिका बारेमा तुलना गर्दै राम्रा कुराहरूको सराहना गर्दै नराम्रा कुराहरूप्रति व्यङ्ग्य प्रहार गर्नु हो । त्यसैगरी इटालेली जनताले नेपाल, टोपी र हिमालप्रति गरेको अपमान र अविश्वासप्रति तीव्र व्यङ्ग्य गरिएको छ । इटालेली सभ्यता, संस्कृति, नीति, नियम, अनुशासन र सादाजीवन उच्च विचारलाई आम नेपालीले अनुकरण गर्नुपर्छ भन्ने सन्देश यस नियात्राले दिएको छ ।

### ४.३.५ निष्कर्ष

'स्मृतिका छालमा इटाली' नियात्रामा नियात्राकार उप्रेतीले इटालीमा आफूले भ्रमण गर्दा हासिल गरेका नवीनतम विचारहरूलाई आम नेपालीले बुझ्न पाऊन् भन्ने उद्देश्यले उक्त कृतिको रचना गरेका छन् । यस नियात्रामा निबन्धकार उप्रेतीले हास्यव्यङ्ग्य शैलीको प्रयोग गर्दै इटाली र नेपाललाई विविध दृष्टिकोणबाट तुलना गरेका छन् इटालीको अर्काका देशको पोशाकप्रति गरेको अपमान र अविश्वासप्रति तीव्र व्यङ्ग्य गरिएको छ । त्यस्तै नेपालीहरूको विद्रोही स्वभाव र अन्धानुकरण गर्ने नकारात्मक प्रवृत्तिप्रति व्यङ्ग्य गरेको पाइन्छ । नेपाली जनताहरूलाई तिब्बती सभ्यता, संस्कृति, अनुशासन र सादा जीवन उच्च विचारको अनुकरण गर्नुपर्ने सुधारात्मक चेतनाको सन्देश दिनु प्रस्तुत नियात्राको निचोड रहेको छ ।

## ४.४ 'तिब्बतमा दश दिन' नियात्रा सङ्ग्रहमा हास्यव्यङ्ग्यको अध्ययन

### ४.४.१ परिचय

'तिब्बतमा दश दिन' एउटा यात्रा संस्मरणात्मक कृति हो । यस कृतिलाई गङ्गाप्रसाद उप्रेतीले हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखेका हुन् । १४२ पृष्ठको प्रस्तुत नियात्रालाई वि.सं. २०६४ सालमा चीन अध्ययन केन्द्रले प्रकाशनमा ल्याएको हो । यो सङ्ग्रह शृङ्खलित ढाँचामा लेखिएको छ । यस नियात्रा सङ्ग्रहलाई विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ । ती उपशीर्षकहरू हुन् (१) 'हिमालमाथि हामी, हामीमुनि सगरमाथा', (२) 'पोताला, जोखाङ एवम् नर्वुलिङ्खा', (३) 'छेतेन छोमामा प्रतिबिम्बित परिवारको बदलिँदो तस्वीर', (४) 'तिब्बत विश्वविद्यालय प्रतिबिम्बित तिब्बती शैक्षिक प्रणाली', (५) 'तिब्बतमा बसोवास गर्ने नेपालीहरू', (६) 'तिब्बतमा पर्यटन व्यवस्थापन', (७) 'नयाँ मोडेलको तिब्बती विकास र आकर्षक व्यापार प्रणाली', (८) 'साहित्य कला र संस्कृतिको संरक्षण एवम् सम्वर्द्धनमा तिब्बती प्रतिष्ठान', (९) 'चिनको भाषिक नीति : तिब्बती भाषाको विकासका सन्दर्भमा', (१०) 'ल्हासादेखि सिगात्सेसम्म', (११) 'सिगात्से नेपाललाई नजिकबाट चिन्ने रहर', (१२) 'हिमाललाई दक्षिणतिर पारेर' र (१३) 'खासा सहरको आतिथ्य र मितेरी पुलमा विदाइ' ।

'तिब्बतमा दश दिन' नियात्रा सन् २००४ को अक्टोबर-नोभेम्बर महिनामा चीनको स्वशासित क्षेत्र तिब्बतका विभिन्न भागमा घुम्दा लेखकले आर्जन गरेका अनुभवहरूको संगालो हो । नियात्राकार उप्रेतीले आफूले तिब्बतमा घुम्न जान पाएको सौभाग्यलाई मनन गर्दै सम्पूर्ण नेपालीहरूलाई तिब्बतका विभिन्न ठाउँको सजीव चित्र उतारी त्यहाँ नपुगेका आम नेपालीलाई तिब्बत पुगेको आभास हुने अभिव्यक्तिहरू दिएका छन् । तिब्बतमा दश दिन भ्रमण गर्दाका सम्पूर्ण अनुभवहरूलाई यस नियात्रामा क्रमिक रूपमा विस्तृत अध्ययन गरिएको हुँदा यस

नियात्राको शीर्षक र भावसङ्गतीबीच तादात्म्य सम्बन्ध रहेको पाइन्छ । यस नियात्रामा तिब्बत र नेपालका धर्म, संस्कृति, प्रशासनिक निकाय आदिका बीचमा तुलना गर्दै विकृतिजन्य कार्यप्रति तीव्र व्यङ्ग्य गरिएको छ ।

### ४.४.२ **विषयवस्तु**

'तिब्बतमा दश दिन' शीर्षकको नियात्रा सङ्ग्रह मूलतः निजात्मक यात्रा संस्मरण हो । यस नियात्रामा उप्रेतीले सांस्कृतिक विषयवस्तुको चयन गरेका छन् । उक्त निबन्धमा निबन्धकारले यात्राबाट प्राप्त सूचनालाई अनुभव र अनुभूतिले सिंगारेर रागात्मक प्रभाव दिएका छन् । 'तिब्बतमा दश दिन' नियात्रामा उप्रेतीले तिब्बतका धर्म, संस्कृति, संस्कार, प्राकृतिका सौन्दर्य, त्यहाँको सरकारी नीति, नियम र नेपालको धर्म, संस्कृति र प्राकृतिक सौन्दर्य आदिका बीचमा तुलना गरेको देखिन्छ । तिब्बती धर्म, संस्कृति आदिमा देखिने विकृतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । चिनियाँ सिगात्सेको मसाज केन्द्रलाई चिनियाँ समाजमा नवीन पनले ल्याइदिएको विद्रुप कलङ्कका रूपमा व्यङ्ग्य गरेको छ । थाक खोलामा बसेका भोटेनीहरूको वरपरको वातावरणलाई गरिबी र अज्ञानताका रूपमा व्यङ्ग्य गरिएको छ । तिब्बतको ल्हासा सिगारसेको मसाज केन्द्रमा हुने देश व्यापारप्रति व्यङ्ग्य गरिएको छ । तिब्बतको भव्य शहरमा पनि सार्वजनिक ठाउँमा फोहोरको डुङ्गुर, अव्यवस्थित शौचालय देखेर तिब्बतको कमजोर सरकारी व्यवस्थापनप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । तिब्बतको ल्हासा सहरमा नेपालीहरूको लागि खोलिएको पाठशालाको दयनीय अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । तिब्बतका टापुहरूमा घुम्ने क्रममा कुनै व्यक्तिले हास्य उत्पन्न गराउन पार्वती विनाको एक्लो यात्रा के महत्व रह्यो ? जस्ता प्रश्नहरू अघि सारेका छन् । यस भनाइबाट हल्का हास्यको अनुभव गर्न सकिन्छ । नेपाली विद्यार्थीहरू भाषाशिक्षणमा दक्षता प्राप्त गर्न नसकेकोमा व्यङ्ग्य गरिएको छ । नेपालको १०४ वर्षे राणा शासन काललाई रङ्गीविरङ्गीको सामन्तवाद र विदेशी हैकम लाद्ने नवउपनिवेषवादका रूपमा व्यङ्ग्य प्रहार गरेका छन् । तिब्बतको बढ्दो आर्थिक वृद्धिदरको तुलनामा नेपालमा त्यसको विपरीत राजनैतिक अस्थिरता, अराजकताले सिर्जना गरेको गरिबी, वेरोजगारी अवस्थाको चर्चा व्यङ्ग्यात्मक ढङ्गले गरेको देखिन्छ । नेपालको सरकारी संयन्त्र र प्रशासनिक निकायप्रति तीव्र व्यङ्ग्य गरिएको छ । नेपालको भाषा, जाति र संस्कृतिमा देखापरेका विकृतिप्रति व्यङ्ग्य प्रहार गर्दै नेपालीलाई चिनियाँ जाति, भाषा, अतिथि सत्कार, अनुशासन स्थिर राजनैतिक व्यवस्था आदि कुराहरूको अनुकरण गर्न सुझाव दिएका छन् । 'तिब्बत दश दिन' नियात्रामा हास्यभन्दा व्यङ्ग्यको प्रधानता पाइन्छ ।

### ४.४.३ **भाषाशैली**

'तिब्बतमा दश दिन' यात्रा निबन्धको भाषाशैली सरल तथा सहज किसिमको छ । यस नियात्रामा प्राज्ञिक र कम्युनिष्ट जस्ता तत्सम र आगन्तुक शब्दको प्रयोग गरिएको छ । यस नियात्रामा सरल वाक्यहरूको प्रयोग गरेको पाइन्छ । विषयवस्तुको प्रस्तुतिलाई आकर्षक बनाउन ठाउँ-ठाउँमा प्रश्नार्थक चिह्नको प्रयोग गरिएको छ । एउटा उदाहरण बुहारी भित्र्याउने वित्तिकै रडाको मच्चिने नेपाली परिवारमा अपारदर्शी सामन्ती हैकमको दबदबा हटठाउन सके संयुक्त ढाँचाको परिवार नै कामयावी हुन्थ्यो कि हाम्रो पनि ? यस वाक्यले हास्यव्यङ्ग्यलाई प्रबलता दिएको छ । परिवारमा बुहारी भित्र्याउने प्रचलन र बुहारीप्रति गरिने भेदभावपूर्ण विकृतिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । यस नियात्रामा प्रयुक्त भाषाशैली हास्यव्यङ्ग्यका दृष्टिले सफल देखिन्छ ।

### ४.४.४ उद्देश्य

'तिब्बतमा दश दिन' यात्रा संस्मरणात्मक निबन्ध लेखनको मूल उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट तिब्बत र नेपालको भाषा, धर्म, संस्कृति आदिका बारेमा तुलना गर्दै राम्रा कुराहरूको प्रशंसा र नराम्रा कुराहरूप्रति व्यङ्ग्य प्रहार गर्नु हो । त्यसैगरी तिब्बत शहरको देहव्यापार, गाउँघरको गरिबी, सार्वजनिक सौचालयहरूको अस्तव्यस्तता आदिप्रति व्यङ्ग्य गरिएको छ । हास्य र व्यङ्ग्यका माध्यमबाट विकृतिबाट छुट्कारा पाउने सुधारात्मक चेतनाको सन्देश दिनु प्रस्तुत नियात्रा लेखनको मूल उद्देश्य रहेको छ ।

### ४.४.५ निष्कर्ष

'तिब्बतमा दश दिन' यात्रा निबन्धमा नियात्राकार उप्रेतीले तिब्बतमा आफूले घुमेका ठाउँ र ती ठाउँहरूको भ्रमण गर्दा प्राप्त गरेका नवीन विचारहरूलाई सम्पूर्ण नेपालीले बुझ्न सकुन भन्ने उद्देश्यले उक्त नियात्राको रचना गरिएको हो । यस नियात्रामा नियात्राकारले हास्यव्यङ्ग्य शैलीको प्रयोग गर्दै तिब्बत र नेपाललाई विविध दृष्टिकोणबाट तुलना गरेका छन् । तिब्बत शहरको देह व्यापार, अव्यवस्थित शौचालय, गाउँघरको गरिबी र अज्ञानताप्रति व्यङ्ग्य गरिएको छ । नेपालको राजनैतिक अस्थिरता, सरकारी संयन्त्र, अराजकता र प्रशासनिक निकायप्रति पनि कडा व्यङ्ग्य गरेको पाइन्छ । हास्य र व्यङ्ग्यका माध्यमबाट तिब्बत र नेपालका विविध पक्षमा देखिने विकृतिप्रति व्यङ्ग्य गर्दै सुधारात्मक चेतनाको सन्देश दिनु यस नियात्राको निचोड रहेको छ ।

## ४.५ 'नामको खोल' निबन्ध सङ्ग्रहका निबन्धहरूको अध्ययन

'नामको खोल' शीर्षकको निबन्ध सङ्ग्रह गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको निबन्धात्मक कृतिका रूपमा लिइन्छ । यस निबन्ध सङ्ग्रहलाई वि.सं. २०६४ सालमा साझा प्रकाशनले प्रकाशित गरेको हो । उक्त निबन्ध सङ्ग्रहमा उप्रेतीका विभिन्न पत्रपत्रिकामा छरिएर रहेका निबन्धहरूलाई सङ्कलन गरिएको छ । यस निबन्ध सङ्ग्रहमा जम्मा ११ वटा फुटकर निबन्धहरू समाविष्ट गरिएको पाइन्छ । ती हुन् (१) 'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ', (२) 'ऐनाको आकार र प्रतिबिम्बको आकृति', (३) 'तेरा कुरा इस्', (४) 'लेखक बन्ने रहरमा', (५) 'बरालिने रोग', (६) 'बिचरा रामेश र मञ्जुलहरू', (७) 'हामी सबै रत्नाकरहरू', (८) 'नामको खोलमा मान्छेको मोल', (९) 'गोविन्दको सपना', (१०) 'अखबारको सिरानीमा माउसुली' र (११) 'हीरा मेरो साथी' ।

'नामको खोल' निबन्ध सङ्ग्रहको नाम आफैमा हास्यव्यङ्ग्यात्मक किसिमको छ । 'नामको खोल' भन्दा त्यहाँ हास्य उत्पन्न हुन्छ भने आजका मान्छेले आफ्नो नामका पछाडि खोल ओढाउने गर्छन् भन्दा व्यङ्ग्य उत्पन्न हुन्छ । यस सङ्ग्रहको नामले आधुनिक युगका मान्छेले गर्ने विकृति जन्य कार्य तीव्र व्यङ्ग्य गरेका छन् । 'नामको खोल' निबन्ध सङ्ग्रहको नाम प्रतीकात्मक रूपमा राखिएको छ । यस निबन्ध सङ्ग्रहमा सङ्कलित सबै निबन्धहरू यही शीर्षक सुहाउँदा छन् । तिनीहरूले कुनै न कुनै प्रकारले हास्य र व्यङ्ग्यलाई आत्मसात गरेका छन् । हास्यव्यङ्ग्य परम्परामा कुनै पनि निबन्ध सङ्ग्रहको नाम त्यस सङ्ग्रहभित्रका कुनै निबन्धको नामबाट राख्नुपर्छ । उप्रेतीले त्यसलाई निरन्तरता दिदै 'नामको खोल' निबन्ध सङ्ग्रहको नाम 'नामको खोलमा मान्छेको मोल' शीर्षकको निबन्धबाट राखेका हुन् ।

### ४.५.१ 'लाहुरे दाइको रेलिमाइ – रेलिमाइ' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन

#### ४.५.१.१ परिचय

'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' शीर्षकको निबन्ध गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको निबन्धात्मक रचना हो । यस निबन्धलाई सर्वप्रथम २०४८ सालमा **जनसाहित्य** पूर्णाङ्क ५, चितवनमा छापिएको पाइन्छ । प्रस्तुत निबन्धलाई अहिले 'नामको खोल' शीर्षकको निबन्ध सङ्ग्रह भित्र सङ्कलित गरिएको छ । आयामका दृष्टिले हेर्दा लामाछोटा गरी जम्मा १५ अनुच्छेदमा संरचित मझौला किसिमको निबन्धात्मक कृतिका रूपमा यसलाई लिन सकिन्छ । यो निबन्ध रैखिक ढाँचामा अगाडि बढेको पाइन्छ ।

'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' निबन्धको शीर्षकले नै हास्यव्यङ्ग्यको सङ्केत गरेको छ । यस भनाइमा कुनै वास्तविकता पाइँदैन । आर्थिक उपार्जन

गर्नका लागि लाहुर जानुपर्ने तत्कालीन बाध्यात्मक परिस्थितिलाई आधार बनाइएको छ । एउटा प्रदेशबाट फर्किएको लाहुरे दाइले प्रयोग गर्ने 'रेलिमाइ' शब्दलाई अन्य व्यक्तिले त्यसको वास्तविकतालाई नबुझ्की त्यसैको पछाडि दगुर्ने जमात आज हाम्रो साम् देखिन्छ । आजका मान्छेमा कुनै नवीन विचार, नवीन सोच छैन । वास्तविक सत्य-तथ्यलाई नबुझ्की अर्थवेगरको ताल बोकेर परम्पराको अस्पष्ट विचार लिएर अघि बढेका छन् भन्दै समग्र मानव जगतप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । शब्दकोशमा समेत प्रविष्ट नपाएको रेलिमाइ शब्दलाई प्रयोगमा ल्याउनुमा निबन्धकार खेद प्रकट गर्छन् । तसर्थ यस निबन्धको शीर्षक र भावसङ्गतिबीच तादात्म्य सम्बन्ध रहेको देखिन्छ ।

### ४.५.१.२ विषयवस्तु

'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' निबन्धमा निबन्धकार उप्रेतीले सामाजिक विषयवस्तुको चयन गरेका छन् । 'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' जस्तो सामान्य भनाइलाई अगाडि सार्दै आजको हाम्रो समाजमा देखापर्ने सम्पूर्ण विकृति विसङ्गतिलाई उदाङ्गो पारिदिने काम भएको छ । 'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' जस्तो हास्यात्मक अभिव्यक्तिद्वारा चोटिलो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । जीवनको हरेक परिवेशमा जताततै कुसंस्कारको विद्रुप ध्वनि 'रेलिमाइ' को ताल लिन खोजिदैछ भन्दै त्यस्तो संस्कृतिप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । आजका सम्पूर्ण मानव जगत वास्तविकता र अर्थलाई बिर्सेर अर्थहीन कुराको पछाडि लाग्दैछन् । शब्दकोशमा समेत प्रविष्टि नपाएको 'रेलिमाइ' गीतको लयलाई सबैले गुनगुनाउँछन् र त्यसैको तालमा कम्मर भाँच्दै नाच्छन् । स्कुलबाट आएर लुगा नफेरी छोरा छोरी त्यही लाहुरे दाइको रेलिमाइ - रेलिमाइको तालमा मस्त छन् । यस्तो विकृतिप्रति सचेत रहन निबन्धकारले आग्रह गर्छन् । आजका मानिसमा उपयोगी वस्तुको भन्दा विलासी वस्तुप्रति मोह छ, "बिजुलीको भाउ बढेको छ तर रेडियो र टेलिभिजनको प्रयोग घटेको छैन" भन्ने सारगर्भित भनाइलाई अगाडि सार्दै निबन्धकारले आधुनिकताको नाममा भएको खोक्रो यान्त्रिकताप्रति तीव्र व्यङ्ग्य गरेका छन् । तसर्थ आजको मानव आफै नचली अरूद्वारा चलाइएको रोबट बन्न पुगेको छ । निबन्धकारले प्रस्तुत निबन्धमा हास्य उत्पन्न गराउनका लगि 'नाच्न नजान्ने नर्तकीलाई आँगन टेडो लाग्छ रे' 'जसको सिङ् छैन उसको नाम तिखे' जस्ता उखानटुक्काको प्रयोग गरेका छन । यस भनाइले एकातिर हास्यको अनुभूति गराउँछ भने अर्कोतर्फ केही नजानेको मानिसले धेरै धाक लगाउँछ भन्ने कुराको व्यङ्ग्य गरिएको छ । प्रस्तुत निबन्धमा वर्तमान मानव जगत्मा हुने गरेका विकृति

र विसङ्गतिजन्य कार्यको तीव्र व्यङ्ग्य गर्दै सुधारात्मक दिशातर्फ उन्मुख गराएका छन् । यस निबन्धमा हास्यभन्दा व्यङ्ग्य प्रबल रूपमा आएको छ ।

**४.५.१.३ भाषाशैली**

'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' शीर्षकको निबन्धमा प्रयुक्त भाषाशैली सरल तथा सहज किसिमको छ । यस निबन्धमा नाम, पीडा जस्ता तत्सम र रेडियो, टेलिभिजन जस्ता आगन्तुक शब्दको प्रयोग प्रचुर मात्रामा गरिएको छ । विषयवस्तुको प्रस्तुतिलाई थप आकर्षक बनाउन प्रसङ्ग अनुसार उखानटुक्का, प्रश्नार्थक वाक्य र अनुप्रासयुक्त पदावलीको प्रयोग गरेको पाइन्छ । एउटा उदाहरणका लागि आखिर युग यात्राको ढोका खोलेर पनि सङ्क्रमणको यो कुइनेलेबाट किन हामी एक पाइला अघि बढेनौ ? 'नाच्न नजान्ने नर्तकीलाई आँगन टेडो लाग्छ रे ।' 'जसको सिङ छैन उसैको नाम तिखे ।" जस्ता उखानटुक्काको प्रयोगले निबन्धको भाषाशैली मीठो बन्न पुगेको छ । यसैगरी उक्त निबन्धमा केही अनुप्रासयुक्त पदावलीको प्रयोग गरिएको छ ।

ढक्क !! ढक्क ! ढक्क !!<br>
ढक्क !! ढक्क ! ढक्क !!<br>
रेलिमाइ रेलिमाइ रेलिमाइ

लाहुरे दाइको रेलिमाइ रेलिमाइ । यस्ता अनुप्रासयुक्त पदावलीको प्रयोगले हास्यव्यङ्ग्यलाई थप उर्जा प्रदान गरेको छ । तसर्थ 'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' निबन्धको भाषाशैली हास्यव्यङ्ग्य उत्पन्न गराउन सफल देखिन्छ ।

**४.५.१.४ उद्देश्य**

'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' निबन्धको उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट आजको सम्पूर्ण मानव वास्तविक अर्थ, आवश्यकतालाई बिर्सेर अर्थहीन कुरा र विलासी वस्तुको उपयोग गर्न लागेकोमा त्यस्तो विकृतिप्रति तीव्र व्यङ्ग्य गर्दै सुधारात्मक चेतनाको सन्देश दिनु हो । त्यसैगरी आजका मानिसमा बढ्दै गएको आडम्बरीपनप्रति पनि निबन्धकारले व्यङ्ग्य गरेका छन् । बिजुलीको भाउ बढेको, महङ्गीले चुली नाघेको समयमा मानिसहरू 'घाँटी हेरी हाड निल्नु पर्ने', 'समयमा झन रेडियो र टेलिभिजन' जस्ता विलासी वस्तुको बढ्दो प्रयोगप्रति निबन्धकारले चोटिलो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यस निबन्धको उद्देश्य विकृतिप्रति व्यङ्ग्य हान्दै सुधारात्मक सन्देश दिनु रहेको छ ।

**४.५.१.५ निष्कर्ष**

'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' निबन्धमा निबन्धकारले आजका सम्पूर्ण मानिसहरू सत्य-तथ्य बुझेर मात्र कुनै विषयवस्तुको उपयोग गर्नुपर्छ । 'कागले कान लग्यो भन्दैमा कागका पछि होइन आफ्नो कान छाम्नुपर्छ ।' विलासी वस्तुको प्रयोगमा नभई आवश्यक वस्तुको प्रयोगमा लगानी गर्नु पर्छ तब मात्र एउटा स्वस्थ तथा सभ्य समाजको निर्माण हुन्छ । वास्तविक कुरा नबुझी 'रेलिमाइ' को तालमा बहकिनु हुँदैन भन्ने सुधारात्मक सन्देश दिनु यस निबन्धको निचोड रहेको छ ।

## ४.५.२ 'ऐनाको आकार र प्रतिबिम्बको आकृति' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन

### ४.५.२.१ परिचय

'ऐनाको आकार र प्रतिबिम्बको आकृति' शीर्षकको निबन्ध गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको निबन्ध हो । यसलाई सर्वप्रथम **समकालीन साहित्य** (पूर्णाङ्क १२, २०५०) मा छापिएको पाइन्छ । प्रस्तुत निबन्धलाई अहिले 'नामको खोल' निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । यो निबन्धलाई आयामका आधारमा हेर्दा जम्मा २३ वटा लामाछोटा अनुच्छेदमा संरचित गरिएको देखिन्छ । प्रस्तुत निबन्ध रैखिक ढाँचामा अगाडि बढेको छ ।

'ऐनाको आकार र प्रतिबिम्बको आकृति' निबन्धको शीर्षक प्रतीकात्मक रूपमा राखिएको छ । ऐनालाई समाजको प्रतीक र प्रतिबिम्बको आकृतिलाई मानवको प्रतीकका रूपमा लिइएको पाइन्छ । तसर्थ कुनै व्यक्ति कस्तो छ भन्ने कुरा बनावटी ऐनाबाट होइन समाजले नै निर्क्यौल गर्दछ । जसरी ऐनाका फरक-फरक संरचना भए जस्तै आजको समाज पनि फेरिएको छ । त्यो बदलिएको ऐनामा हामीले आफ्नो आकृतिलाई हेरौं तर त्यस आकृतिमा डण्डीफोर र खटिरालाई हेर्न नभुल्औं भन्दै यस निबन्धमा निबन्धकारले वर्तमान समाजमा देखापरेका विकृति विसङ्गति र आडम्बरीप्रति तीव्र व्यङ्ग्य गरेका छन् । यस निबन्धको शीर्षक र भावसङ्गतिबीच प्रतीकात्मक सम्बन्ध रहेको छ ।

### ४.५.२.२ विषयवस्तु

'ऐनाको आकार र प्रतिबिम्बको आकृति' निबन्धमा निबन्धकार उप्रेतीले सामाजिक किसिमको विषयवस्तुको चयन गरेका छन् । प्रस्तुत निबन्धको शीर्षक प्रतीकात्मक रूपमा राखिएको छ । ऐनालाई समाजको र प्रतिबिम्बको आकृतिलाई मानवको प्रतीकका रूपमा लिइएको पाइन्छ । यस निबन्धमा लेखकले ऐनालाई समाजको इमान्दारीताको प्रतीक मान्दै स्वयम् आफूले लेखक हुँदा प्राप्त गरेका अनुभव र समाजमा हुने गरेका विकृति विसङ्गतिलाई उदाङ्गो पारि देखाउने प्रयत्न

गरेका छन् । जीवन एउटा आकृति हो तसर्थ आफूलाई ऐना वेगर हेर्न खोजियो भने जीवनको समग्र पाटो देखिदैन भन्ने कुरा व्यङ्ग्यात्मक ढङ्गले अघि सारेका छन् । प्रस्तुत निबन्धमा ऐनालाई इमान्दारी र नाकलाई इज्जतका रूपमा व्यङ्ग्य गरिएको छ । आजका मानिसले आफ्नो मान मर्यादा भुलेर काम गर्दा आफ्नो नाक काटिन्छ, इज्जत लुटिन्छ भन्छ तर अरूको जीवनमा खेलवाड गर्छ भन्दै मानिसको अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उक्त निबन्धमा हास्यको सिर्जना गर्न नाकलाई घिरौला र तारेभिरमा उभिएको भनी संज्ञा दिएका छन् । पारिवारिक अधिनायकतालाई डण्डीफोर, अहङ्कारलाई खटिराको उपमा दिइएको छ । यी भनाइमा हास्यको अनुभूति हुन्छ । देश एकीकरणका नाममा आफ्नो नाकलाई घिरौला जस्तो घोक्र्याउन खोज्ने एकीकरणका नाइकेले कीर्तिपुरका वागीहरूका नाक-कान काटेको कार्य तीव्र व्यङ्ग्य गरिएको छ । व्यक्तिगत अहङ्कार र पारिवारिक अधिनायकतालाई नाकको डण्डीफोरको संज्ञा दिदै नेपालको इतिहासको केही कालखण्ड यही डण्डीफोर निचोर्दा बित्यो भन्दै भ्रष्ट शासकहरूको चरित्रप्रति व्यङ्ग्य गरेको देखिन्छ । प्रस्तुत निबन्धमा ऐनालाई इमान्दारी, नाकलाई इज्जत, व्यक्तिगत अहङ्कार र पारिवारिक अधिनायकतालाई डण्डीफोरको संज्ञा दिदै त्यस्ता विकृतिजन्य विषयप्रति तीव्र व्यङ्ग्य गरेको पाइन्छ । यस निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रधानता रहेको छ ।

**४.५.२.३ भाषाशैली**

'ऐनाको आकार र प्रतिबिम्बको आकृति' शीर्षकको निबन्धमा सरल तथा सहज किसिमको भाषाशैलीको प्रयोग गरिएको छ । यस निबन्धमा भावात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस निबन्धको विषयवस्तु केही जटिल भए पनि सरल भाषाशैली मार्फत प्रस्तुत गरेको देखिन्छ । प्रस्तुत निबन्धमा सरल, संयुक्त र मिश्र वाक्यको आधिक्य रहेको छ । यस निबन्धमा नाक, घिरौला जस्ता झर्रा नेपाली शब्द र ऐना, नार्सिसिस्ट जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । विषयवस्तुको प्रस्तुतिलाई आकर्षक बनाउन प्रसङ्ग अनुसार प्रश्नार्थक वाक्य र लोकोक्ति आदिको प्रयोग गरिएको छ । उदाहरणका लागि ख्याल ठट्टामा अरूलाई गिज्याउन पनि सकिन्छ तर आफ्नै अनुहारमा लागेको फोहोर त ऐना नहेरी कसरी ठम्याउन सकिन्छ ? यस प्रश्नार्थक वाक्यमा पनि हास्यव्यङ्ग्यको सङ्केत पाइन्छ । त्यसैगरी "आफ्नो आङ्को भैसी नदेख्ने अरूको आङ्को जुम्रा देख्ने" भन्ने यस लोकोक्तिले आफूलाई राम्ररी चिनेर मात्र अरूलाई गिज्याउनुपर्छ भन्ने कुराप्रति व्यङ्ग्य गरेको छ । तसर्थ हास्यव्यङ्ग्यका दृष्टिले यस निबन्धको भाषाशैली सफल देखिन्छ ।

**४.५.२.४ उद्देश्य**

'ऐनाको आकार र प्रतिबिम्बको आकृति' नामक निबन्ध लेखनको मूल उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट आजका प्रत्येक मानिसमा देखिने आडम्बर प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै त्यसलाई सुमार्गमा अघि बढाउनु रहेको छ । प्रत्येक व्यक्ति आफैमा एउटा आकृति हो, समाज भनेको ऐना हो तसर्थ त्यो व्यक्ति कस्तो छ भन्ने कुरा बनावटी ऐनाबाट होइन समाजले निर्क्यौल गर्दछ । कुनै व्यक्तिले कसैलाई यस्तो छ भनी गिज्याउनुभन्दा आफ्नै अनुहार, व्यवहारलाई ऐनारूपी समाजबाट नियाल्नुपर्छ । ऐन भन्नु नै एउटा इमान्दारी पन भएको हुँदा ऐनाको अपहेलना नभई सम्मान गर्ने बानी बसालौं भन्दै निबन्धकार स्वयम् ऐनाको अपहेलनाबाट कार्टुन बन्न पुगेको कुरा उल्लेख गरेका छन् । समाजमा देखापरेका विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्दै सुधारात्मक सन्देश दिनु प्रस्तुत निबन्धको उद्देश्य रहेको छ ।

### **४.५.२.५ निष्कर्ष**

यस निबन्धमा आजका सम्पूर्ण देखिने विकृति विसङ्गति र आडम्बरी प्रवृत्तिप्रति हास्य र व्यङ्ग्यका माध्यमबाट उदाङ्गो पारिदिने काम गरिएको छ । प्रत्येक व्यक्ति आफैमा एउटा आकृति हो । समाज भनेको ऐना हो । तसर्थ व्यक्ति कस्तो छ भन्ने कुरा बनावटी ऐनाबाट होइन समाजले निर्क्यौल गर्छ । कुनै व्यक्तिलाई यस्तो छ भनी गिज्याउने होइन आफू कस्तो छु भन्ने कुरामा विचार गर्नुपर्छ । आफूले नराम्रो काम गर्दा इज्जत जान्छ होइन अरूमाथि त्यस्तो दुर्व्यवहार गर्दा पनि अवश्य इज्जत जान्छ भन्ने कुरालाई देखाउनु नै यस निबन्धको निष्कर्ष रहेको छ ।

### **४.५.३ 'तेरा कुरा इस्' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन**

### **४.५.३.१ परिचय**

'तेरा कुरा इस्' शीर्षकको निबन्ध उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको निबन्धात्मक कृति हो । यसलाई सर्वप्रथम २०४७ को **गरिमा** पत्रिकामा छापिएको थियो । प्रस्तुत निबन्धलाई अहिले 'नामको खोल' निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । आकारका दृष्टिले हेर्दा यो निबन्ध लामाछोटा गरी जम्मा १७ अनुच्छेदमा संरचित मझौला किसिमको निबन्धका रूपमा लिन सकिन्छ । यो निबन्ध रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ ।

'तेरा कुरा इस्' शीर्षकको निबन्धमा हाम्रो समाजमा अपाच्य हुने 'तेरा कुरा इस्' जस्तो भनाइलाई निबन्धकार सरल र सहज किसिमले प्रस्तुत गरेका छन् । आजका मानिसमा कसैको मान, सम्मान, मर्यादा, आज्ञापालन र विश्वास छैन । शैक्षिक संस्था, धार्मिक स्थल, पारिवारिक जीवन र राजनीति आदिमा 'तेरा कुरा इस्'

को प्रवृत्ति बढेको छ । ठूलाका अगाडि सानाले औंला ठड्याउँदै 'तेरा कुरा इस्' भन्छन् भन्दै हाम्रो समाजमा देखापर्ने विकृति विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको कामना यस निबन्धमा गरिएको छ । तसर्थ यस निबन्धको शीर्षक र भावका बीच तादात्म्य सम्बन्ध रहेको पाइन्छ ।

### ४.५.३.२ विषयवस्तु

'तेरा कुरा इस्' निबन्धमा निबन्धकार उप्रेतीले समाजको पारिवारिक, शैक्षिक, धार्मिक तथा राजनैतिक क्षेत्रमा देखापर्ने विकृति विसङ्गतिलाई विषयवस्तुका रूपमा चयन गरेका छन् । हाम्रो समाजमा बोल्दा समेत पाच्य नहुने बालसुलभ बोली 'तेला कुला इत्' लाई टिपेर देशको आर्थिक, राजनैतिक, शैक्षिक, पारिवारिक क्षेत्रमा समेत 'इस' को प्रवृत्ति बढ्दै गएकोमा निबन्धकार उप्रेतीले व्यङ्ग्यवाण प्रहार गरेको पाइन्छ । आजका सम्पूर्ण मानिस शिक्षित भएर पनि उनीहरूको व्यवहारमा कुनै नवीन विचार देखिदैन । बालकदेखि वृद्धसम्म सबैको आचरणमा कुनै भिन्नता पाइँदैन । नियम, अनुशासन, मान, मर्यादा भन्ने कुरा 'आज कुन चरीको नाम' भएको छ भन्दै समाजमा देखा पर्ने सबै खालका विकृतिप्रति निबन्धकारले तीव्र व्यङ्ग्य प्रहार गरेका छन् ।

#### (क) पारिवारिक विकृतिप्रति व्यङ्ग्य

'तेरा कुरा इस्' निबन्धले पारिवारिक विकृतिप्रति तिखो व्यङ्ग्य प्रहार गरेको छ । जुनसुकै परिवारमा पनि घरमा मुली व्यक्ति बुबा-आमाको आदेश छोरा-छोरीले पालना गर्नुपर्छ । दाजु-दिदीको आज्ञा भाइ-बैनीले पालना गर्नुपर्छ तबमात्र त्यो परिवार सफल बन्न सक्छ । यसको विपरीत आजभोलि हाम्रो परिवारमा बुबा-आमाको आदेश, मान, मर्यादा आदिको पालना गरिदैन । उनीहरूले बोलेका सत्य कुराप्रति विश्वास नगरी ठूलाका अगाडि सानाले औंला ठड्याउने नकारात्मक प्रवृत्तिको विकास भएको छ । छोरा-छोरीले बाबु-आमाका कुरा काट्दै 'तेरा कुरा इस्' भनेर जिद्धी गर्छन् भन्दै यस्ता विकृतिजन्य कुराहरूप्रति निबन्धकारले तीव्र व्यङ्ग्य प्रहार गरेका छन् ।

#### (ख) शैक्षिक विकृतिप्रति व्यङ्ग्य

शिक्षाको मूल आधारशीला मानिने विद्यालय तथा विश्वविद्यालयहरूमा शिक्षक पढाउन जान्छ । उसले मिहिनेत गरेर पढाउन खोज्छ तर विद्यार्थीहरूले उसले पढाउन खोजेको कुराप्रति वेवास्था र अविश्वास प्रकट गर्दै 'तेरा कुरा इस्' को प्रतिक्रिया जनाउँछन् । त्यहाँ आफ्ना गुरुप्रति चेलाले गरेको अपमानलाई

निबन्धकारले व्यङ्ग्य गरेका छन् । त्यस्ता विकृतिहरूबाट छुट्कारा पाउने सुधारात्मक सन्देश प्रस्तुत निबन्धमा दिइएको छ ।

**(ग) राजनैतिक विकृतिप्रति व्यङ्ग्य**

युग जीवनको अनुशासन एवम् शक्ति विभाजनको स्वरूप मानिने राजनीतिमा पनि प्रशस्त विकृतिहरू देखापर्छन् । देश विकास गर्छौं भनी खोलिएका देशका राजनैतिक पाटी र तिनीसँग सम्बन्धित नेताहरू आज आफू र आफ्नो परिवारको उन्नति-प्रगतिमा लागेका छन् । दक्षिणपन्थी, देब्रेपन्थी तथा अन्य अवसरवादी राजनेताहरू झोला बोकेर कुँदेका हुन्छन् । नयाँ रङ्गको आवरण ओढेर तर उनीहरू भित्रको सामन्ती अहममा कतैबाट धक्का आउँछ कि सबै कुरा बिर्सन्छन् । उनीहरू आफ्नो स्वार्थको अजीर्ण डकार ओकल्छन् 'तेरा कुरा इस्' । यसरी प्रस्तुत निबन्धमा अवसरवादी र चैते नेताहरूप्रति तीव्र व्यङ्ग्य गर्दै तिनीहरूदेखि टाढै रहनुपर्ने सन्देश निबन्धकारले दिएका छन् ।

**(घ) धार्मिक विकृतिप्रति व्यङ्ग्य**

आजभोलि कुनै धार्मिक मठमन्दिरमा दर्शन गर्न जाँदा त्यहाँ पनि प्रशस्त विकृतिहरू देखापर्छन् । कुनै मन्दिरमा गुरुहरूले धार्मिक आस्थाको अर्थ लगाउँदा भक्तहरू उल्टै प्रतिक्रिया जनाइरहेका हुन्छन् 'तेरा कुरा इस्' त्यहाँ पनि गुरु र भक्तका बीच कुनै मान मर्यादाको पालन गरिएन । धार्मिक स्थलहरूमा भक्तहरू गुरुप्रति विश्वास गर्दैनन् । गुरुका आदर्शमय कुरालाई अपहेलना गर्दै भक्तहरू औंला ठड्याउँदै 'तेरा कुरा इस्' को प्रतिक्रिया जनाउँछन् भन्दै निबन्धकारले यस निबन्धमा धार्मिक विकृतिप्रति तीव्र व्यङ्ग्य गरेका छन् ।

'तेरा कुरा इस्' निबन्धमा निबन्धकार उप्रेतीले पाठकलाई हास्य भावको अनुभव गराउन 'घर गए पनि, वन गए पनि आफ्नो हातमा त उही गिट्टे पिंडालु' जस्ता लोकोक्तिको प्रयोग गरेका छन् । यस लोकोक्तिमा झट्ट सुन्दा हास्य उत्पन्न हुन्छ भने गहिरिएर बुझ्दा आज हाम्रो समाजको जुनसुकै क्षेत्रमा पनि 'तेरा कुरा इस्' जस्तो विकृतिको प्रयोग बढ्दै गएकोमा निबन्धकारले तिखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

**४.५.३.३ भाषाशैली**

'तेरा कुरा इस्' निबन्धको भाषाशैली सरल, सहज तथा सुवोध्य किसिमको छ । यो निबन्ध तृतीय पुरुष कथन पद्धतिमा संरचित गरिएको पाइन्छ । यस निबन्धमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । प्रस्तुत निबन्धको भाषाशैली मीठो बनाउन निबन्धमा ठेट नेपाली शब्द गिट्टे, भ्याकुर र केही अनुकरणात्मक

शब्दको प्रयोग भएको पाइन्छ । विषयवस्तुको प्रस्तुतिलाई आकर्षक बनाउन नेपाली जनजिब्रोमा प्रचलित लोकोक्तिको प्रयोग भएको देखिन्छ । "घर गए पनि, वन गए पनि आफ्नो हातमा त उही गिट्ठे पिंडालु" जस्ता लोकोक्तिको प्रयोगले प्रस्तुत निबन्धको भाषाशैली हास्यव्यङ्ग्यात्मक बन्न पुगेको छ । तसर्थ भाषाशैलीका दृष्टिले 'तेरा कुरा इस्' निबन्ध सफल देखिन्छ ।

**४.५.३.४ उद्देश्य**

'तेरा कुरा इस्' निबन्धको उद्देश्य हास्य र व्यङ्ग्यात्मक माध्यमले समाजका विभिन्न तहमा देखिने विकृति विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको दिशा निर्देश गर्नु हो । समाजका विभिन्न ओहदामा बस्ने मानिसलाई सामाजिक नीति, नियम, आदर्श, मान, मर्यादा आदिको पालना गर्नु पर्ने सन्देश दिइएको छ । आजको हाम्रो अधोगतितर्फ अग्रसर समाजलाई अगाडि बढाउने सन्देश दिदै सम्पूर्ण विकृति विसङ्गतिप्रति सुधारात्मक व्यङ्ग्य प्रहार गर्नु यस निबन्धको उद्देश्य रहेको छ ।

**४.५.३.५ निष्कर्ष**

'तेरा कुरा इस्' निबन्धमा निबन्धकार उप्रेतीले एउटा बालसुलभ बोली 'तेरा कुरा इस्' लाई आत्मसात गर्दै सरल ढङ्गमा हाम्रो समाजको पारिवारिक, शैक्षिक, धार्मिक र राजनैतिक आदि क्षेत्रमा देखिएका विकृति, विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरेका छन् । आजको एक्काइसौं शताब्दीको आधुनिक युगमा प्रवेश गरेका, विभिन्न ओहोदामा बसेका सम्पूर्ण मानिसलाई सामाजिक नीति, नियम, आदर्श, मान, मर्यादा आदि गुणको पालना गर्नु पर्ने सन्देश यस निबन्धमा निबन्धकारले दिएको पाइन्छ । समाजका विभिन्न तहमा देखिएका विकृति विसङ्गतिप्रति सुधारात्मक व्यङ्ग्य प्रहार गर्नु यस निबन्धको निचोड रहेको छ ।

**४.५.४ 'लेखक बन्ने रहरमा' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन**

**४.५.४.१ परिचय**

'लेखक बन्ने रहरमा' शीर्षकको निबन्ध गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको निबन्ध हो । यस निबन्धलाई सर्वप्रथम **साथी** पत्रिका (वर्ष १२, अङ्क ३, २०५९) असोजमा छापिएको हो । यसलाई अहिले 'नामको खोल' शीर्षकको निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । प्रस्तुत निबन्धलाई संरचनात्मक दृष्टिले हेर्दा जम्मा लामा छोटा १७ अनुच्छेदमा संरचित मझौला आयामको निबन्धात्मक कृतिका रूपमा लिन सकिन्छ ।

'लेखक बन्ने रहरमा' निबन्धमा निबन्धकार स्वयम् लेखक बन्ने रहर लिएर अघि बढेकोमा पश्चाताप व्यक्त गरेका छन् । जोसुकै पनि लेखक बन्न सक्छ तर असल लेखक कोहिमात्र बन्दछन् । एउटा ठूलो लेखक बन्न विवेक, स्वाभिमान, इमान्दर, मिहिनेती आदि गुणले युक्त व्यक्ति मात्र एउटा असल लेखक बन्न सक्छ । यसका लागि घृणा र तिरस्कार खेप्नु पर्ने मैलो दहका इतिहासका रूपमा लेखन व्यवसायप्रति तीव्र व्यङ्ग्य गरेका छन् । ठूलो मान्छे बन्ने अभिलाषा राखेर अघि बढेका मन्त्री, डाक्टर, इन्जिनियर आदिका कार्यप्रति व्यङ्ग्य गर्दै ठूलो मान्छे हुनुभन्दा असल बन्ने रहर गर्नुपर्छ ठूलो बन्न खोज्ने मान्छे नेता, बन्न सक्छ तर लेखक बन्न सक्दैन । कुनै पनि मान्छे रहरले लेखक बन्न सक्दैन यसको लागि ठूलो चुनौती छ । तसर्थ यस निबन्धमा शीर्षक र भावसङ्गतिका बीच तादात्म्य सम्बन्ध रहेको छ ।

### ४.५.४.२ विषयवस्तु

'लेखक बन्ने रहरमा' निबन्धमा सामाजिक किसिमको विषयवस्तुको चयन गरेका छन् । निबन्धकार स्वयम्ले आफ्नो जीवनमा लेखक बन्ने रहरमा भोगेका अनुभवहरूलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । मान्छेहरूमा रहर अनेक प्रकारका हुन्छन् । ठूलो हुन सक्ने मान्छे नेता बन्न सक्छ तर लेखक बन्न सक्दैन । कसैले ठूलो महत्वाकांक्षा राखेर लेखक बन्ने रहर नगर्नु र सत्य उद्घाटन गर्ने निर्भीक एवम् इमान्दार बन्ने कोशिश गर्नुपर्छ भन्ने कुरालाई निबन्धकारले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । निबन्धकारले आफूले लेखब बन्ने रहर लिएर अघि बढेकोमा पश्चाताप व्यक्त गर्दै लेखक व्यवसायलाई विवेक र स्वाभिमानमा आउने चुनौती र यिनलाई बन्धक बनाएर घृणा र तिरस्कार खेप्नु पर्ने मैलो दहको इतिहासका रूपमा लेखन व्यवसायप्रति व्यङ्ग्य गरेका छन् । यस निबन्धमा "बेसरी खाउ जसरी भए पनि कमाउको" अवधारणा बोकेर समाज सुधारको खोक्रो नारा लिएर अघि बढेका राजनेताहरूप्रति तीव्र व्यङ्ग्य गरेको देखिन्छ । यिनैको नक्कल गरेर भविष्यको सुन्दर कल्पना गर्नु हाम्रा बालबालिकाका लागि स्वभाविक हो । अहिले बढ्दै गएको हत्या, हिंसा, लुटपाट "कमाउ र मोजसँग उडाऊ" भन्ने आवाजको रौनक चलेको दुनियामा सानो बालक म डाक्टर, मन्त्री, ढेकेदार, इन्जिनियर बन्नेछु भनेर किन नभनोस भन्दै राजनैतिक विकृतिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । ठूलो मान्छे बन्ने रहरमा, प्रलोभनमा लागेको व्यक्तिलाई रहरले लुच्चो, ठाँट, अहङ्कारी एवम् स्वार्थी बनाउँछ भन्दै अतिशय रहरको कल्पना गर्नु निरर्थक रहेको कुराप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । यस निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रबलता रहेको छ ।

### ४.५.४.३ भाषाशैली

'लेखक बन्ने रहरमा' शीर्षकको निबन्धमा निबन्धकार उप्रेतीले सरल किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । आफ्ना विचार वा अभिव्यक्तिलाई धाराप्रवाह रूपमा व्यक्त गर्ने क्रममा कतिपय ठाउँमा भाषिक परिष्कारको अभाव देखिन्छ । यस निबन्धमा छोटा तथा सरल वाक्यको प्रयोग गरिएको छ । निबन्धलाई रैखिक ढाँचामा संरचित गरिएको पाइन्छ । यस निबन्धमा विचारात्मक शैलीको प्रयोग भएको देखिन्छ । प्रस्तुत निबन्ध प्रथम पुरुष कथनपद्धतिमा आबद्ध रहेको छ । विषयवस्तुको प्रस्तुतिलाई रोचक बनाउन प्रसङ्ग अनुसार प्रश्नार्थक वाक्यको प्रयोग गरिएको छ । रचनाहरूका ठेलीले मात्र एउटा लेखक स्थापित बन्न सक्छ या कृतिको परिमाणभन्दा अरू केही निश्चित विशेषताहरू एउटा लेखकमा हुनुपर्छ ? यस वाक्यले किताबका ठेली लेखेर मात्र लेखक बन्न सकिदैन उत्कृष्ट गुणात्मक कृतिको रचनाबाट मात्र एउटा कुशल लेखक बन्न सकिन्छ भन्ने कुरा अघि सारेको छ । हास्यव्यङ्ग्यात्मक दृष्टिले यसको भाषाशैली सफल नै मान्न सकिन्छ ।

### ४.५.४.४ उद्देश्य

'लेखक बन्ने रहरमा' निबन्धको उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट कुनै पनि मान्छे रहरले लेखक बन्न सक्दैन यसको लागि ठूलो चुनौती छ भन्ने कुरा देखाउनु हो । ठूलो मान्छे बन्ने अभिलाषा राखेर अघि बढेका मन्त्री, डाक्टर, इन्जिनियर आदिका कार्यप्रति व्यङ्ग्य गर्दै ठूलो मान्छे बन्नुभन्दा असल मान्छे बन्ने रहर गर्नुपर्छ । ठूलो बन्न खोज्ने मान्छे नेता बन्न सक्छ तर लेखक बन्न सक्दैन यसको लागि ठूलो चुनौती छ । असल, इमान्दार, परिश्रमी व्यक्ति मात्र लेखक बन्न सक्छ । शक्तिले मान्छेलाई ठूलो बनाउँछ भने विवेकले मानिसलाई असल बनाउँछ । प्रत्येक व्यक्तिले अब आफूलाई ठूलो नभई सत्य उद्घाटन गर्ने निर्भीक एवम् इमान्दार बन्ने कोशिश गर्नुपर्छ । लेखक बनेर ठूलो भइन्छ तथा लेखक बन्न सजिलो छ भन्ने दिवास्वप्ना नदेख्न निबन्धकारले आग्रह गरेका छन् ।

### ४.५.४.५ निष्कर्ष

'लेखक बन्ने रहरमा' निबन्धमा कुनै पनि मानिस ठूलो बन्न चाहेमा नेता, मन्त्री, इन्जिनियर आदि बन्न सक्छ तर लेखक बन्न सक्दैन । एउटा ठूलो लेखक बन्नका लागि उसमा इमान्दारी, निर्भीक, सत्यनिष्ठ र परिश्रमी जस्ता गुण हुनु आवश्यक छ । लेखन व्यवसाय भनेको अवसर र चुनौती दुवै हो । ठूलो मान्छे बन्ने अभिलाषा बोकेर अघि बढेका राजनेता, मन्त्री, इन्जिनियर आदिका कार्यप्रति निबन्धकारले तीव्र व्यङ्ग्य गरेका छन् । प्रत्येक व्यक्तिले आफूलाई ठूलो नभई सत्य

उद्घाटन गर्ने निर्भीक एवम् इमान्दार बन्ने कोशिश गर्नुपर्छ भन्ने सन्देश निबन्धकारले दिएका छन् ।

### ४.५.५ 'बरालिने रोग' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन

#### ४.५.५.१ परिचय

'बरालिने रोग' शीर्षकको निबन्ध उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको निबन्ध हो । यसलाई 'नामको खोल' निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । आयामका दृष्टिले हेर्दा यो निबन्ध लामाछोटा गरी जम्मा १३ अनुच्छेदमा संरचित गरिएको पाइन्छ । उक्त निबन्ध रैखिक ढाँचामा अगाडि बढेको छ ।

'बरालिने रोग' निबन्धमा निबन्धकार गङ्गाप्रसाद उप्रेतीले देशको सामाजिक, शैक्षिक, आर्थिक, प्रशासनिक क्षेत्रमा दिन प्रतिदिन बढ्दै गएका विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरेका छन् । देशमा बढ्दो गरिबी र वेरोजगारीका कारण सम्पूर्ण युवाहरू विदेशतर्फ पलायन भएका छन् । कुनै युवा चोरी, डकैती जस्ता कुकार्यमा संलग्न भएका छन् । देशका जल्दाबल्दा, होनाहार प्रतिभामा बरालिने रोग लागेको छ । यस्तो समस्या समाधान गर्न देशको सरकार मौन रहेको देखिन्छ भन्ने कुरालाई यस निबन्धमा अभिव्यक्त गरिएको हुँदा बरालिने रोग शीर्षक र यसले व्यक्त गर्न खोजेको भावका बीच तादात्म्य सम्बन्ध रहेको छ ।

#### ४.५.५.२ विषयवस्तु

'बरालिने रोग' निबन्धमा निबन्धकारले समाजको शैक्षिक, आर्थिक, प्रशासनिक र राजनैतिक क्षेत्रमा देखापरेका विकृति विसङ्गतिलाई विषयवस्तुका रूपमा चयन गरेका छन् । बरालिने रोग झट्ट सुन्दा सामान्य जस्तो लागे पनि यसले वेरोजगारी जस्तो डरलाग्दो अवस्थाप्रति तीव्र व्यङ्ग्य गरेको छ । यस निबन्धमा निबन्धकार उप्रेतीले समाजको शैक्षिक, आर्थिक, प्रशासनिक, राजनैतिक आदि क्षेत्रमा देखा पर्ने विकृति र विसङ्गतिका कारण आज सम्पूर्ण युवाहरू पलायन हुनुपरेको कुराप्रति व्यङ्ग्य प्रहार गरेको पाइन्छ । देश दिन प्रतिदिन अन्धकारको भुमरीमा फस्दैछ, देश सञ्चालन गरी नयाँ नेपाल बनाउन झूठा आश्वासन दिने हाम्रा राजनेताहरूबाट युवाहरूका लागि नयाँ अवसरहरू दिन्छन् भन्ने कुरा कल्पना समेत गर्न सकिदैन । जीवन निर्वाह गर्नका लागि आवश्यक गास, बास, कपास, स्वास्थ्य, सुरक्षा, शिक्षा प्राप्त गर्न नसक्दा सम्पूर्ण युवाहरूमा बरालिने रोग लागेको छ । देशमा उचित शिक्षाको अभाव, वेरोजगारी समस्या आदिका कारण मानिसहरू बरालिदै भद्रकाली शहीदगेट, खिचापोखरी आदि ठाउँमा बरालिदै घुम्छन् भन्दै देशको

सरकारी तथा प्रशासनिक निकायप्रति यस निबन्धले व्यङ्ग्य प्रहार गरेको छ । काठमाडौँका खोला, किनारमा देखिने ग्रामीण युवतीका आधा कुहिएका लासहरू र नालसम्म नछुट्याई फालिएका बच्चाहरूका चीत्कारमा मुलुकको फितलो सुरक्षा व्यवस्थाप्रति व्यङ्ग्य गरिएको छ । राजनैतिक नेता जुलुसका नाइके मात्र भएको तर उनीहरू कहिल्लै शहरको किनारातिर बेथिति र पीडित मान्छेको अवस्था नबुझेको भन्दै चैते नेताहरूप्रति व्यङ्ग्य गरेको देखिन्छ । नेपाली समाजमा देखापरेको आर्थिक असमानता र पूँजीवादी सामन्ती फटाहाहरूको चारित्रिक विशेषताप्रति तीव्र व्यङ्ग्य गरिएको छ । देशको शैक्षिक अवस्थामा हुने गरेको लापरवाही र पूँजीवादी शिक्षाबाट प्रभावित व्यक्तिहरू पलायन हुने गरेको भन्दै शैक्षिक विकृतिप्रति कडा व्यङ्ग्य गरेको पाइन्छ । 'बरालिने रोग' निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रधानता रहेको देखिन्छ ।

### ४.५.५.३ भाषाशैली

'बरालिने रोग' निबन्धको भाषाशैली सरल किसिमको छ । यसमा सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग गरेको पाइन्छ । प्रस्तुत निबन्धमा नेपाली जनजिब्रोमा प्रचलित ठेट नेपाली शब्द, तत्सम शब्द तथा आगन्तुक शब्दको प्रचुर मात्रामा प्रयोग गरिएको छ । तृतीय पुरुष कथनपद्धतिमा संरचित उक्त निबन्धमा रैखिक ढाँचा अगाडि बढेको देखिन्छ । प्रस्तुत निबन्धमा विषयवस्तुको प्रस्तुतिलाई थप आकर्षक बनाउन ठाउँ-ठाउँमा प्रश्नार्थक वाक्यको प्रयोग गरिएको छ । एउटा उदाहरणको लागि मेरो फेद न टुप्पाको सल्लाह सुनेर तपाइँलाई लाग्ला कतै जीवनदेखि विरक्त यो गफाडीले सबैलाई आफू जस्तै पलायनका यात्राको सहयात्री बनाउन खोजेको त होइन ? यस वाक्यमा पनि व्यङ्ग्यको चोटिलो प्रहार गरिएको छ । निबन्धकारले बरालिने रोग लाग्नका कारण बताउँदै गर्दा आम पाठकमा लेखक जीवनदेखि विरक्त भएर आफू जस्तै पलायनको सहयात्री बनाउन त खोजेको होइन भन्ने आशङ्का व्यक्त गर्नका लागि यस्तो वाक्य अगाडि ल्याएको देखिन्छ । बरालिने रोग निबन्धको भाषाशैली हास्यव्यङ्ग्यका दृष्टिले सफल मान्न सकिन्छ ।

### ४.५.५.४ उद्देश्य

'बरालिने रोग' निबन्धको उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट देशको शैक्षिक, प्रशासनिक, आर्थिक र राजनैतिक क्षेत्रमा देखापरेका विकृति विसङ्गतिप्रति व्यङ्ग्य हान्दै सुधारात्मक चेतनाको सन्देश दिनु हो । देशको उचित शिक्षा नीति, वेरोजगारीको समस्या र आर्थिक अभावका कारण आज सम्पूर्ण युवाहरूमा बरालिने रोग लागेको छ । उनीहरूमा कुनै नयाँ विचारको सन्देश पाइँदैन तसर्थ युवाहरू पलायन हुन लागेका छन् भन्दै देशको समग्र सरकारी संयन्त्रप्रति तीव्र व्यङ्ग्य

गरिएको छ । त्यस्तो वेरोजगारी र गरिबीको समस्या समाधान गरी देशलाई नयाँ बाटो तर्फ अग्रसर गराउनु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ ।

**४.५.५.५ निष्कर्ष**

'बरालिने रोग' निबन्धमा निबन्धकारले देशमा सरकारले युवाहरूका लागि रोजगारीका कुनै अवसर नदिदा सम्पूर्ण युवा वर्गमा बरालिने रोग लागेको कुरालाई हास्य र व्यङ्ग्यका माध्यमबाट प्रष्ट पारिएको छ । देशको शैक्षिक, प्रशासनिक, आर्थिक र राजनैतिक क्षेत्रमा देखापरेका विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । नेपाल सरकारलाई छिट्टै देशमा युवाहरूका लागि रोजागरीका सुनौला अवसरहरू दिएर पलायन हुन लागेका युवाशक्तिलाई देशमा लगानी गरी विकासको प्रतिफल प्राप्त गर्ने सुधारात्मक सन्देश यस निबन्धको निष्कर्ष रहेको छ ।

**४.५.६ 'विचरा रामेश र मञ्जुलहरू' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन**

**४.५.६.१ परिचय**

'विचरा रामेश र मञ्जुलहरू' शीर्षकको निबन्ध उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको हो । यसलाई सर्वप्रथम **गरिमा** पूर्णाङ्क ६५ मा प्रकाशित गरिएको पाइन्छ । यो निबन्ध अहिले 'नामको खोल' निबन्ध सङ्ग्रहमा सङ्कलित छ । उक्त निबन्धलाई आयामका दृष्टिले हेर्दा लामाछोटा गरी जम्मा १९ परिच्छेदमा संरचित मझौला किसिमको निबन्धका रूपमा लिन सकिन्छ ।

'विचरा रामेश र मञ्जुलहरू' शीर्षकको निबन्धमा कला संस्कृतिमा कलाकारहरूको व्यवसायीकरणले गर्दा देखापर्ने विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । यसको शीर्षकले नै हास्यव्यङ्ग्यको सङ्केत गरेको छ । कुनै व्यक्तिका बीचमा रहेको सुमधुर सम्बन्ध कसरी व्यक्तिगत स्वार्थ, लोभलालच आदिका कारण एक्कासी तोडिन्छ भन्ने कुरामा व्यङ्ग्य गरिएको पाइन्छ । यस निबन्धमा रामेश र मञ्जुलका बीचमा एक अर्कोका अभावमा सिंगो कलाकारिता अपूर्ण हुन्छ । कुनै व्यक्तिमा मित्रताको नाममा देखापर्ने राजनैतिक, सांस्कृतिक तथा सामाजिक धरातलमा देखापर्ने गुट र उपगुटप्रति व्यङ्ग्य गरिएको छ । कुनै दुई व्यक्तिका बीचको मित्रतामा फुट आउँदा ती व्यक्ति र देश दुवैलाई उत्तिकै हानी पुग्छ भनिएको छ तसर्थ यस निबन्धको शीर्षक र भावसङ्गतिबीच तादात्म्य सम्बन्ध रहेको पाइन्छ ।

**४.५.६.२ विषयवस्तु**

'विचरा रामेश र मञ्जुलहरू' निबन्धको विषयवस्तु देशको कला, साहित्य र संस्कृतिसँग सम्बन्धित छ । यस निबन्धमा कला, संस्कृतिमा कलाकारहरूको

व्यवसायीकरणले गर्दा देखापर्ने विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । कुनै व्यक्तिको मित्रताको नाममा देखापर्ने राजनैतिक, सांस्कृतिक तथा सामाजिक धरातलमा देखापर्ने गुट र उपगुटप्रति व्यङ्ग्य गरेको देखिन्छ । विचरा रामेश र मञ्जुलहरूमा जनताको संस्कृति मौलाएको हेर्न चाहने एक शुभेच्छुकको मनको व्यथा हो । कुनै व्यक्तिका बीचमा रहेको सुमधुर सम्बन्ध कसरी एक्कासी तोडिन्छ भन्ने कुरामा व्यङ्ग्य गरिएको छ । समाजमा कुनै दुई व्यक्तिबीच सम्बन्ध हुँदा समाजलाई फाइदा हुन्छ भने दुईबीचको असमझदारीले रिक्तताको अवस्था सिर्जना गर्छ भन्दै रामेश र मञ्जुलको उदाहरण दिदै व्यक्तिगत शत्रुताप्रति व्यङ्ग्य गरेको पाइन्छ । मित्रताको गठन र विघटन विभिन्न मान्यता र नियममा बाँधिएका हुन्छन् । त्यसको मूल कडी आस्था हो भन्दै समानताको आकांक्षा र आपसी कलहप्रति व्यङ्ग्य गरिएको छ । राजनैतिक, सामाजिक, सांस्कृतिक धरातलमा जन्मिएका विभिन्न गुट, उपगुटले देश विभाजनको खाडलमा पुऱ्याउँछन् भन्दै त्यस्ता विकृतिप्रति व्यङ्ग्य गरिएको छ । देशका कलाकारहरू देश र जनताप्रतिको उत्तरदायित्व बिर्सेर व्यवसायिक कलाकार बनेकोमा यस निबन्धले व्यङ्ग्य गरेको पाइन्छ । प्रस्तुत निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रबलता रहेको छ ।

### ४.५.६.३ भाषाशैली

भाषा मानवीय अनुभूति र अभिव्यक्तिको माध्यम हो । त्यसैले यो व्यक्तिको अनुभव र अनुभूति यथार्थको अभिव्यक्तिको माध्यम हुनुका साथै सामाजिक चिन्तनको प्रतीक हो । शैलीलाई रचनाको विशिष्ट प्रकार मानिन्छ । निबन्धलाई कस्ता शब्द र वाक्यमा कसरी अभिव्यक्ति गरिएको छ भन्ने कुरा नै शैली हो । यस निबन्धमा विवरणात्मक शैलीको प्रयोग गरिएको छ । 'विचरा रामेश र मञ्जुलहरू' निबन्धमा निबन्धकारले सरल, सहज तथा सामान्य भाषाको प्रयोग गरेका छन् । निबन्धलाई रोचक बनाउने काम निबन्धकारले गरेका छन् । यस निबन्धमा तृतीय पुरुष, कथनपद्धतिको प्रयोग गरिएको छ । विषयवस्तुको प्रस्तुतिलाई आकर्षक बनाउनका लागि प्रसङ्गअनुसार प्रश्नार्थक वाक्य, उखानटुक्का तथा अनुप्रासयुक्त हरफको प्रयोग गरिएको पाइन्छ । यसको उदाहरण त्यसो भए के त यी दुवैले आफू-आफूले सामना गर्दै जानु पर्ने जीवनका विशिष्ट परिस्थितिलाई पन्छाएर केवल भावुकतामा नै आफ्नो मित्रताको परिभाषा गर्न खोजेर यस्तो असमझदारी बढेको हो त ? "काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर" जस्ता उखानटुक्काले पनि हास्यव्यङ्ग्यको सिर्जना गरेको छ त्यसैगरी यसमा प्रयुक्त अनुप्रासयुक्त पंक्तिहरूको पनि प्रयोग भएको पाइन्छ ।

हामी सानो छँदा बाबु-बाजे भन्थे,
साँचो डग्दैन् नानी, झुटो टिक्दैन
अहिले हामी पनि त्यही कुरा भन्छौं
साँचो डग्दैन हेर, झुटो टिक्दैन ।

(श्याम तमोट, सङ्कल्प शृङ्खला)

भाषाशैलीको दृष्टिले 'विचरा रामेश र मञ्जुलहरू' निबन्ध सफल देखिन्छ ।

**४.५.६.४ उद्देश्य**

'विचरा रामेश र मञ्जुलहरू' निबन्धको उद्देश्य हास्य र व्यङ्ग्य माध्यमबाट देशको कला साहित्यमा देखापर्ने विकृति विसङ्गति व्यङ्ग्य गर्दै स्वस्थ समाजको निर्माण गर्नु रहेको छ । रामेश र मञ्जुलको प्रारम्भिक मिलन र पछाडि व्यवसायिकरणको स्वार्थी प्रवृत्तिका कारण तिनीहरूको मित्रतामा देखिएको तिक्तताको वर्णन गरिएको छ । यसैगरी रामेश र मञ्जुलको कलाकारिताको वर्णन गर्दै एक अर्काको अभावमा सिंगो कलाकारिता अपूर्ण हुन्छ भन्दै मित्रताको नाममा हुने सामाजिक, सांस्कृतिक, समूह उपसमूहप्रति व्यङ्ग्य गर्नु प्रस्तुत निबन्धको उद्देश्य रहेको छ ।

**४.५.६.५ निष्कर्ष**

'विचरा रामेश र मञ्जुलहरू' शीर्षकको निबन्धमा निबन्धकार उप्रेतीले कुनै दुई व्यक्तिका बीचमा रहेको गाढा मित्रतालाई व्यवसायिक स्वार्थका कारण मनमुटाव सिर्जना गर्नुहुँदैन । यसले समग्र देशलाई ठूलो नोक्सान पुऱ्याउँछ । रामेश र मञ्जुलको आपसी मित्रता कायम रहँदा प्रगतिवादी नेपाली कला र संस्कृतिले प्राप्त गरेको उपलब्धिको सराहना गर्दै तिनीहरूका बीचमा आएको फुटले सिंगो कलाकारिता अपूर्ण भएकोमा निबन्धकारले खेद प्रकट गर्छन् । प्रस्तुत निबन्धमा मित्रताको नाममा हुने सामाजिक, सांस्कृतिक, राजनैतिक, व्यवसायिक गुट उपगुटप्रति व्यङ्ग्य प्रहार गर्दै सुधारात्मक चेतनाको सन्देश दिइएको छ । देश र जनताको हितको लागि फुटेर होइन जुटेर लागौं भन्ने सन्देश दिनु नै यस निबन्धको निचोड रहेको छ ।

**४.५.७ 'हामी सबै रत्नाकरहरू' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन**

**४.५.७.१ परिचय**

'हामी सबै रत्नाकरहरू' शीर्षकको निबन्ध गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको हो । यस निबन्धलाई सर्वप्रथम **गरिमा** पत्रिका (२०५९) मा छापिएको पाइन्छ । प्रस्तुत निबन्धलाई अहिले 'नामको खोल'

निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । आयामका दृष्टिले हेर्दा यस निबन्धलाई जम्मा १९ अनुच्छेदमा संरचित मभ्फौला किसिमको निबन्धका रूपमा लिन सकिन्छ ।

'हामी सबै रत्नाकरहरू' शीर्षकको निबन्धमा देशको शैक्षिक तथा आर्थिक क्षेत्रमा देखापर्ने विकृतिप्रति व्यङ्ग्य गरिएको छ । यस निबन्धमा चोरी, डकैती, असहयोग, विध्वंश, घृणाजन्य कार्य गर्ने व्यक्तिलाई रत्नाकर र सिर्जना, दया, सहयोग जस्ता प्रवृत्ति रहेको व्यक्तिलाई वाल्मीकिका रूपमा लिइएको छ । एउटा मान्छे रत्नाकर र वाल्मीकि दुवै हो । जब वाल्मीकिलाई रत्नाकरजन्य गुणले जित्छ तब त्यो व्यक्ति रत्नाकर बन्छ । कुनै व्यक्ति रहरले रत्नाकर बन्छ भने कोहि बाध्यताले रत्नाकर बन्दछ । देशमा बढ्दो अशिक्षा, आर्थिक अभाव र वेरोजगारी समस्याका कारण आज हामी जुनसुकै कार्य गर्न बाध्य छौं तसर्थ हामी सबै रत्नाकरहरू हो भन्ने कुरालाई यस निबन्धले अघि सारेको हुँदा यस निबन्धको शीर्षक र भावसङ्गतिबीच तादात्म्य सम्बन्ध रहेको पाइन्छ ।

### ४.५.७.२ विषयवस्तु

'हामी सबै रत्नाकरहरू' निबन्धमा देशको शैक्षिक तथा आर्थिक क्षेत्रमा देखापरेका समस्यालाई विषयवस्तुका रूपमा लिइएको छ । जब मानिसलाई अशिक्षा, आर्थिक अभाव, वेरोजगारी समस्याले सताउँछ तब उसले जस्तोसुकै कुकुत्याइहरू गर्न थाल्छ । उसले आफन्तका रगत र पसिनाको लेपनमा ठगाइले महल उठाएर मोज गर्दछ भन्दै आडम्बरी, विलासी, स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । समाजमा हत्या, हिंसा, स्वार्थी, घृणा र असहयोगी जस्ता गुणको बाहुल्यता रहेको व्यक्तिलाई रत्नाकरको रूपमा लिइएको छ । समाजमा बढ्दै गइरहेको अशिक्षा, वेरोजगारीले ग्रस्त रत्नाकरहरूको माध्यमबाट देशको सरकारी प्रशासनप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । आजका प्रत्येक मानिसले आफूभित्र रहेको वाल्मीकि ज्ञान वा सत्तापक्षलाई त्यागेर रत्नाकर बन्न थालेका छन् भन्दै त्यस्तो विकृतिप्रति यस निबन्धले कडा व्यङ्ग्य प्रहार गरेको छ । आज त्यही आपराधिक रत्नाकर आदर्श व्यक्ति हुनपुगेको छ । उसैको कथित आदर्श अनुगमन गर्नेहरू हामी सबै अर्का रत्नाकर हुन गइरहेका छौं भन्दै त्यस्तो विकृतिप्रति व्यङ्ग्य गरेको देखिन्छ । मान्छे रत्नाकर पनि हो, वाल्मीकि पनि हो । सिर्जना, विध्वंश, दया, घृणा, असहयोग, सेवा र स्वार्थ आदिका द्वन्द्वमा चक्कर लगाएर नै जीवनका तमाम अभिनय सञ्चालित भएका छन् । मान्छेमा यी कुरामा सन्तुलन गर्न सकेमा मात्र जीवन सार्थक बन्छ भन्दै रत्नाकर बन्ने व्यक्ति र रत्नाकर बनाउने देशको प्रशासनिक निकायप्रति तीव्र व्यङ्ग्य गरिएको छ । देशको राज्य सत्ता सञ्चालन गर्ने गहन जिम्मेवारी पाएका राजनेताहरू पनि दिनानुदिन रत्नाकर बनेका छन् उनीहरूले राजनैतिक पीडित खर्च

शीर्षकको थाप्लोमा यस पटकको दशैं खर्च शीर्षक हालिदिएका छन् भन्दै त्यस्तै रत्नाकर प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य गरिएको पाइन्छ । रत्नाकरले युगजीवनलाई खलाप्पै निल्न थालेको छ । रत्नाकर त्यही पौराणिक व्यथा हो जसले दिनहुँ लुटपाट, हत्या गर्ने गर्दथ्यो भन्दै आधुनिक रत्नाकरप्रति व्यङ्ग्य गरिएको छ । यस निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रबलता रहेको पाइन्छ ।

### ४.५.७.३ भाषाशैली

'हामी सबै रत्नाकरहरू' निबन्धको भाषाशैली सरल र सहज किसिमको छ । यस निबन्धलाई प्रथम पुरुष कथनपद्धतिमा संरचित गरिएको छ । उक्त निबन्धमा सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग गरिएको पाइन्छ । नेपाली जनजिब्रोमा प्रचलित ठेट नेपाली शब्द, तत्सम तथा आगन्तुक शब्दको प्रयोग गरिएको छ । विषयवस्तुको प्रस्तुतिलाई थप आकर्षक बनाउन प्रसङ्ग अनुसार प्रश्नार्थक र विस्मयादिबोधक चिह्नको प्रयोग गरिएको छ । एउटा उदाहरण सिर्जनशीलतालाई परिवर्तनको क्यानभासमा उतार्न सक्षम जनताहरूले परिकल्पना गरेको आभासको सङ्केत छ त विद्यमान रत्नाकर संस्कृतिमा ? रत्नाकरको यस्तो पेचिलो प्रश्नले मुखामुख गर्न लागेका परिवारका अरू सदस्यहरू त तर्किन खोजे तर उसकी सहधर्मिणी पनि ती अपराधबापत हुने दण्डको भागी हुन सहमत भइनन् रे ! यस्ता प्रश्नार्थक र विस्मयादिबोधक चिह्नको प्रयोगले यस निबन्धमा हास्यव्यङ्ग्यलाई थप प्रभावकारी बनाएको छ । तसर्थ हास्यव्यङ्ग्यका दृष्टिले 'हामी सबै रत्नाकरहरू' शीर्षकको निबन्ध सफल मान्न सकिन्छ ।

### ४.५.७.४ उद्देश्य

'हामी सबै रत्नाकरहरू' शीर्षकको निबन्धको उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट समाजमा बढ्दो अशिक्षा, आर्थिक अभाव, वेरोजगारी समस्याका कारण मानिसहरू रत्नाकर बन्दैछन् तसर्थ त्यस्तो रत्नाकर प्रवृत्तिलाई छिट्टै हटाउनुपर्छ भन्ने कुरा सन्देश दिनु हो । देशमा उचित शिक्षा नीतिको अभाव, साथी सँगत, आर्थिक अभाव फितलो सुरक्षा नीति र वेरोजगारी समस्याका कारण आजका सम्पूर्ण मानिसहरू सत्मार्ग छोडेर रत्नाकर बन्न थालेकामा व्यङ्ग्य गरिएको छ । एउटै व्यक्तिमा वाल्मीकि र रत्नाकर दुवै गुण रहन्छन् । यी दुई गुण मध्ये वाल्मीकि गुणले रत्नाकरलाई जित्न सके असल समाज बन्दछ । समाजमा देखापर्ने रत्नाकरहरूप्रति व्यङ्ग्य प्रहार गर्दै सभ्य र समतामूलक समाजको निर्माण गर्नु यस निबन्ध लेखनको मूल उद्देश्य रहेको छ ।

### ४.५.७.५ निष्कर्ष

'हामी सबै रत्नाकरहरू' निबन्धमा निबन्धकारले मानिस कसरी रत्नाकर बन्छ भन्ने कुरा देखाएका छन् । रत्नाकर भनेको कुलत कार्यमा फसेको व्यक्ति भन्ने बुझिन्छ । जब कुनै मानिसलाई अशिक्षा, आर्थिक अभाव र वेरोजगारी समस्या आदिले सताउँछ तब ऊ नचाहिँदा कुलतमा फस्छ, स्वार्थी बन्न पुग्दछ । तसर्थ कोहि मान्छे रहरले रत्नाकर बन्छ भने धेरैजसो मानिस बाध्यताले रत्नाकर बन्न पुग्छ । हाम्रो देशको उचित शिक्षा नीति, गरिबी, वेरोजगारी, महङ्गी आदिले यहाँका मानिस छटपटाइरहेका छन् । यस्तो अवस्थामा मानिसले आफ्नो प्राण धान्नका लागि जस्तोसुकै कार्य गर्न तयार छ । तसर्थ हामी सबै रत्नाकरहरू हौ भनिएको छ । हामी मानव चेतनशील भएको हुँदा तुरुन्तै आवेशमा आएर सत्मार्ग छोड्नु हुँदैन । रत्नाकर गुणलाई वाल्मीकि गुणले जित्नुपर्छ । समाजमा देखापर्ने रत्नाकरहरूप्रति व्यङ्ग्य प्रहार गर्दै सभ्य समाजको निर्माण तर्फ अग्रसर हुन निबन्धकारले आग्रह गरेका छन् । यस निबन्धको निचोड पनि यही हो ।

## ४.५.८ 'नामको खोलमा मान्छेको मोल' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन

### ४.५.८.१ परिचय

'नामको खोलमा मान्छेको मोल' शीर्षकको निबन्ध गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको हो । यस निबन्धलाई सर्वप्रथम **मधुपर्क** पूर्णाङ्क ३०३, भदौ २०५१ मा छापिएको पाइन्छ । उक्त निबन्धलाई अहिले 'नामको खोल' शीर्षकको निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । आयामका दृष्टिले हेर्दा जम्मा १७ अनुच्छेदमा संरचित मझौला किसिमको निबन्धका रूपमा लिइन्छ । प्रस्तुत निबन्ध रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ ।

'नामको खोलमा मान्छेको मोल' निबन्धमा यसको शीर्षक नै हास्यव्यङ्ग्यात्मक छ । सामान्य अर्थमा बुझ्दा नामको खोल हुनै सक्दैन तसर्थ यसले हास्यको अनुभूति गराउँछ भने गहिरिएर बुझ्दा कुनै व्यक्तिलाई नामको खोल ओढाएर त्यसभित्र मान्छेको स्तर खोज्ने गरिन्छ यसो गर्नु राम्रो होइन उक्त व्यक्तिले गर्ने कार्यका आधारमा नाम राख्नुपर्छ भन्ने सन्देश यस निबन्धले दिएको छ । तसर्थ यस निबन्धको शीर्षक र भावसङ्गति बीच तादात्म्य सम्बन्ध रहेको पाइन्छ ।

### ४.५.८.२ विषयवस्तु

'नामको खोलमा मान्छेको मोल' शीर्षकको निबन्धमा निबन्धकारले सामाजिक विषयवस्तुलाई चयन गरेका छन् । एउटा बालसुलभ कौतुहलतापूर्ण बोलीलाई आधार

बनाएर नामको के काम ? भन्दै त्यसप्रति व्यङ्ग्य गरेका छन् । यस निबन्धको शीर्षकमै हास्यव्यङ्ग्यको सङ्केत पाउन सकिन्छ । एउटा मान्छेलाई कुनै नामको खोल ओढाएर त्यसको मूल्य खोज्ने गरिन्छ त्यसो गर्नु राम्रो होइन मान्छेको कार्यका आधारमा नाम राख्नुपर्छ । एउटै प्रक्रियाबाट जन्मिएर, एकै परिस्थितिमा हुर्केका हामी मान्छेहरू नामका विभिन्न खोलहरू ओढेर कोही रामप्रसाद, श्यामप्रसाद र धर्मप्रसाद राखियो तर तिनीहरूले नाम अनुसारको कार्य गर्दैनन् । धर्मप्रसादले विद्रोह, वन्धुहत्या गर्छ, रामप्रसादले चोरी, डकैती, काटमार गर्छ भन्दै नाम अनुसारको काम नभएकोमा प्रस्तुत 'नामको खोलमा मान्छेको मोल' निबन्धमा निबन्धकार उप्रेतीले तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । नामको आवरणमा समग्र समाजलाई अल्मल्याएर नीहित स्वार्थसिद्ध गर्ने विकृति प्रवृत्तिप्रति व्यङ्ग्य गरेको देखिन्छ । आज जुनसुकै क्षेत्रमा पनि 'कम्मल ओढेर घिउ पिउने छली खेल र रत्यौली प्रवृत्ति' बढ्दै गएको छ । यो प्रवृत्ति राजनीतिमा सबैभन्दा बढी हुने गर्दछ । उनीहरू आफूलाई सधैं नाम र कामको तादात्म्यता बचाइराख्न चाहन्छन् भन्दै यस्ता सम्पूर्ण विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको अपेक्षा गरिएको छ । यस निबन्धमा 'कम्मल ओढेर घिउ पिउने छली खेल र रत्यौली' प्रवृत्ति भन्ने भनाइमा हल्का हास्य पाइन्छ भने अन्य सम्पूर्ण प्रसङ्गमा व्यङ्ग्यको प्रबलता देखिन्छ ।

**४.५.८.३ भाषाशैली**

'नामको खोलमा मान्छेको मोल' निबन्धको भाषाशैली सरल तथा सुबोध्य किसिमको छ । निबन्धको जटिल विषयवस्तुलाई निबन्धकारले सरल भाषाशैलीका माध्यमबाट अभिव्यक्त गरेका छन् । आफ्ना सम्पूर्ण विचारहरू रागात्मक अनुभूतिले सजाएको पाइन्छ । यस निबन्धमा विचारात्मक शैलीको प्रयोग गरिएको छ । तृतीय पुरुष कथन पद्धतिमा उक्त निबन्धलाई संरचित गरिएको देखिन्छ । प्रस्तुत निबन्धमा नेपाली जनजिब्रोमा प्रचलित झर्रा नेपाली शब्द, तत्सम र आगन्तुक शब्दको प्रयोग गरिएको छ । विषयवस्तुको प्रस्तुतिलाई थप आकर्षक बनाउन प्रसङ्ग अनुसार प्रश्नार्थक वाक्यको प्रयोग गरिएको छ । एउटा उदाहरण रत्यौली मार्फत अभिव्यक्त विकृतिहरू न्वारान संस्कृतिका विकार हुन् कि नाम पाएपछि भाले भएको मान्छेका विकारका अभिव्यक्ति ? यस वाक्यमा नाम एउटा काम अर्को हुनेलाई रत्यौली प्रवृत्ति र न्वारान गरेर नाम राख्ने पुरातनवादी प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । भाषाशैलीका दृष्टिले यस निबन्धलाई सफल मान्न सकिन्छ ।

**४.५.८.४ उद्देश्य**

'नामको खोलमा मान्छेको मोल' निबन्धको उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट समाजमा मान्छेको नाम राख्ने पुरातनवादी प्रवृत्तिप्रति व्यङ्ग्य हान्दै मान्छेको नाम उसले गर्ने कार्यका आधारमा राख्नुपर्छ भन्ने सुधारात्मक सन्देश दिनु हो । सर्वप्रथम व्यक्तिको नाम र काममा के सार्थकता छ त्यो जान्नुपर्छ त्यसपछि कुनै व्यक्ति विशेषको नामको खोलमा त्यसको आकृति र कार्यलाई मान्छेका मोलका रूपमा लिन सकिन्छ । जीवनको मूल्यमा काम लाग्दो नाम रोज, सारमा रूप खोज, रूपमा सार होइन भन्दै आत्मस्वीकृतिलाई ओकल्न साहस गर्नुपर्छ भन्ने सन्देश यस निबन्धले दिएको छ ।

**४.५.८.५ निष्कर्ष**

'नामको खोलमा मान्छेको मोल' निबन्धमा हास्य र व्यङ्ग्य माध्यमबाट आज हाम्रो समाजमा मान्छेको नाम राख्ने पुरातनवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । मान्छेको नाम न्वारनमा राख्ने होइन त्यसले गर्ने कार्यका आधारमा राखिनुपर्छ । एउटा उदाहरणका लागि पाप गर्ने व्यक्तिलाई धर्मप्रसाद, अज्ञानीलाई ज्ञानप्रसाद, गरिबलाई धनप्रसाद राखेर त्यो केवल नामको खोल मात्र भयो तर नामको कुनै मूल्य रहेन । हामीले अब के बुझ्नु पर्‍यो भने कुनै व्यक्ति विशेषको नाम र काममा के सार्थकता छ । त्यसपछि उचित कार्यका आधारमा मान्छेको नाम राख्नुपर्छ र नामको खोलमा मान्छेको मूल्य खोजिनुपर्छ भन्ने कुराको सन्देश यस निबन्धले दिन्छ ।

**४.५.९ 'गोविन्दको सपना' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन**

**४.५.९.१ परिचय**

'गोविन्दको सपना' शीर्षकको निबन्ध गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको हो । यस निबन्धलाई सर्वप्रथम **साहित्य सन्ध्या**, २०५८ साउनमा पहिलो पटक छापिएको पाइन्छ । प्रस्तुत निबन्धलाई अहिले 'नामको खोल' निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । यस निबन्धलाई आयामका दृष्टिले हेर्दा लामा छोटा गरी जम्मा १३ अनुच्छेदमा संरचित मझौला किसिमको निबन्धात्मक रचनाका रूपमा लिन सकिन्छ ।

'गोविन्दको सपना' शीर्षकको निबन्धमा देशका विद्यमान विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । देशमा प्रजातन्त्र र लोकतन्त्र आइसक्दा पनि गोविन्द जस्ता हजारौं होनहार बालकले आफ्नो श्रमलाई बेच्न बाध्य छन् । आफूलाई ठूला भनाउँदाहरू उनीहरूको श्रमको शोषण गरिरहेको देखिन्छ । आर्थिक

अभावका कारण ती बालबालिकाले शिक्षाको सुनौलो अवसर प्राप्त गर्न सकेका छैनन् । आज दिन प्रतिदिन सडकहरूमा खाते बालबालिकाको दयनीय अवस्था देखिन्छ । त्यस्तो सडक पेटीमा डुलेका, श्रमको शोषण गरिएका बालबालिकाको अवस्थाप्रति देशको सरकार मौन छ । बालश्रमको शोषणका विरुद्धमा लागेका संघ संस्था आफ्नो खल्ती भर्नमा व्यस्त छन् । गोविन्द आफ्नो व्यक्तिगत जीवन, पारिवारिक अवस्था आदिलाई समुन्नत बनाउने सुनौलो इच्छा, आकांक्षा राखेर अघि बढेको छ तर उसका ती इच्छा, आकांक्षा केवल सपनाको रूपमा सीमित छन् भन्ने कुरालाई यस निबन्धले अघि सारेको छ । तसर्थ यस निबन्धको शीर्षक र भाषासङ्गति बीच तादात्म्य सम्बन्ध रहेको छ ।

### ४.५.९.२ विषयवस्तु

'गोविन्दको सपना' निबन्धमा बालशोषणजन्य सामाजिक विषयवस्तुलाई आत्मसात गर्दै समाजमा देखापर्ने विविध विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । प्रस्तुत निबन्धमा गोविन्द नामक बाल पात्रको सहयोगले समग्र देशको प्रशासनिक निकायप्रति कडा व्यङ्ग्य गरिएको पाइन्छ । गोविन्द एउटा सामान्य बालक भएर पनि उसमा सारमा विशिष्ट ठहरिएको कुरालाई उप्रेतीले व्यङ्ग्यात्मक तवरले प्रस्तुत गरेका छन् । विश्वमा बढ्दै गएको पूँजीवादी सभ्यता र संस्कृतिप्रति व्यङ्ग्य गरेको देखिन्छ । अरूका गोपनियताको चियोचर्चा गर्नेलाई असभ्यताको उपमा दिदै त्यसप्रति व्यङ्ग्य गरिएको छ । देशमा बढ्दो वेरोजगारी, आर्थिक अभाव, महङ्गी आदिका कारण गोविन्द जस्ता होनहार बालकले श्रम बालकको रूपमा काम गरेका छन् । उनीहरूको श्रममाथि शोषण गरिएको पाइन्छ । तिनीहरूका इच्छा, आकांक्षाहरू सपनाको रूपमा सीमित छन् तर देशको सरकारी निकाय त्यसतर्फ मौन छ भन्दै सरकारी नीति, नियम र व्यवस्थाप्रति व्यङ्ग्य गरिएको छ । बाल श्रमको विरोध गर्ने नक्कली व्यक्ति, बालश्रम कल्याणको नारा लगाउँदै डलरको खेती गर्ने रङ्गीविरङ्गीका एन्.जी.ओ. र आइ.एन्.जी.ओ. आफ्नै खल्ती भर्नमा व्यस्त छन् भन्दै तिनीहरूप्रति व्यङ्ग्य गरिएको देखिन्छ । हजारौं वर्षका संस्कार र परम्परा जब्बर बनेका जडतालाई भत्काउन भीषण आँधीबेरीको आवश्यकता पर्छ भन्दै दशेको विद्यमान सरकार र प्रशासनिक निकायप्रति तीव्र व्यङ्ग्य गर्दै समाज सुधारको अपेक्षा गरिएको छ । 'गोविन्दको सपना' निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रयोग सशक्त रूपमा आएको छ ।

### ४.५.९.३ भाषाशैली

'गोविन्दको सपना' शीर्षकको निबन्धमा सरल किसिमको भाषाशैलीको प्रयोग गरिएको छ । नेपाली जनजिब्रोमा प्रचलित ठेट नेपाली शब्द, तत्सम र आगन्तुक

शब्दको प्रयोग प्रचुर मात्रामा पाइन्छ । तृतीय पुरुष कथनपद्धतिमा संरचित यस निबन्धलाई रैखिक ढाँचामा लेखिएको छ । प्रस्तुत निबन्धको विषयवस्तुको प्रस्तुतिलाई थप आकर्षक बनाउन ठाउँ-ठाउँमा प्रश्नार्थक वाक्यको प्रयोग गरिएको छ । एउटा उदाहरण स्मृतिको रङ्गमञ्चमा तरङ्गिएका यी विविध पात्रहरूमध्ये किन उछिट्टिएर यो गफको मूल सन्दर्भ हुन् आइपुग्यो यो गोविन्द् ? यस वाक्यमा देशमा कैयौं श्रम बालक भए तापनि तिनीहरू लेखकको स्मृतिमा गोविन्द आइपुग्यो भन्ने भनाइलाई रोचक ढङ्गले अभिव्यक्त पाइन्छ । यस निबन्धमा देशमा विद्यमान बालशोषणको समस्यालाई वर्णनात्मक शैली मार्फत अभिव्यक्त गरिएको देखिन्छ । यस निबन्धलाई भाषाशैलीका दृष्टिले सफल मान्न सकिन्छ ।

### ४.५.९.४ उद्देश्य

'गोविन्दको सपना' निबन्धको उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट देशमा विद्यमान बालशोषण जस्तो विकृतिप्रति व्यङ्ग्य प्रहार गर्दै सुधारतर्फ उन्मुख गराउनु हो । देशमा बढ्दो अशिक्षा, आर्थिक अभाव र वेरोजगारी समस्या आदिका कारण आज हजारौं बालक आफ्नो श्रम बेच्न बाध्य छन् । उनीहरूको श्रमको निश्चित ज्याला छैन, श्रममाथि शोषण गरिदैछ । तिनीहरूमध्येको एक गोविन्द हो । गोविन्द एउटा होनहार बालक भए तापनि घरको आर्थिक अवस्था कमजोर भएको कारण उसले आफ्नो श्रम बेच्नु पर्ने बाध्यता छ । उसका भविष्यका सुनौला इच्छा, आकांक्षाहरू केवल सपनाको रूपमा रहेका छन् । यस्ता श्रम बालकहरूको दयनीय अवस्थाप्रति देशको सरकार मौन छ भन्दै यस निबन्धले तात्कालीन सरकार र त्यसले ल्याउने कार्य योजनातर्फ तीव्र आक्रोस व्यक्त गर्दै समाज सुधारको चाहना यस निबन्धमा निबन्धकार उप्रेतीले गरेका छन् ।

### ४.५.९.५ निष्कर्ष

'गोविन्दको सपना' शीर्षकको निबन्धमा निबन्धकार उप्रेतीले गोविन्द नाम गरेको एउटा बाल श्रमिकको उदाहरण दिदै गोविन्द जस्ता हजारौं बालकको श्रम शोषण गर्ने व्यक्ति, संघ संस्था आदिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । विश्वमा बढ्दै गइरहेको पूँजीवादी सभ्यता, त्यसले निम्त्याएको वेरोजगारी, अपराध, असुरक्षा आदिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । देशमा बढ्दै गइरहेको वेरोजगारी समस्या, आर्थिक अभावका कारण गोविन्द जस्ता हजारौं होनकार बालकले आफ्नो श्रमको शोषण, खाते जीवन र विदेश पलायन हुनुको विकल्प छैन । देशमा प्रजातन्त्र, लोकतन्त्र जे आए पनि श्रमको शोषण गरिएका यी बालबालिकाको लागि कुनै नयाँ अवसरहरू दिएको पाइँदैन । बालश्रमको शोषण विरोधी नारा बोकेर अघि बढेका र

डलरको खेती गर्ने रङ्गीविरङ्गी एन.जी.ओ. र आइ.एन.जी.ओ. आफ्नै खल्ती भर्नमा व्यस्त छन् भन्दै तिनीहरूप्रति व्यङ्ग्य गरिएको छ । गोविन्द्र जस्ता बाल श्रमिकका इच्छा, आकांक्षामाथि कुठाराघात गरिदैछ । उनीहरूका इच्छा, आकांक्षा सपनाका रूपमा सीमित छन् भन्दै तत्काल समाज सुधारको अपेक्षा यस निबन्धमा गरिएको छ ।

### ४.५.१० 'अखबारको सिरानीमा माउसुली' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन

#### ४.५.१०.१ परिचय

'अखबारको सिरानीमा माउसुली' शीर्षकको निबन्ध उप्रेतीको हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखिएको हो । यस निबन्धलाई सर्वप्रथम **शब्द संयोजन**, पूर्णाङ्क ४०, भदौ २०६४ मा छापियो । यस निबन्धलाई अहिले 'नामको खोल' निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । आयामका दृष्टिले हेर्दा 'अखबारको सिरानीमा माउसुली' निबन्ध जम्मा ११ अनुच्छेदमा संरचित मझौला किसिमको निबन्ध हो ।

'अखबारको सिरानीमा माउसुली' शीर्षकको यस निबन्धमा हास्यात्मक विषयवस्तुलाई अघि सार्दै समाजमा देखापर्ने विकृति विसङ्गतिप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको छ । एउटा अज्ञानी जीव माउसुलीले टेलिफोनका तारमा सु गरेको प्रसङ्गलाई अखबारको सिरानीमा राख्दै उसलाई आतङ्ककारीको विल्ला लगाइदिने आजको हाम्रो समाजको चेतनशील मानिने मानिसले गर्ने हत्या, हिंसा, चोरी, डकैती जस्ता कार्यलाई कुन स्थान दिने भन्दै समग्र मानव जगतप्रति व्यङ्ग्य गरिएको पाइन्छ । विश्व आज कति साँघुरिएको छ एउटा टेलिफोनको तारमा माउसुलीले पिसाब गर्दा सारा विश्व सञ्चारविहीन अध्यारोमा बस्न बाध्य हुन्छ भन्दै विज्ञानको चमत्कारीले विश्वलाई साँघुरो घेरामा राखेको कुराप्रति व्यङ्ग्य गरिएको छ । समय र ठाउँ कति बलवान हुँदोरहेछ राम्रा-राम्रा कार्य नभएपछि जाबो माउसुलीले पिसाब गरेको हास्यात्मक घटनालाई ठूला-ठूला अखबारको सिरानीमा खबर बनाइयो । 'कुलो र कुरो जतालगे पनि जादोरहेछ' भन्ने कुरा अघि सारेको हुँदा यस निबन्धको शीर्षक र भावका बीच व्यङ्ग्यात्मक सम्बन्ध रहेको छ ।

#### ४.५.१०.२ विषयवस्तु

यस निबन्धले एउटा माउसुली र त्यसले टेलिफोनका लाइनमा पिसाब गर्दा लाइन बन्द भएको हास्यात्मक कुरालाई विषयवस्तुका रूपमा चयन गरेको छ । एउटा माउसुली जसले टेलिफोनका तारमा पिसाब गरेको जस्तो सामान्य विषयलाई त अखबारको सिरानीमा राखियो भने मानिसले गर्ने हत्या, हिंसा, चोरी, डकैती जस्ता खतरनाक घटनालाई कहाँ र कसरी राखिएला भन्दै त्यस्ता विकृतिप्रति व्यङ्ग्य

गरिएको छ । एउटा सामान्य जीवन माउसुलीलाई आतंकको गन्धको स्रष्टा ठान्नु पनि व्यङ्ग्यको सङ्केत हो । एउटा टेलिफोनमा जडित इन्टरनेटको जालोमा बेरिएको एक सेट कम्प्युटरमा गडबडी भइदिदा सारा विश्व नै अस्तव्यस्त भइदिन्छ । यो साँघुरो विश्वमा हामी मान्छेको जीवन कति खतरापूर्ण होला भन्दै विज्ञानले ल्याएको चमत्कारीप्रति तीव्र व्यङ्ग्य गरिएको छ । विदेशी अनुदानको दुरूपयोग गर्दै प्रोजेक्ट सञ्चालन र हाकिमका लागि निवास बनाउनु राम्रो कि बारुला, अरिङ्गाल र माउसुलीले टेलिफोनका लाइनमा आफ्नो बासस्थान बनाउनु कुन अस्वभाविक भयो त भन्दै समग्र मानव जगतप्रति व्यङ्ग्य गरिएको पाइन्छ । टेलिफोनका लाइनहरू समय-समयमा मर्मत नगर्ने कर्मचारीलाई आफ्नो बासस्थानलाई रुग्ण, जीर्ण, भुतवङ्गलामा परिणत गर्ने तोरी लाहुरे हाकिम भन्दै व्यङ्ग्य गरिएको छ । समय र ठाउँ कति धेरै बलवान हुँदोरहेछ राम्रा-राम्रा कार्य नभएपछि जाबो माउसुलीले टेलिफोनको तारमा सु गरेको हास्यात्मक घटना ठूला-ठूला अखबारका सिरानीमा खबर बनाइयो, कुरा र कुलो जतालगे पनि जादोरहेछ भन्दै समग्र मानव र उसले गर्ने विकृति विसङ्गतिजन्य कार्यप्रति तीव्र व्यङ्ग्य पाइन्छ । यस निबन्धमा हास्यभन्दा व्यङ्ग्य प्रबल रूपमा आएको छ ।

### ४.५.१०.३ भाषाशैली

'अखबारको सिरानीमा माउसुली' शीर्षकको निबन्धको भाषाशैली सरल, सहज तथा सुबोध्य किसिमको छ । यस निबन्धमा विचारात्मक शैली प्रयोग गरिएको पाइन्छ । उक्त निबन्धलाई तृतीयपुरुष कथनपद्धतिमा संरचित गरिएको देखिन्छ । छोटा तथा सरल किसिमका वाक्यको प्रयोग भएको देखिन्छ । यस निबन्धमा नेपाली जनजिब्रोमा प्रचलित ठेट नेपाली शब्द, तत्सम तथा आगन्तुक शब्दको आधिक्य पाइन्छ । प्रस्तुत निबन्धमा विषयवस्तुको प्रस्तुतिलाई आकर्षक बनाउन प्रसङ्ग अनुसार प्रश्नार्थक वाक्य र उखानटुक्काको प्रयोग गरिएको छ । एउटा उदाहरणको लागि जाबो टेलिफोन क्याबिनेटमा आएको सामान्य गडबडीले विचरा माउसुलीले नै तहकिताको त्यो चुत्थो कठघरामा किन उभिनुपर्ने ? "कुरो र कुलोलाई जतालगे पनि हुँदोरहेछ" जस्ता प्रश्नार्थक वाक्य र उखानटुक्काको प्रयोगले निबन्धको भाषाशैलीलाई हास्यव्यङ्ग्यात्मक बनाउन मद्दत पुऱ्याएको छ ।

### ४.५.१०.४ उद्देश्य

'अखबारको सिरानीमा माउसुली' निबन्धको उद्देश्य, हास्य र व्यङ्ग्यका माध्यमबाट हाम्रो समाजमा हुने गरेका विकृति विसङ्गतिजन्य कार्यको भर्त्सना गर्दै सुधारको अपेक्षा गर्नु रहेको छ । एउटा सामान्य अज्ञानी जीव माउसुलीका पिसाबका

कारण टेलिफोनका लाइनहरू बिग्रदा उसलाई आतङ्ककारीको बिल्ला लगाइदिने आजका चेतनशीले मानिसले गर्ने विविध प्रकारका हत्या, हिंसा, चोरी, डकैती आदि कार्यलाई कुन स्थान र उपाधि दिने भन्दै आजका सम्पूर्ण मानव र उसले गर्ने घृणित कार्यप्रति निबन्धकार उप्रेतीले तीव्र व्यङ्ग्य गरेका छन् । विज्ञानको बढ्दो चमत्कारले आज सारा विश्वलाई साँघुरो घेरामा आबद्ध गर्न पुगेको छ । मानिसको जीवन अत्यन्त खतरापूर्ण छ तर त्यस्ता कुरामा मानिस चिन्तित छैन ऊ त केवल हावादारी कुरा गर्नमा व्यस्त छ । आजको दुनियाँमा अति आवश्यक कुरालाई भन्दा हास्यास्पद र सामान्य कुराहरूमा महत्व दिइन्छ भन्दै यस निबन्ध मार्फत निबन्धकार उप्रेतीले आजका सम्पूर्ण मानव र उसले गर्ने घृणित कार्यप्रति व्यङ्ग्य गर्दै सुधारात्मक चेतनाको सन्देश दिएका छन् ।

### ४.५.१०.५ निष्कर्ष

'अखबारको सिरानीमा माउसुली' निबन्धमा हास्य र व्यङ्ग्यका माध्यमबाट हाम्रो समाजमा हुने गरेका विकृतिजन्य कार्यको भर्त्सना गर्दै सुधारको अपेक्षा गरिएको छ । एउटा सामान्य जीव माउसुलीका पिसाबका कारण टेलिफोनका लाइनहरू बिग्रदा उसलाई आतङ्ककारीको बिल्ला लगाइदिने आजको हाम्रो समाज महत्वपूर्ण कुराहरूलाई कुन स्थान र उपाधि देला भन्दै आजका सम्पूर्ण मानव र उसले गर्ने घृणित कार्यप्रति तीव्र व्यङ्ग्य पाइन्छ । त्यसैगरी विश्वमा बढ्दै गइरहेको वैज्ञानिक चमत्कारका कारण एउटा सामान्य टेलिफोनको लाइनमा गडबडी हुँदा सारा विश्वमा नै हलचल हुने हामी मान्छेको जीवन एउटा साँघुरो कोठाभित्र खतरापूर्ण अवस्थामा छ भन्दै 'अखबारको सिरानीमा माउसुली' निबन्धमा निबन्धकारले सामान्य विषयलाई अघि सार्दै सुधारात्मक व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.५.११ 'हीरा मेरो साथी' निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन

### ४.५.११.१ परिचय

'हीरा मेरो साथी' शीर्षकको निबन्धलाई निबन्धकार गङ्गाप्रसाद उप्रेतीले आफ्नो हास्यव्यङ्ग्य यात्राको दोस्रो चरणमा लेखेका हुन् । यस निबन्धलाई सर्वप्रथम **मिर्मिरे** पूर्णाङ्क ६२, असार २०६४ मा छापिएको हो । प्रस्तुत निबन्धलाई अहिले 'नामको खोल' निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । आयामका दृष्टिले हेर्दा यो निबन्ध जम्मा १३ अनुच्छेदमा संरचित मझौला किसिमको निबन्धका रूपमा लिन सकिन्छ ।

साथी सबैले बनाउनै पर्ने चीज हो । आफ्ना योजनालाई साकार पार्न, आकांक्षाहरूलाई बिस्कुन लाउन र सपनाहरूलाई विपनामा सजाउन मान्छेलाई कसै

न कसैको सहयोग चाहिन्छ । 'हीरा मेरो साथी' शीर्षकको निबन्धमा निबन्धकारले आजका मानिसमा हत्या, हिंसा, भ्रष्टाचार, विश्वासघात जस्ता गुणको आर्विभाव रहने हुँदा मान्छेलाई साथी बनाउनुभन्दा मानवेत्तर प्राणी कुकुरलाई साथी बनाउन उपयोगी हुने कुरा व्यक्त गरेका छन् । मानवेत्तर प्राणी कुकुरमा निश्चल माया, विश्वास, सहयोगी जस्ता गुणहरू रहेको हुँदा निबन्धकारले आफ्नो साथी कुकुर (हीरा) लाई बनाएका छन् । तसर्थ यस निबन्धको शीर्षक र भावसङ्गतिबीच तादात्म्य सम्बन्ध रहेको छ ।

### ४.५.११.२ विषयवस्तु

'हीरा मेरो साथी' शीर्षकको निबन्धमा निबन्धकार उप्रेतीले हाम्रो समाजमा मानवले गर्ने विकृति विसङ्गतिजन्य कार्यलाई विषयवस्तुको रूपमा लिएका छन् । जीवनमा हामी सबैले साथी बनाउनै पर्ने चीज हो । जीवन यापन गर्न, आफ्ना योजनालाई साकार पार्न र सपनाहरूलाई विपनामा सजाउन मान्छेलाई कसै न कसैको सहयोग चाहिन्छ । आजका मानिसमा हत्या, हिंसा, भ्रष्टाचार, विश्वासघात, छल, कपट जस्ता गुणको आर्विभाव रहने हुँदा मान्छे असल साथी बन्न योग्य छैन । यसको सट्टा मानवेत्तर प्राणी कुकुर उपयोगी साथी बनाएको प्रसङ्गलाई यस निबन्धमा अघि सारिएको छ । यस्तो कुरा सुन्दा आजका चरित्रहीन, स्वार्थी मानिसको मथिङ्गलमा पनि ठूलै रेक्टर भुकम्प जाला भन्दै मानवीय संवेदनाप्रति व्यङ्ग्य गरिएको छ । आज हाम्रो समाजमा आफूलाई अब्बल दर्जाका मान्छे देखाउन हत्या, हिंसा, चोरी, डकैती गर्ने व्यक्तिहरूको समूह उपसमूह खडा भएका छन् । यस्ता व्यक्तिहरूको समूहलाई निबन्धकारले सर्प र बिच्छीको बिगबिगी भएको वर्गीय समाजका रूपमा तीव्र व्यङ्ग्य गरेका छन् । कुनै पनि व्यक्ति अरूको असल मित्र बन्नका लागि उसमा त्याग, बलिदान, लिप्सा, हीनताको संयोग रहेको हुनुपर्छ । यसको विपरीत आजका सम्पूर्ण मानिसमा यी ३ गुणको अभाव रहनेहुँदा यिनीहरू स्वार्थी हुन्छन् भन्दै आजका सम्पूर्ण मानिसहरू र तिनका नकारात्मक प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य पाइन्छ । स्वार्थको नियन्त्रिन जन्जालमा जेलिएका आजका मानिस चेतनाविहीन हिंस्रक जनावरभन्दा पनि तुच्छ छन् । यिनीहरूको टोकाइमा मान्छे मात्र घायल हुन्न, समग्र समाज नै द्वन्द्वमा फस्छ, टुक्रिन्छ र भत्किन्छ । हिंस्रक जनावरभन्दा पनि तुच्छ यस्ता दुई खुट्टे जीवको पहिचान गर्न नसक्नेहरू बरवादीको ठूलो खाल्डोमा सोझै पर्छन् भन्दै आजका मानिसमा देखापर्ने चारित्रिक पथभ्रष्टताप्रति निबन्धकारले तीव्र व्यङ्ग्य गरेका छन् । जीवनमा साथीसङ्गी बन्ने र बनाउने कुरा कति जोखिमपूर्ण छ भन्दै यस्तो कुरामा हामी सबै सचेत रहनुपर्छ भन्ने सुधारात्मक सन्देश यस निबन्धमा दिइएको छ । यस निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रधानता पाइन्छ ।

### ४.५.११.३ भाषाशैली

भाषा मानवीय अनुभूति र अभिव्यक्तिको माध्यम हो । त्यसैले यो व्यक्तिको अनुभव र अनुभूत यथार्थको अभिव्यक्तिको माध्यम हुनुका साथै सामाजिक चिन्तनको प्रतीक हो । शैली रचनाको विशिष्ट प्रकार हो । निबन्धलाई कस्ता शब्द र वाक्यमा कसरी अभिव्यक्त गरिएको छ भन्ने कुरा नै शैली हो । 'हीरा मेरो साथी' निबन्धमा निबन्धकारले सरल, सहज तथा सामान्य भाषाको प्रयोग गरेका छन् । विचारात्मक भाषाशैलीको प्रयोगद्वारा निबन्धलाई रोचक बनाउने काम निबन्धकारले गरेका छन् । यस निबन्धमा मिश्रित किसिमको कथन पद्धतिको प्रयोग गरिएको छ । विषयवस्तुको प्रस्तुतिलाई थप आकर्षक बनाउन प्रसङ्ग अनुसार विस्मयादिबोधक र प्रश्नार्थक चिह्नको प्रयोग गरिएको पाइन्छ । एउटा उदाहरणको लागि अब भन्नुहोस् त जीवनको साथीसङ्गती बन्ने बनाउने कुरा कति जोखिमपूर्ण एवम् खतरापूर्ण छ । यस्ता वाक्यको प्रयोगले यस निबन्धमा प्रयुक्त हास्यव्यङ्ग्यलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याएको देखिन्छ ।

### ४.५.११.४ उद्देश्य

'हीरा मेरो साथी' निबन्धको उद्देश्य हास्य र व्यङ्ग्यका माध्यमबाट मान्छेमा रहेका विकृति विसङ्गतिलाई निर्मूल पार्दै सभ्य तथा समतामूलक समाजको निर्माण गर्नु हो । यस निबन्धमा सर्प र बिच्छीको बिगबिगी भएको वर्गीय समाजमा आफूलाई अब्बल दर्जाका व्यक्ति सम्झने मानिसहरू र तिनका विकृतिजन्य कार्यको तीव्र व्यङ्ग्य गरिएको छ । आजका सम्पूर्ण मानिसमा बढ्दै गएको धोकेवाज, हत्या, हिंसा, भ्रष्टाचार जस्ता कु-कार्यहरूका कारण ऊ कसैको साथी बन्न लायक छैन । यस्तो स्वार्थी, छलीकपटी मान्छेलाई साथी बनाउनुभन्दा मानवेत्तर प्राणी कुकुरलाई साथी बनाउनु उपयुक्त हुन्छ । यस निबन्धमा आजका मानव र उसले गर्ने विकृतिजन्य कार्यप्रति व्यङ्ग्य प्रहार गर्दै सुधारात्मक सन्देश दिन खोजिएको छ ।

### ४.५.११.५ निष्कर्ष

'हीरा मेरो साथी' शीर्षकको निबन्धमा निबन्धकार उप्रेतीले मानिसले जीवन निर्वाह गर्ने क्रममा कुनै साथीको सहयोग आवश्यक पर्छ तर त्यस्तो साथी बनाउने कार्य चुनौतिपूर्ण छ भन्ने कुरा अगाडि सारेका छन् । आजका मानिस स्वार्थी जन्जालमा जेलिएका छन्, हत्या, हिंसा, असहयोग, छलकपट जस्ता गुणले युक्त आजको मानिस साथी बन्न योग्य नभएको हुँदा मानवेत्तर प्राणी कुकुर असल मित्र बन्नसक्छ भन्ने कुरा निबन्धकारले व्यक्त गरेको पाइन्छ । कुकुर एउटा निर्दोष प्राणी हो । उसमा सहयोगी भावना, चतुरपन, घरको सुरक्षा दिने जस्ता कार्य कुकुरबाट प्राप्त गर्न सकिन्छ तर स्वार्थी मानिसबाट यसको कल्पना समेत गर्न सकिदैन भन्दै यस

निबन्धमा निबन्धकार उप्रेतीले आजका सम्पूर्ण मानवले आफूमा रहेका विकृति विसङ्गतिजन्य अवगुणको अन्त्य गर्दै स्वस्थ तथा समुन्नत समाज निर्माण गर्नु पर्ने सन्देश दिएका छन् । यस निबन्धको निचोड पनि यही हो ।

## ४.६ हास्यव्यङ्ग्य परम्परामा गङ्गाप्रसाद उप्रेती

नेपाली साहित्यको इतिहासमा वि.सं. १९९० को दशकपछि **शारदा** पत्रिकाको प्रकाशनसँगै साहित्यका विभिन्न विधामा नवीन परम्पराको सुरुवात भयो । त्यसको प्रभाव निबन्ध विधामा पनि पर्‍यो । निबन्धमा आधुनिकता ल्याउने श्रेय महाकवि लक्ष्मीप्रसाद देवकोटालाई जान्छ । उनका निबन्धमा हास्यव्यङ्ग्यको प्रयोग रोमान्टिक किसिमले गरिएको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटाको 'कविराजको च्याङ्ग्रे खच्चर' शीर्षकको निबन्धमा हास्यव्यङ्ग्यको सन्तुलित रूपमा प्रयोग पाइन्छ । यसै हास्यव्यङ्ग्य परम्परामा देखापरेका अर्का मूर्धन्य व्यक्तित्व निबन्धकार हृदयचन्द्रसिंह प्रधान हुन् । उनको 'जुँगा' शीर्षकको निबन्ध हास्यव्यङ्ग्यको उचित समन्वय भएको निबन्ध हो । प्रधानका निबन्धमा सामाजिक शोषण, अन्धपरम्परा माथि व्यङ्ग्य गरिएको छ । नेपाली साहित्यको हास्यव्यङ्ग्य परम्पराको पछिल्लो चरणमा देखापरेका एउटा सशक्त हास्यव्यङ्ग्यकार हुन् गङ्गाप्रसाद उप्रेती । उनका निबन्धमा लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, भैरव अर्याल, केशवराज पिंडाली, रामकुमार पाँडे, रुद्र खरेल आदिका निबन्धमा जस्तो सन्तुलित हास्यव्यङ्ग्य पाइँदैन । उनका निबन्धमा न्यून किसिमको हास्य र तीव्र व्यङ्ग्यको प्रयोग पाइन्छ । गङ्गाप्रसाद उप्रेतीका हास्यव्यङ्ग्य निबन्ध यात्राका समकालीन स्रष्टाहरूमा राजेन्द्र सुवेदी, घनश्याम कँडेल, गोविन्द भट्ट, खगेन्द्र सङ्ग्रौला, गोपीकृष्ण शर्मा, मोहनराज शर्मा, नरेन्द्रराज प्रसाई, निर्मोही व्यास, ज्ञानमणि नेपाल, यादव खरेल, विमल निभा आदि पर्दछन् । यी निबन्धकारहरूका निबन्धमा समाजमा आएका विकृतिहरू प्राकृतिक संसाधनमा आएका विकृतिहरू, भौतिक स्रोत र साधनका विनाशहरू, नारी अस्मितामाथिका क्रय विक्रय र बलात्कारहरू, सत्ता लिप्सा, आतंक, गुण्डागर्दी जस्ता विद्यमान विसङ्गतिहरूले जन्माएका विकृतिमा तीव्र व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

हास्यव्यङ्ग्य निबन्धात्मक क्षेत्रका महत्वपूर्ण प्रतिभा गङ्गाप्रसाद उप्रेतीले आफ्नो निबन्धको विषयवस्तु देशको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, धार्मिक, प्रशासनिक, बालशोषण, वेरोजगारी समस्या आदिलाई बनाएका छन् । निबन्धकार उप्रेतीले यस्ता विषयवस्तुमा देखापरेका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको अपेक्षा गरेका छन् । हास्यव्यङ्ग्यकार उप्रेतीले आफ्ना निबन्धमा सरल तथा सहज किसिमको भाषाशैलीको प्रयोग गरेको पाइन्छ ।

नेपाली जनजिब्रोमा प्रचलित ठेट शब्द, तत्सम तथा आगन्तुक शब्दको प्रयोग प्रचुर मात्रामा गरेको देखिन्छ । विषयवस्तुको प्रस्तुतिलाई आकर्षक बनाउन र हास्यव्यङ्ग्यको सिर्जना गर्नका लागि प्रसङ्ग अनुसार विस्मयादिबोधक चिह्न, प्रश्नार्थक वाक्य र उखानटुक्काको प्रयोग गरेका छन् ।

गङ्गाप्रसाद उप्रेतीको पहिलो हास्यव्यङ्ग्य निबन्ध 'युवा नैराश्य र पलायन प्रवृत्ति' (२०२५) हो । यस निबन्धमा देशको दयनीय आर्थिक अवस्थाको, वेरोजगारी समस्या आदिका कारण देशका युवावर्ग विदेश पलायन हुने गरेको कुरालाई व्यङ्ग्यात्मक ढङ्गले अभिव्यक्त गरिएको छ । उप्रेतीका हालसम्म प्रकाशित पुस्तकाकार निबन्धात्मक कृति जम्मा ३ वटा छन् ती हुन् 'स्मृतिको छालमा इटाली', 'तिब्बतमा दश दिन' र 'नामको खोल' । 'स्मृतिको छालमा इटाली' र 'तिब्बतमा दश दिन' यात्रा संस्मरणमा न्यून हास्य र तीव्र व्यङ्ग्य पाइन्छ । उनको एकमात्र निजात्मक निबन्ध सङ्ग्रह 'नामको खोल' हो । जसमा सङ्कलित ११ वटा निबन्धमा हास्य र व्यङ्ग्यको प्रचुरता पाइन्छ । यस सङ्ग्रहभित्रका 'लाहुरे दाइको रेलिमाइ', 'अखबारको सिरानीमा माउसुली' र 'नामको खोलमा मान्छेको मोल' आदि निबन्धमा हास्य र व्यङ्ग्यको सन्तुलित प्रयोग पाइन्छ भने अन्य निबन्धहरूमा न्यून हास्य र तीव्र व्यङ्ग्य पाइन्छ । उप्रेतीका निबन्धमा पाइने व्यङ्ग्यचेतना कालक्रमिक रूपमा क्रमशः तिखारिँदै आएको अभिव्यक्ति, शिल्प माझिँदै आएको र कथ्य वा विषयवस्तु सापेक्षिक रूपमा टड्कारिँदै आइरहेको प्रतीत हुन्छ । उनका निबन्धमा हास्यलाई व्यङ्ग्यले जितेको छ । उप्रेतीका निबन्ध संख्यात्मकभन्दा गुणात्मक दृष्टिले उत्कृष्ट छन् । नेपाली साहित्यको हास्यव्यङ्ग्यको ऐतिहासिक विकासक्रममा उप्रेती निरन्तर लागि परेका छन् ।

गङ्गाप्रसाद उप्रेतीका निबन्धमा धेरथोर अन्य अग्रजहरूको प्रभाव परे तापनि निजात्मकता नै यिनको मूलभूत विशेषता हो । उनले आफ्ना निबन्धमा विविध शैलीलाई आत्मसात गरेका छन् । हास्यव्यङ्ग्यका दृष्टिले उनका निबन्ध सरल भए पनि भावपक्ष भने जटिल किसिमको छ । उप्रेतीले आफ्ना निबन्धमा न्यून हास्य र तीव्र व्यङ्ग्यलाई प्रयोगमा ल्याएका छन् । उप्रेतीले यथार्थवादी, नीतिवादी र सुधारवादी जस्ता प्रवृत्तिलाई आत्मसात गर्दै सामाजिक, शैक्षिक, राजनैतिक, धार्मिक, प्रशासनिक आदि क्षेत्रमा देखापरेका विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै स्वस्थ समाजको निर्माणमा जोड दिएको पाइन्छ । हालसम्म हास्यव्यङ्ग्य निबन्ध लेखनमा सक्रिय रहेका उप्रेतीको निबन्धात्मक लेखन निरन्तर अगाडि बढेको छ । नेपाली हास्यव्यङ्ग्य परम्परालाई जगेर्ना उप्रेतीको हास्यव्यङ्ग्य साहित्यको इतिहासमा अतुलनीय योगदान रहेको छ ।

## ४.७ निष्कर्ष

नेपाली हास्यव्यङ्ग्य निबन्धमा कलम चलाउने निबन्धकारहरू मध्ये गङ्गाप्रसाद उप्रेती पनि एक हुन् । उनका निबन्धात्मक कृतिमा कुनै न कुनै रूपमा हास्यव्यङ्ग्यको अभिव्यक्ति पाइन्छ । उप्रेतीको 'युवा नैराश्य र पलायन प्रवृत्ति' (२०२५) शीर्षकको निबन्धमा केही हास्यव्यङ्ग्यको सङ्केत पाउन सकिन्छ । उप्रेतीका हालसम्म प्राप्त फुटकर निबन्ध र पुस्तकाकार निबन्धात्मक कृतिका आधारमा उनको हास्यव्यङ्ग्य यात्रालाई २ चरणमा विभाजन गरेर हेर्न सकिन्छ । पहिलो चरण (वि.सं. २०२५-२०४२) र दोस्रो चरण (वि.सं. २०४४- हालसम्म) । यी दुई चरणमध्ये पहिलो चरणका निबन्धमा हास्यव्यङ्ग्यको झिनो सङ्केत पाइन्छ । त्यसैगरी दोस्रो चरणका निबन्धमा हास्यव्यङ्ग्यको वेजोड प्रस्तुति पाउन सकिन्छ । उप्रेतीका यात्रा संस्मरणात्मक निबन्धमा न्यून हास्य र तीव्र व्यङ्ग्य पाइन्छ भने निजात्मक निबन्धमा हास्य र व्यङ्ग्यको प्रयोग सशक्त रूपमा गरिएको छ । उप्रेतीले आफ्ना निबन्धहरूमा सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, राजनैतिक, प्रशासनिक आदि क्षेत्रमा देखापर्ने विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरेका छन् । उनका निबन्धमा जटिल किसिमको विषयवस्तुलाई सरल भाषाशैली मार्फत अभिव्यक्त गरिएको छ । हास्यव्यङ्ग्यको मूलधर्म समाजका दुषित विचारहरूलाई बढारेर स्वस्थ समाजको निर्माण गर्नु हो । यस्तो सिद्धान्तलाई उप्रेतीले पूर्ण रूपमा आत्मसात गरेका छन् । उनका निबन्धमा हास्यलाई व्यङ्ग्यले जितेको हुन्छ । उप्रेतीका समकालीन हास्यव्यङ्ग्य निबन्धकारहरूमा राजेन्द्र सुवेदी, मोहनराज शर्मा, घनश्याम कँडेल, गोविन्द भट्ट, यादव खरेल, विमल निभा इत्यादि पर्दछन् । यिनीहरूका निबन्धमा विद्यमान समाजका विसङ्गतिले निम्त्याएका विकृतिहरू प्रति व्यङ्ग्य प्रहार गर्दै स्वस्थ समाज निर्माणको लागि आग्रह गरिएको छ । उप्रेतीले पनि यही परम्परालाई आत्मसात गरेका छन् । हालसम्म हास्यव्यङ्ग्य निबन्ध लेखनमा सक्रिय रहेका उप्रेतीको निबन्धात्मक लेखन निरन्तर अगाडि बढेको छ । नेपाली हास्यव्यङ्ग्य परम्परालाई जर्गेना गर्ने उप्रेतीको हास्यव्यङ्ग्य साहित्यको इतिहासमा अतुलनीय योगदान रहेको छ ।

# पाँचौं परिच्छेद

# गङ्गाप्रसाद उप्रेतीका निबन्धात्मक प्रवृत्तिहरूको अध्ययन

गङ्गाप्रसाद उप्रेती सामान्य र बौद्धिक दुवै खालका निबन्ध लेख्ने निबन्धकार हुन् तापनि उनका निबन्धमा प्रायः बौद्धिकताको मात्रा बढी पाइन्छ । सरलभन्दा सरल विषयवस्तु उठाएर पनि त्यसमा गहिरिएर विचार-विमर्श गर्न सक्ने उप्रेती नेपाली साहित्यका सफल हास्यव्यङ्ग्य निबन्धकार हुन् । चार दशकभन्दा अघिदेखि निबन्ध लेखनमा सक्रिय रहेका उप्रेतीका ३ वटा निबन्ध सङ्ग्रह छन् । जसमध्ये २ वटा यात्रा संस्मरण र एउटा निजात्मक निबन्ध सङ्ग्रह हुन् । उनका यिनै कृतिहरूका सापेक्षतामा निबन्धात्मक प्रवृत्तिहरू छुट्याउन सकिन्छ । उप्रेतीले समाजका विविध क्षेत्रमा देखिने विकृतिका उपर कलम चलाएका छन् । यिनले हरेक क्षेत्रमा देखिने विकृति र विसङ्गतिको चुरो पत्ता लगाएर त्यस विरुद्ध हाँसो उमार्दै व्यङ्ग्य प्रहार गरेका छन् । यो उनको महत्वपूर्ण निबन्धात्मक प्रवृत्ति हो । उप्रेतीका निबन्धात्मक कृतिको अध्ययन गर्दा निम्न प्रकारका प्रवृत्तिहरू पाउन सकिन्छ ।

## ५.१ समसामयिक यथार्थको प्रकटीकरण

उप्रेतीका निबन्धात्मक कृतिको अध्ययन गर्दा ती निबन्धहरूमा समसामयिक यथार्थलाई कुनै न कुनै रूपमा प्रकटीकरण गरेको पाइन्छ । 'स्मृतिको छालमा इटाली', 'तिब्बतमा दश दिन' नियात्रा सङ्ग्रहमा तिब्बत र इटालीको धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक अवस्थालाई जस्ताको तस्तै उतार्न सफल भएका छन् । त्यसैगरी 'नामको खोल' निबन्ध सङ्ग्रहका निबन्धहरूमा पनि वर्तमान युगका सामाजिक, शैक्षिक, राजनैतिक, धार्मिक क्षेत्रमा देखा परेका विकृति विसङ्गतिलाई जस्ताको तस्तै प्रकट गरेका छन् । तसर्थ गङ्गाप्रसाद उप्रेतीको निबन्धात्मक प्रवृत्तिका रूपमा समसामयिक यथार्थको प्रकटीकरणलाई लिन सकिन्छ ।

## ५.२ निजात्मकता

निजात्मकता भन्नाले आत्मपरकता तथा व्यक्तिनिष्ठतालाई जनाउँछ । उप्रेतीले आफ्ना सबै खालका निबन्धमा निजात्मकताको प्रयोग गरेका छन् । उनका 'तिब्बतमा दश दिन', 'स्मृतिको छालमा इटाली' जस्ता यात्रा संस्मरणमा आफूले यात्रा गर्दा देखे भोगेका अनुभवहरूलाई निबन्धमा जस्ताको तस्तै प्रस्तुत गरेका छन् । 'नामको खोल' निबन्ध सङ्ग्रहका निबन्धहरूमा पनि निजात्मकताको प्रचुरता पाइन्छ । तसर्थ निजात्कता उप्रेतीको महत्वपूर्ण निबन्धात्मक प्रवृत्ति हो ।

## ५.३ सामाजिक विकृतिमाथि व्यङ्ग्य

उप्रेतीले आफ्ना निबन्धहरूमा सामाजिक विकृतिमाथि व्यङ्ग्य गरेको पाइन्छ । समाजको संरचना र सभ्यताको विकाससँगै त्यसमा देखा पर्ने विकृतिजन्य कुराहरूलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् । 'लाहुरे दाइको रेलिमाइ', 'तेरा कुरा इस', 'ऐनाको आकार र प्रतिबिम्बको आकृति', 'लेखक बन्ने रहरमा', 'हामी सबै रत्नाकरहरू' जस्ता निबन्धमा हाम्रो समाजमा बढ्दै गएका हत्या, हिंसा, चाकरी, चाप्लुसी, अन्धविश्वास, अविश्वास, अर्थहीन कुराको पछाडि लाग्ने मनोवृत्ति भएका मानिसका कारण आज हाम्रो सामाजिक संस्कारमा जघन्य अपराध गरिएको छ भन्दै निबन्धकारले सामाजिक विकृतिमाथि व्यङ्ग्य गरेका छन् । सामाजिक विकृतिमाथि व्यङ्ग्य गर्नु उप्रेतीको महत्वपूर्ण निबन्धात्मक प्रवृत्ति हो ।

## ५.४ राजनैतिक विकृतिमाथि व्यङ्ग्य

उप्रेतीले आफ्ना निबन्धहरूमा राजनैतिक विकृतिहरू माथि व्यङ्ग्य प्रहार गरेका छन् । देशको सेवामा निरन्तर लाग्ने झुठो आश्वासन लिएर जनताबाट निर्वाचित हाम्रा नेताहरू सत्तामा पुगेपछि उल्टै जनतालाई सताउने, राष्ट्रलाई गम्भीर खतरामा पार्ने काम गर्छन् । उनीहरू जसरी हुन्छ 'कमाउ र मोज गर को' विचारलाई अगाडि ल्याउँछन् । नेताहरू देश र जनताको सेवाभन्दा सत्ता टिकाउने, पद, पैसा र प्रतिष्ठाको निम्ति लड्दैछन् । आफ्नो समय अनुकूल बनाउनतर्फ लम्कने आजका सम्पूर्ण चैते नेताहरूप्रति निबन्धकारले तीव्र व्यङ्ग्य गरेका छन् । राजनैतिक विकृतिप्रतिको व्यङ्ग्य 'तेरा कुरा इस', 'बरालिने रोग' र 'गोविन्दको सपना' जस्ता निबन्धहरूमा गरिएको छ ।

## ५.५ धार्मिक विकृतिमाथि व्यङ्ग्य

उप्रेतीले आफ्ना निबन्धहरूमा धार्मिक विकृतिप्रति व्यङ्ग्य गरेका छन् । आज धर्मको नाममा हत्या, हिंसा, चोरी, डकैती जस्ता कार्यहरू भइरहेको पाइन्छ । धार्मिक मठ मन्दिरमा पूजा गर्न बसेका पुजारीले व्यक्त गरेका धर्म, कर्म र ज्ञानप्रति आजका भक्तमा कुनै विश्वास छैन । पूजा गर्न बसेका पुजारीहरूको धन सम्पत्ति आफ्नो पोल्टामा पार्न व्यस्त छन् भन्दै धर्मका नाममा हुने सम्पूर्ण विकृतिप्रति निबन्धकार उप्रेतीले व्यङ्ग्य गरेका छन् । धार्मिक विकृतिप्रति व्यङ्ग्य गरिएको निबन्ध 'तेरा कुरा इस' हो । तसर्थ उप्रेतीका निबन्धमा धार्मिक विकृतिमाथि व्यङ्ग्य गर्दै सुधारात्मक सन्देश दिइएको छ ।

## ५.६ शैक्षिक विकृतिमाथि व्यङ्ग्य

उप्रेतीले आफ्ना निबन्धहरूमा शैक्षिक विकृतिप्रति तीव्र व्यङ्ग्य गरेका छन् । आज शिक्षा क्षेत्रलाई आन्दोलन गर्ने मूल क्षेत्रका रूपमा लिइँदैछ । शिक्षक र विद्यार्थी बीच विश्वास, मान, मर्यादा जस्ता कुराहरू हराउँदै गएका छन् । शिक्षालाई गुणात्मक नभई सर्टिफिकेटमुखी बनाइँदै छ, शिक्षालाई व्यापारीकरण गरिदैछ, शैक्षिक वेरोजगारी बढ्दै छ भन्दै निबन्धकार उप्रेतीले आफ्ना निबन्धमा शैक्षिक विकृतिप्रति व्यङ्ग्य गरेका छन् । यस्तो विकृतिको प्रयोग गरी लेखिएका निबन्धहरूमा 'तेरा कुरा इस', 'बरालिने रोग' आदि हुन् । शैक्षिक विकृतिप्रतिको व्यङ्ग्य उप्रेतीको महत्वपूर्ण निबन्धात्मक प्रवृत्ति हो ।

## ५.७ सांस्कृतिक विकृतिमाथि व्यङ्ग्य

उप्रेतीले आफ्ना निबन्धहरूमा सांस्कृतिक विकृतिहरू माथि व्यङ्ग्य गरेका छन् । देशलाई छुट्टै पहिचान दिन सफल कला, संस्कृतिमा पनि विकृति विसङ्गतिहरू देखिन थालेको पाइन्छ । देशको कला, संस्कृतिलाई कलाकारहरूले व्यवसायीकरण गर्दैछन् । कलाकारिताको क्षेत्रमा पनि राजनीतिको गन्ध आउन थालेको छ । कला संस्कृतिमा मौलिकता हराउँदै गएको छ । कलाकारहरूमा पनि व्यवसायिकीकरणका कारण आपसी फुटको अवस्था सिर्जना भएको छ भन्दै त्यस्ता विकृतिप्रति व्यङ्ग्य गर्दै देशको कला संस्कृतिलाई फुटेर होइन जुटेर जोगाउनु पर्छ भन्ने सन्देश दिइएको छ । सांस्कृतिक विकृतिमाथि व्यङ्ग्य उप्रेतीको 'विचरा रामेश र मञ्जुलहरू' शीर्षकको निबन्धमा पाइन्छ । तसर्थ सांस्कृतिक विकृतिमाथिको व्यङ्ग्य उप्रेतीको महत्वपूर्ण निबन्धात्मक प्रवृत्ति हो ।

## ५.८ चेतनामूलक अभिव्यक्ति

उप्रेतीका निबन्धमा यथार्थको प्रकटीकरण, विभिन्न निकायमा देखापर्ने विकृतिप्रतिको व्यङ्ग्य मात्र नभई उनका निबन्धमा चेतनामूलक सन्देश पनि पाउन सकिन्छ । उनले आफ्ना निबन्धमा साना व्यक्तिले ठूलाको मान-सम्मान गर्नुपर्छ, जीवनमा आवश्यक पर्ने वस्तुको उपयोग गर्नुपर्छ, अर्काको ईर्ष्या होइन परिश्रम गर्न सिक्नुपर्छ, हत्या, हिंसा, आतंक होइन शान्त, संयम् बन्न सिक्नुपर्छ, सहयोगी भावनाको विकास गर्नुपर्छ, सत्य-तथ्य कुराको पछि लाग्नुपर्छ, ठूलो होइन असल बन्न सिक्नुपर्छ जस्ता चेतनामूलक अभिव्यक्ति उप्रेतीका निबन्धात्मक कृतिमा पाइन्छ । यस्तो चेतनामूलक अभिव्यक्तिले ओतप्रोत भएका निबन्धहरू 'तेरा कुरा इस', 'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ', 'लेखक बन्ने रहरमा' इत्यादि हुन् ।

## ५.९ शैलीगत विविधता

शैलीगत विविधता पनि उप्रेतीको निबन्धात्मक प्रवृत्ति हो । उप्रेतीका निबन्धात्मक कृतिको अध्ययन गर्दा त्यहाँ शैलीगत विविधता पाउन सकिन्छ। उनका निबन्धमा विवरणात्मक, वैचारिक तथा भावात्मक अभिव्यक्तिको प्रधानता रहेको । भावात्मक शैलीको प्रयोग गरिएका निबन्धमा 'ऐनाको आकार र प्रतिबिम्बको आकृति', 'युवा नैराश्य र पलायन प्रवृत्ति' हुन् । त्यसैगरी विचारात्मक निबन्धमा 'लेखक बन्ने रहरमा', 'हीरा मेरो साथी', 'अखबारको सिरानीमा माउसुली' इत्यादि हुन् । त्यस्तै 'बरालिने रोग', 'विचरा रामेश र मञ्जुलहरू' जस्ता निबन्धमा विवरणात्मक शैलीको प्रयोग गरिएको छ । तसर्थ उप्रेतीका निबन्धमा शैलीगत विविधता पाइन्छ।

## ५.१० भाषिक सरलता

भाषिक सरलता गङ्गाप्रसाद उप्रेतीको एउटा निबन्धात्मक प्रवृत्ति हो। उनले आफ्ना निबन्धमा सरल, सहज तथा सुबोध्य किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग प्रसङ्ग अनुसार गरेको पाइन्छ । उप्रेतीले आफ्ना निबन्धमा नेपाली जनजिब्रोमा प्रचलित झर्रा नेपाली शब्दको प्रयोग प्रचुर मात्रामा गरेका छन् । त्यसैगरी आवश्यकता अनुसार तत्सम तथा आगन्तुक शब्दको प्रयोग उनले आफ्ना निबन्धमा गरेको देखिन्छ । विषयवस्तुको प्रस्तुतिलाई प्रभावकारी बनाउन नेपाली जनजिब्रोमा प्रचलित उखानटुक्काको प्रयोग गरेको पाइन्छ। उप्रेतीका निबन्ध आयामका दृष्टिले मझौला किसिमका देखिन्छन्। उनका निबन्धको भाव पक्ष केही जटिल भए पनि विषयवस्तुको प्रस्तुति सरल भाषाका माध्यमबाट गरिएको छ। तसर्थ भाषिक सरलता उप्रेतीको महत्वपूर्ण निबन्धात्मक प्रवृत्ति हो।

नेपाली साहित्यको निबन्ध विधाका एक चर्चित हस्तीका रूपमा गङ्गाप्रसाद उप्रेतीलाई लिन सकिन्छ। उनले 'नेपाली भाषा हाम्रा समस्या र समाधान' (२०२२) शीर्षकको निबन्ध लेखेर नेपाली निबन्ध साहित्यमा प्रवेश गरेका हुन् । उप्रेतीका हालसम्म प्राप्त फुटकर तथा पुस्तकाकार निबन्धात्मक कृतिको अध्ययन गर्दा हास्यभन्दा व्यङ्ग्यको प्रधानता पाइन्छ। उनका ती निबन्धात्मक कृतिको अध्ययन गर्दा विभिन्न किसिमका निबन्धात्मक प्रवृत्तिहरू प्राप्त गर्न सकिन्छ । ती हुन् समसामयिक यथार्थको प्रकटीकरण, निजात्मकता, सामाजिक विकृतिमाथि व्यङ्ग्य, धार्मिक विकृतिप्रति व्यङ्ग्य, शैक्षिक विकृतिप्रति व्यङ्ग्य, राजनैतिक विकृतिप्रति

व्यङ्ग्य, चेतनामूलक अभिव्यक्ति, शैलीमा विविधता र भाषिक सरलता गङ्गाप्रसाद उप्रेतीका निबन्धात्मक प्रवृत्तिहरू हुन् ।

# छैटौँ परिच्छेद

# उपसंहार

गङ्गाप्रसाद उप्रेती नेपाली साहित्यको हास्यव्यङ्ग्य परम्पराको एक चर्चित नाम हो । उनको जन्म वि.सं. २००४ सालमा तेह्रथुम जिल्लाको आठराई इवामा भएको पाइन्छ । उनी प्राध्यापक, सम्पादक, समालोचक, राजनैतिक र निबन्धकार व्यक्तित्व हुन् । उप्रेतीले नेपाली साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् । उप्रेतीलाई नेपाली साहित्यको निबन्ध विधाका एक चर्चित निबन्धकारका रूपमा चिन्न सकिन्छ । उनले 'नेपाली भाषा हाम्रा समस्या र समाधान' (२०२२) शीर्षकको निबन्ध लेखेर नेपाली निबन्ध विधामा प्रवेश गरेका हुन् । उनको पहिलो हास्यव्यङ्ग्य निबन्ध 'युवा नैराश्य र पलायन प्रवृत्ति' (२०२५) हो । उनका हालसम्म प्रकाशित पुस्तकाकार निबन्धात्मक कृतिहरूमा 'स्मृतिका छालमा इटाली', 'तिब्बतमा दश दिन' र 'नामको खोल' निबन्ध सङ्ग्रह हुन् । यी निबन्धहरूमा हास्यव्यङ्ग्यको प्रयोग सशक्त रूपमा गरिएको छ ।

"गङ्गाप्रसाद उप्रेतीका निबन्धमा हास्यव्यङ्ग्य" शीर्षकको यस शोधपत्रलाई जम्मा छ परिच्छेदमा संरचित गरिएको छ । प्रस्तुत शोधपत्रमा एउटा वैज्ञानिक शोधपत्रमा रहनुपर्ने आवश्यक अङ्गहरू समाविष्ट गरिएको छ । शोधपत्रको पहिलो परिच्छेदमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधपत्रको सीमाङ्कन, शोधविधि, अध्ययन तथा विश्लेषण विधि र शोधपत्रको रूपरेखा इत्यादिलाई यस शोधपत्रको पहिलो परिच्छेदमा समावेश गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा हास्यव्यङ्ग्य सिद्धान्तको बारेमा चर्चा गरिएको छ । हास्य र व्यङ्ग्यसम्बन्धी पूर्वीय पाश्चात्य तथा नेपाली मान्यताको अध्ययन गर्दा हास्य र व्यङ्ग्यको समष्टि रूपलाई हास्यव्यङ्ग्यका रूपमा लिन सकिन्छ । हास्यको उद्देश्य मनोरञ्जन दिनु हो भने व्यङ्ग्यको उद्देश्य विकृति विसङ्गतिप्रति चोटिलो छेडपेच हान्दै सामाजिक सुधारको अपेक्षा राख्नु हो । जब यी दुवैको उपस्थितिमा कुनै अभिव्यक्ति अगाडि आउँछ तब त्यसमा पाठकलाई हसाउँदै आलम्बनप्रति तीव्र व्यङ्ग्य गर्ने क्षमता रहन्छ । तसर्थ हास्य र व्यङ्ग्य 'एउटा सिक्काका दुई पाटा' हुन् । यी दुईमध्ये एकको अभावमा अर्को बाँच्दैन । त्यसैले कुनै पनि साहित्यिक रचनालाई उत्कृष्ट बनाउनका लागि हास्य र व्यङ्ग्यको समन्वय हुनु आवश्यक छ ।

तेस्रो परिच्छेदमा नेपाली हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि र विकास प्रक्रियाको बारेमा अध्ययन गरिएको छ । नेपाली हास्यव्यङ्ग्य निबन्ध लेखन प्रारम्भदेखि गरिए तापनि यसको क्षेत्र विस्तार वि.सं. १९९२ सालको **शारदा** पत्रिकाको प्रकाशनसँग हुन्छ । नेपाली साहित्यमा हास्यव्यङ्ग्य निबन्धले अहिलेसम्म आफ्नो छुट्टै पहिचान बनाइसकेको छ । यसले सुरुदेखि नै समाज, देश विदेशदेखि लिएर मानव जीवनका कतिपय विकृति विसङ्गतिलाई समेत हास्यात्मक अवस्थाबाट व्यङ्ग्य प्रहार गर्दै आइरहेको छ । राजनैतिक विकृति विसङ्गतिका पाटाहरू, सामाजिक वेथितिका दुर्गन्धहरू, धार्मिक आडम्बरका कुचकहरू, जातीय विभेदका साङ्गलाहरू, शोषित र शोषकबीचको असमाञ्जस्यपूर्ण परिस्थिति इत्यादि पक्षमा आक्रोस व्यक्त गरेका छन् । २०४६ पछिका नेपाली हास्यव्यङ्ग्यमा निबन्धहरूले समसामयिक विसङ्गति विकृतिप्रति कडा व्यङ्ग्य गरेको पाइन्छ । प्रजातन्त्रका नाममा भएको राजनीतिको दुरूपयोग, ह्रासोन्मुख शिक्षानीति तथा शिक्षामा हुने व्यापारीकरण, धार्मिक अन्धताबाट सिर्जित सामाजिक संस्कार, संकटकालीन समयको सङ्कट, मनपरितन्त्र, बालशोषण, अस्वस्थ न्याय प्रणाली, अप्रभावकारी मानव अधिकार आदि विषयलाई आत्मसात गर्दै निबन्धकारहरूले आफ्ना निबन्धमा सुधारात्मक व्यङ्ग्य गरेका छन् ।

चौथो परिच्छेदमा गङ्गाप्रसाद उप्रेतीको हास्यव्यङ्ग्य यात्रा र उनका निबन्धात्मक कृतिमा हास्यव्यङ्ग्यको अध्ययन गरिएको छ । उप्रेतीको हास्यव्यङ्ग्य यात्राको पहिलो चरणका निबन्धमा हास्यव्यङ्ग्यको झिनो सङ्केत पाइन्छ भने दोस्रो चरणका निबन्धात्मक कृतिमा हास्यव्यङ्ग्यको प्रयोग सशक्त रूपमा भएको छ । उप्रेतीले आफ्ना निबन्धमा सामाजिक, शैक्षिक, धार्मिक, राजनैतिक, आर्थिक, सांस्कृतिक र बालशोषण आदिलाई विषयवस्तु बनाएका छन् । यी क्षेत्रमा देखापर्ने विकृति विसङ्गतिलाई तीव्र रूपमा व्यङ्ग्य प्रहार गर्दै सुधारको अपेक्षा गरेका छन् । उनले आफ्ना निबन्धहरूमा जटिल किसिमको विषयवस्तुलाई सरल भाषाशैली मार्फत व्यक्त गरेका छन् । उनका निबन्धात्मक कृतिमा शैलीगत विविधता र भाषिक सरलता पाइन्छ । विषयवस्तुको प्रस्तुतिलाई प्रभावकारी बनाउन प्रसङ्ग अनुसार उखानटुक्का, प्रश्नार्थक चिह्न र विस्मयादिबोधक चिह्न आदिको प्रयोग गरेका छन् । हास्यव्यङ्ग्यको मूलधर्म भनेको समाजका दुषित विचारहरू बढारेर स्वस्थ समाजको निर्माण गर्नु हो । हास्यव्यङ्ग्यकार उप्रेतीले यस सिद्धान्तलाई पूर्ण रूपमा आत्मसात गरेका छन् । उप्रेतीले आफ्ना निबन्धहरूमा हास्यात्मक विषयलाई अगाडि सार्दै चाटिलो व्यङ्ग्य प्रहार गरेका छन् । उप्रेतीका 'तेरा कुरा इस', 'लाहुरे दाइको रेलिमाइ - रेलिमाइ' र 'अखबारको सिरानीमा माउसुली' जस्ता निबन्धमा

हास्य र व्यङ्ग्यको सन्तुलित प्रयोग पाइन्छ भने अन्य निबन्धहरूमा न्यून हास्य र तीव्र व्यङ्ग्य पाइन्छ । उनका पुस्तकाकार निबन्धात्मक कृतिको अध्ययन गर्दा हास्यलाई व्यङ्ग्यले जितेको पाइन्छ ।

पाँचौं परिच्छेदमा गङ्गाप्रसाद उप्रेतीका निबन्धात्मक प्रवृत्तिहरूको चर्चा गरिएको छ । उप्रेती सरलभन्दा सरल विषयवस्तु उठाएर पनि त्यसमा गहिरिएर विचार-विमर्श गर्न सक्ने सफल निबन्धकार हुन् । उनका निबन्धमा बौद्धिकताको मात्रा बढी पाइन्छ । उप्रेतीका हालसम्म प्राप्त ३ वटा पुस्तकाकार निबन्धात्मक कृति 'स्मृतिको छालमा इटाली', 'तिब्बतमा दश दिन' र 'नामको खोल' जस्ता निबन्धात्मक कृतिको अध्ययन गर्दा उनमा समसामयिक यथार्थको प्रकटीकरण, निजात्मकता, सामाजिक विकृतिमाथि व्यङ्ग्य, राजनैतिक विकृतिमाथि व्यङ्ग्य, शैक्षिक विकृतिमाथि व्यङ्ग्य, धार्मिक विकृतिमाथि व्यङ्ग्य, चेतनामूलक अभिव्यक्ति, शैलिगत विविधता र भाषिक सरलता जस्ता निबन्धात्मक प्रवृत्ति पाइन्छ ।

नेपाली हास्यव्यङ्ग्य परम्पराको चौथो चरणका एक चम्किला नक्षेत्रका रूपमा गङ्गाप्रसाद उप्रेतीलाई लिन सकिन्छ । उनका निबन्धात्मक कृतिमा कुनै न कुनै रूपमा हास्यव्यङ्ग्यको अभिव्यक्ति पाइन्छ । उप्रेतीले 'युवा नैराश्य र पलायन प्रवृत्ति' शीर्षकको निबन्ध लिएर हास्यव्यङ्ग्य यात्रामा अगाडि बढेका हुन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार निबन्धात्मक कृतिको अध्ययन गर्दा न्यून हास्य र तीव्र व्यङ्ग्यको प्रबलता पाइन्छ । उनले आफ्ना निबन्धमा सामाजिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक र बालशोषण जस्ता कुरालाई विषयवस्तु बनाई त्यसमा देखिने विकृति विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । उनले हास्यात्मक विषयवस्तुलाई अगाडि सार्दै त्यसबाट चोटिलो व्यङ्ग्य प्रहार गर्छन् । उखानटुक्काहरूको सटिक प्रयोगले उनका निबन्धको भाषाशैली व्यङ्ग्यात्मक रूपमा सरल र सम्प्रेष्य बनेको छ । उनका निबन्धात्मक कृतिको अध्ययन गर्दा समसामयिक यथार्थको प्रकटीकरण, व्यङ्ग्यको प्रबलता, भाषिक सरलता, शैलीगत विविधता र चेतनामूलक अभिव्यक्ति जस्ता प्रवृत्तिहरू पाउन सकिन्छ । उनले समाजमा देखा परेका दुषित विचारहरूलाई बढारेर स्वस्थ समाज निर्माणमा जोड दिएका छन् । उनका निबन्धात्मक कृतिमार्फत पाठकले समाजका विभिन्न तहमा देखिने विकृति विसङ्गतिप्रति जागृत भई स्वस्थ समाज निर्माण गर्न अग्रसर हुनुपर्ने चेतना पाएका छन् । हालसम्म हास्यव्यङ्ग्य निबन्ध लेखनमा सक्रिय रहेका उप्रेतीको निबन्धात्मक लेखन निरन्तर अगाडि बढेको छ । नेपाली हास्यव्यङ्ग्य परम्परालाई जर्गेना गर्ने उप्रेतीको हास्यव्यङ्ग्य इतिहासमा अतुलनीय योगदान रहेको छ ।

# सन्दर्भसामग्रीसूची

## (क) पुस्तक


उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, काठमाडौँ : साझा प्रकाशन, २०४८ ।

उप्रेती, गङ्गाप्रसाद, **स्मृतिका छालमा इटाली**, काठमाडौँ : प्रतिभा प्रकाशन, २०४४ ।

-------------, **दृष्टिकोणका विविध विसाउनी**, काठमाडौँ : प्रतिभा प्रकाशन, २०४६ ।

-------------, **व्यक्ति, कृति र प्रवृत्ति**, काठमाडौँ : प्रतिभा प्रकाशन, २०५८ ।

-------------, **तिब्बतमा दश दिन**, काठमाडौँ : चीन अध्ययन केन्द्र, २०६४ ।

-------------, **नामको खोल**, ललितपुर : साझा प्रकाशन, २०६४ ।

-------------, **भाषा र संस्कृति**, काठमाडौँ : मकालु प्रकाशन, २०६४ ।

चतुर्वेदी, वरसानेलाल, **हिन्दी साहित्य मे हास्यरस**, नयी दिल्ली : हिन्दी साहित्य संसार, सन् १९६३ ।

थापा, मोहन हिमांशु, **साहित्य परिचय**, ते.सं., काठमाडौँ : साझा प्रकाशन, २०४७ ।

भट्टराई, गोविन्दप्रसाद, **भारतको नाट्यशास्त्र**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३९ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, काठमाडौँ : लक्ष्मीप्रसाद प्रतिष्ठान, २०५७ ।

भाउपन्थी, (सम्पा.), **आधुनिक नेपाली हास्यव्यङ्ग्य**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६० ।

लमजेल, रविमान, **कोशी अञ्चलको साहित्यिक इतिहास**, काठमाडौँ : रत्नमाया दलित साहित्य समिति, २०५० ।

लुइँटेल, खगेन्द्रप्रसाद र देवीप्रसाद गौतम, **नेपाली निबन्ध**, काठमाडौँ : नवीन प्रकाशन, २०५४ ।

लुइँटेल, नरनाथ, **नेपाली हास्यव्यङ्ग्य**, काठमाडौँ : सिस्नोपानी नेपाल, २०५८ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय**, काठमाडौँ : रत्नपुस्तक भण्डार, २०५५ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, काठमाडौँ : अक्षर प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **शोधविधि**, ते.सं., काठमाडौँ : साझा प्रकाशन, २०६२ ।

सुवेदी, राजेन्द्र, **केही समीक्षण केही विश्लेषण**, काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

------------, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि**, ललितपुर : साझा प्रकाशन, २०५८ ।

सुवेदी, राजेन्द्र र हीरामणि शर्मा, **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, ललितपुर : साझा प्रकाशन, २०४७ ।


## (ख) पत्रपत्रिका

प्रधान, कृष्णचन्द्रसिंह, “नेपाली साहित्यमा हास्यव्यङ्ग्य प्राप्ति र पर्यवेक्षण”, **मधुपर्क**, (वर्ष ३०, अङ्क ४, २०६४), पृ. ५ ।

प्रधान, कृष्णचन्द्रसिंह, मोहनराज शर्मा, वासुदेव त्रिपाठी, “हास्यव्यङ्ग्य परिचर्चा”, **रचना**, (वर्ष १५, अङ्क ४, २०६५), पृ. ३९-४६ ।

प्रधान, प्रमोद, “नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहासदेखि वर्तमानसम्म”, **मधुपर्क**, (वर्ष ४०, अङ्क १, २०६४), पृ. ६ ।

भण्डारी, गणेश, “नेपाली हास्यव्यङ्गात्मक साहित्यको उठान”, **मधुपर्क**, (वर्ष २७, अङ्क ११, २०५१ चैत्र), पृ. ५६ ।

विष्णु प्रभात, “कला साहित्यमा हास्यव्यङ्ग्य शैली”, **मधुपर्क**, (वर्ष ३०, अङ्क ४,पूर्णाङ्क ३३९, २०५४ भाद्र), पृ. ७४ ।

## (ग) शोधपत्र

अधिकारी, ललितकुमार, **मोहनराज शर्माका हास्यव्यङ्ग्य निबन्धहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०६० ।

ओली, नवीन, **रामकुमार पाँडेका निबन्धमा हास्यव्यङ्ग्य**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०६१ ।

दाहाल, योगेन्द्रमणि, **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०६५ ।

भट्टराई, भरतकुमार, **हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०४४ ।

सुवेदी, रामकृष्ण, **गङ्गाप्रसाद उप्रेतीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०६२ ।